१२५ वर्षमा

राष्ट्रको गौरव

गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com



राष्ट्रिय संस्करण | विवेचना | अर्थतन्त्रमा सङ्कटभित्र अवसर | घट्यो कच्चा तेलको मूल्य २६

वर्ष १२५ | अङ्क ३२९ | २०८२ साल चैत २६ गते बिहीबार | वैशाख कृष्ण सप्तमी | नेपाल संवत् ११४६ चौलागा ७ | 2026 April 9 Thursday | पृष्ठ : १२+४+४+४+४ | मूल्य : दस रुपियाँ

सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिमा विश्वास



तस्विर : प्रम सचिवालय

प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालस्थित विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोग प्रमुखको शिष्टाचार भेटवार्ता ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालको सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिमा विश्वास राख्ने औँल्याउँदै अन्तर्राष्ट्रिय सहयोग र सद्भावको आशा सरकारले राखेको विश्वका कूटनीतिज्ञमाझ प्रस्ट पार्नुभएको छ। सो क्रममा उहाँले विश्वशान्तिको पक्षधर नेपाल रहेकाले सबैको साझा प्रयास शान्ति स्थापनामा हुनुपर्ने बताउनुभयो।

विभिन्न मुलुकका राजदूतसँग हुने एकल शिष्टाचार भेटलाई सद्भाव र सामूहिकतामा बदल्दै प्रधानमन्त्री शाहले बुधबार नेपालस्थित विभिन्न मुलुकका राजदूतसँग सामूहिक संवाद आयोजना गरी नेपालको आवश्यकता र आशाका बारेमा प्रस्ट पार्नुभएको हो। छिमेकी, मित्रराष्ट्र र विकास साझेदारसँग विश्वास, पारस्परिक सम्मान र साझा समृद्धिमा आधारित सम्बन्धलाई अझ प्रगाढ बनाउनु आजको आवश्यकता रहेको उहाँले उल्लेख गर्नुभएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

विश्वका विभिन्न स्थानमा युद्ध र द्वन्द्वको माहोलले विश्वशान्ति खलबलिएको स्मरण गर्दै प्रधानमन्त्री शाहले छलफलका क्रममा शान्ति र सद्भाव सबैको साझा प्राथमिकता हुनुपर्नेमा जोड दिनुभयो। नेपाली श्रमिक तथा विदेशमा रहेका नेपाली समुदायको सुरक्षा र हित सरकारको उच्च प्राथमिकतामा रहेको छलफलका क्रममा अवगत गराउनुभयो। प्रधानमन्त्री शाहको नेतृत्वमा सरकार गठन भएपछि यसरी पहिलो पटक विदेशी कूटनीतिज्ञसँग पहिलो पटक सामूहिक संवादसहित छलफल गर्नुभएको हो। प्रधानमन्त्री शाहले सरकारले सुशासन, आर्थिक विकास र वैदेशिक सम्बन्धलाई सन्तुलित रूपमा अगाडि बढाउने प्रतिबद्धता कूटनीतिज्ञसमक्ष व्यक्त गर्नुभयो। उहाँले नेपालको विकास प्रयासमा अन्तर्राष्ट्रिय समुदायको सहयोग र सद्भाव निरन्तर रहने विश्वास प्रकट गर्नुभएको थियो।

परराष्ट्रमन्त्री शिशिर खनालसमेत उपस्थित रहनुभएको छलफलमा प्रधानमन्त्री शाहले मुलुकको पछिल्लो राजनीतिक अवस्था र सरकारका प्राथमिकताका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई अवगत गराउनुभएको थियो। परराष्ट्र मन्त्रालयका अनुसार सरकारको आगामी कार्यदिशा र प्राथमिकताका विषयमा जानकारी दिने उद्देश्यले यो बैठक आयोजना गरिएको थियो। छलफलका क्रममा सहभागी विभिन्न मुलुकका राजदूतले नयाँ सरकारको कार्ययोजना र प्राथमिकताका विषयमा चासो व्यक्त गर्नुभएको थियो। राजदूत एवं नियोग प्रमुखहरूले प्रधानमन्त्री शाहलाई बधाई दिँदै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। साथै राजदूतहरूले

» बाँकी पृष्ठ २ मा

कूटनीतिक आचारसंहितासम्बन्धी प्रशिक्षण

प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वको सरकारका सबै मन्त्रीलाई परराष्ट्र मन्त्रालयले कूटनीतिक आचारसंहितासम्बन्धी प्रस्तुति प्रदान गरेको छ। विगतमा कूटनीतिक व्यक्तित्वसँग जथाभाबी हुने भेट तथा भ्रमणका कारण कूटनीतिक मर्यादा तथा शिष्टाचार उल्लङ्घनका घटना दोहोरिन नदिने उद्देश्यसहित यस प्रकारको ज्ञान अनुशिक्षण प्रदान गरिएको हो।

परराष्ट्र मन्त्रालयले परराष्ट्र मामिला तथा कूटनीतिक आचारसंहिताका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बुधबार आयोजित प्रस्तुतीकरण कूटनीतिक मर्यादामा रहेर सम्बन्ध प्रगाढ बनाउने ज्ञान प्रदान गरेको हो। सबै मन्त्रीलाई परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले अन्तर्राष्ट्रिय परिवेश, नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय हितको प्रवर्धन, नेपालको समग्र परराष्ट्र नीतिबारे विस्तृत प्रस्तुति दिनुभएको थियो।

सचिव राईले परराष्ट्र नीति सञ्चालन गर्दा अपनाउनुपर्ने विधि, सीमाहरू र कूटनीतिक मर्यादाका सम्बन्धमा सूक्ष्म ढङ्गले जानकारी गराउनुभएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ। नेपालको परराष्ट्र नीतिका प्राथमिकता, सम्बन्धको सन्तुलन र कूटनीतिक आचारसंहिताका प्राविधिक पक्षलाई उहाँले विशेष जोड दिनुभएको थियो। साथै विदेशी पदाधिकारीसँग हुने भेटवार्ताका क्रममा पालना गर्नुपर्ने सामान्य शिष्टाचारदेखि कूटनीतिक आचारसंहिताका अनिवार्य पालनाका विषयमा समेत मन्त्रीहरूलाई अवगत गराइएको थियो।

अन्तर्राष्ट्रिय

अमेरिका र इरानबिच भोलि पाकिस्तानमा वार्ता हुने



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प



पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफ

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

अमेरिका र इरानबिच शुक्रबार पाकिस्तानको राजधानी इस्लामाबादमा वार्ता हुने भएको छ। पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले पश्चिम एसियामा युद्धविरामको घोषणापछि पाकिस्तानले अमेरिका र इरानका प्रतिनिधिमण्डललाई इस्लामाबादमा स्वागत गर्ने बताउनुभएको छ।

उहाँले दुवै देशको नेतृत्वप्रति कृतज्ञता व्यक्त गर्दै विवाद समाधानार्थ निर्णायक वार्ता गर्न आमन्त्रित गर्नुभएको छ। पछिल्लो समयमा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँग घनिष्ठ सम्बन्ध बनाउँदै छिमेकी इरानप्रति संवेदनशील रहेको पाकिस्तान अहिले तेहरान र वासिङ्टनबिच मध्यस्थकर्ताका रूपमा देखा परेको छ। प्रधानमन्त्री सरिफले 'इस्लामाबाद वार्ता' दिगो शान्ति प्राप्त गर्न सफल हुने विश्वास व्यक्त गर्नुभएको छ। तेहरान र वासिङ्टन दुवै राष्ट्रपति ट्रम्पको इरानलाई नष्ट गर्ने समयसीमा समाप्त हुनुभन्दा एक घण्टाअघि मात्र बुधबार बिहान दुई साताको युद्धविरामका लागि सहमति भएका हुन्। पाकिस्तानको मध्यस्थतामा अमेरिका/इजरायल र इरानबिचको ४० दिने युद्ध रोकएको हो।

इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि युद्ध सुरु भएको थियो। इजरायल र अमेरिकाले फेब्रुअरी २८ मा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीसहित ५० भन्दा बढी उच्च नेता र अधिकारीको हत्या गरेका थिए। त्यसलगत्तै तेहरानबाट प्रतिक्रियास्वरूप खाडी राष्ट्रहरू, अमेरिकी सैन्य अखडा र इजरायलमाथि जवाफी आक्रमण सुरु गरेको हो। इरान समर्थित समूह हेजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि द्वन्द्वमा तानिएको थियो।

सरिफले लेबनानसहितका क्षेत्रमा युद्धविराम लागु भएको बताउनुभएको छ। यद्यपि इजरायलले त्यस क्षेत्रमा हेजबुल्लाहविरुद्ध कारबाही गरिरहेको जनाउँदै यस क्षेत्रमा युद्धविराम लागु नभएको जिकिर गरेको छ। टर्की र इजिप्टले पनि हालैका दिनमा मध्यस्थता गर्न मद्दत गरिरहेका थिए भने चीनले इरानलाई वार्ताको टेबलमा ल्याउन मद्दत गरेको ट्रम्पलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ।

दुवैले विजयी भएको दाबी

युद्धविराममा सहमति जनाएपछि अमेरिका र इजरायल दुवैले आफूलाई विजयकर्ता घोषणा गरेका छन्। यस घटनापछि विश्वभरबाट आएका प्रतिक्रियाले पश्चिम एसियामा शान्ति र स्थिरता कायम राख्ने चुनौतीको गम्भीरतालाई उजागर गरेका छन्।

युद्धविरामको स्वागत

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले युद्धविरामको स्वागत गर्दै सबै पक्षलाई दीर्घकालीन शान्तिका लागि काम गर्न आह्वान गर्नुभएको छ। दक्षिण कोरियाले युद्धविरामको स्वागत गर्दै यसले हर्मुज जलमार्ग हुँदै आफ्ना सबै जहाज सुरक्षित मार्गमा ल्याउने विश्वास व्यक्त गरेको छ। अस्ट्रेलियाले युद्धको दीर्घकालीन असरको चेतावनी दिँदै युद्धविराम कायम राख्न र द्वन्द्व समाधानमा ध्यान दिनुपर्ने बताएको छ। न्युजिल्यान्डले युद्धविरामको स्वागत गरे पनि स्थायी शान्ति कायम गर्न अझै महत्त्वपूर्ण काम बाँकी रहेको बताएको छ। जापानले हर्मुज जलमार्गमाफर्त सुरक्षित नेभिगेसन सुनिश्चित गर्न ठोस कदम आवश्यक रहेको बताएको छ।

» बाँकी पृष्ठ २ मा

शासकीय स्वरूप र निर्वाचन प्रणाली संशोधन प्रस्ताव

गोरखापत्र समाचारदाता
ललितपुर, चैत २५ गते

सरकारले संविधान संशोधनका सन्दर्भमा राजनीतिक दलसँगको विमर्श आरम्भ गरेको छ। सरकारले गठन गरेको 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२' ले संविधान कार्यान्वयनको समीक्षा र संशोधनका अन्तरवस्तुका बारेमा छलफल प्रारम्भ गरेको हो।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार असीम शाहको संयोजकत्वमा गठित कार्यदलको पहिलो बैठक प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको छ। बैठकमा २०७२ मा जारी नेपालको संविधान कार्यान्वयनको एक दशकको समीक्षा र संशोधन गर्न आवश्यक देखिएका विषयबारे छलफल भयो। सरकारले चैत १६ गते गठन गरेको कार्यदलको बैठकमा शासकीय स्वरूप कस्तो हुने र निर्वाचन प्रणालीमा गर्नैपर्ने सुधारबारे छलफल सुरु भएको छ। बैठकमा यी दुवै विषयमा संशोधन गर्नुपर्ने प्रस्ताव

» बाँकी पृष्ठ २ मा

अग्रलेख

शान्ति र स्थायित्वका दुई सूचक



संघर्ष र तनाउको परिस्थितिले सिङ्गो विश्वलाई भयग्रस्त अवस्थामा पारेको छ। यसबाट उम्किन अझै केही समय लाग्ने छाँट देखिन्छ। स्पष्टै छ, अमेरिका र इजरायल दुवै इरानलाई ध्वस्त पार्ने नियोगबाट पछि हटेका छैनन्।

● **ध्रुवहरि अधिकारी**

» विचार पृष्ठ ४

ठेक्का तोडिएका आयोजना पुनः प्रक्रियामा

भउचप्रसाद यादव
काठमाडौँ, चैत २५ गते

ठेक्का तोडिएका आयोजनाको पुनः ठेक्का व्यवस्थापन गर्न आवश्यक प्रक्रिया सुरु गरिएको छ। पुनः ठेक्का व्यवस्थापन गर्न ठेक्का तोडिएका आयोजनामा अहिलेसम्म भएको काम, भएको खर्चको मूल्याङ्कन तथा नयाँ ठेक्का लगाउन स्रोत सुनिश्चितताको आवश्यक प्रक्रिया सुरु गरिएको हो।

त्यसै गरी ठेक्का तोडिएका निर्माण कम्पनीलाई सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइएको हो।

यसअघि तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री र जलस्रोत तथा ऊर्जामन्त्री एवं सहरी विकासमन्त्री कुलमान घिसिङको कार्यकालमा ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि मन्दै तीन वटै मन्त्रालय अन्तर्गतका दर्जनौँ ठेक्का तोडिएको थियो। त्यस बेला भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सडक विभाग अन्तर्गत ९० वटा, जलस्रोत तथा ऊर्जा मन्त्रालय अन्तर्गत २२ वटा र सहरी विकास मन्त्रालयको स्थानीय पूर्वाधार विकास विभाग (डोली) अन्तर्गत चार वटा ठेक्का तोडिएको थियो।

सडक विभागका सूचना अधिकारी शुभञ्जन दाहालले ठेक्का तोडिएका आयोजनाको पुनः ठेक्का व्यवस्थापन गर्न अर्थ मन्त्रालयबाट स्रोत सहमति लिनुपर्ने र स्रोत सहमति भइसकेपछि मात्र ठेक्का लगाउन बोलपत्र आह्वान गर्न सकिने बताउनुभयो। ठेक्का तोडिएका आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाउन पुनः सुरुदेखि नै ठेक्का व्यवस्थापनको काम सुरु गर्नुपर्ने र त्यसका लागि आवश्यक प्रक्रिया सुरु भइसकेको उहाँले जानकारी दिनुभयो। दाहालका अनुसार भौतिक तथा यातायात मन्त्रालय अन्तर्गत तीन अर्ब ५० करोड रुपियाँ बराबरको ठेक्का तोडिएको थियो। ठेक्का तोडिएका आयोजनाको तुरुन्तै ठेक्का लगाउन र तत्कालै निर्माण सुरु हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो। १० लाख रुपियाँभन्दा माथिको ठेक्का भएको अवस्थामा अनिवार्य रूपले बोलपत्र नै आह्वान गर्नुपर्ने भएकाले ठेक्का तोडिएका आयोजनाको तत्काल काम सुरु हुन नसक्ने उहाँको भनाइ थियो।



स्केच : एआई

दाहालले भन्नुभयो, "पुनः ठेक्का लगाउन ठेक्का तोडिएका निर्माण कम्पनीलाई कालो सूचीमा पार्ने प्रक्रिया, ठेक्का तोडिएका आयोजनाको अहिलेसम्म के कति काम भयो ? कति बाँकी छ ? त्यसको मूल्याङ्कनलगायतको काम गरी पुनः ठेक्का प्रक्रिया अगाडि बढिरहेको छ।" उहाँका अनुसार भौतिक तथा यातायात मन्त्रालय अन्तर्गत तीन अर्ब ५० करोड रुपियाँ बराबरको ठेक्का तोडिएको थियो। त्यसै गरी ऐनबमोजिम कार्यसम्पादन जमानतबापतको रकम जफत गरिने, बाँकी काम पूरा गर्न आवश्यक पर्ने रकम सरकारी

» बाँकी पृष्ठ २ मा

आयोजना अलपत्र छाड्दैनौँ : सिँचाइमन्त्री श्रेष्ठ

यसैबिच ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले अब मुलुकभित्रका सिँचाइका आयोजनालाई अलपत्र नछाडिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले सिक्टा, मेरी-बबई, रानी-जमरा-कुलरिया र सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजना जस्ता सिँचाइ आयोजना अब अलपत्र अवस्थामा नछाडिने स्पष्ट पार्नुभयो।

मन्त्री श्रेष्ठले सिँचाइका आयोजनामा देखिएका वास्तविक अवरोधबारे जानकारी दिन सम्बन्धित कर्मचारीलाई आग्रह गर्नुभयो। अवरोध भएका आयोजनाबारे जानकारी प्राप्त भएमा त्यसको समाधान गर्ने उहाँले स्पष्ट पार्नुभयो। उहाँले सिँचाइसम्बन्धी आयोजनामा देखिएका अवरोध अन्त्यका लागि अन्तरमन्त्रालय र निकायबिच समन्वय गर्न आवश्यकतासमेत औँल्याउनुभयो। ७३ औँ सिँचाइ दिवसका अवसरमा बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा उहाँले त्यस्तो बताउनुभएको हो। मन्त्री श्रेष्ठले अबको ९० दिनभित्र सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजना निर्माणका लागि पुनः बोलपत्र प्रक्रिया पूरा गरी ठेक्का व्यवस्थापन गरिने जानकारी दिनुभयो।

यसै गरी अबको दुई वर्षभित्र मेरी-बबई सिँचाइ आयोजनाको काम सम्पन्न गर्ने मन्त्रालयको लक्ष्य रहेको बताउँदै मन्त्री श्रेष्ठले गण्डक, नारायणी, बागमती, सुनसरी-मोरङ जस्ता ठुला सिँचाइ प्रणालीको

» बाँकी पृष्ठ २ मा

सञ्चारमन्त्रीसँग विश्व बैङ्कका प्रतिनिधिद्वारा भेट

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले विश्व बैङ्कका दक्षिण एसिया क्षेत्र अन्तर्गत (माल्दिभ्स, नेपाल र श्रीलङ्का) का निर्देशक डेभिड सिस्लेनसहितको उच्चस्तरीय प्रतिनिधिसँग भेटघाट गर्नुभएको छ। सञ्चारमन्त्रीसँग निर्देशक डेभिडको बुधबार सिंहदरबारमा शिष्टाचार भेटवार्ता सम्पन्न भएको हो।

भेटमा मन्त्री तिमिल्सिनाले विश्व बैङ्कको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै 'नेपाल : डिजिटल ट्रान्सफरमेसन प्रोजेक्ट' कार्यान्वयनमा तीव्रता दिइने बताउनुभयो। साथै नयाँ सरकार

» बाँकी पृष्ठ २ मा

उपसभामुख निर्वाचन भोलि

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

प्रतिनिधि सभाको उपसभामुख चयन चैत २७ गते शुक्रबार हुने भएको छ। उपसभामुख चयन प्रक्रियाको कार्यतालिका सङ्घीय संसद् सचिवालयले बुधबार नै प्रकाशन गरेको छ। प्रतिनिधि सभाका सचिव हर्कराज राईले प्रकाशित गर्नुभएको कार्यतालिका अनुसार उपसभामुख पदको मनोनयन चैत २६ गते हुने छ। एक मात्र मनोनयन दर्ता भएमा उपसभामुख चयन प्रक्रिया निर्विरोध हुने छ। एकभन्दा बढी उम्मेदवारी परेमा निर्वाचन प्रक्रियाबाट उपसभामुख चयनको प्रक्रिया पूरा हुने छ।

सभामुखमा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का डोलप्रसाद अर्याल निर्वाचित भइसक्नुभएको छ। संवैधानिक व्यवस्था अनुसार

» बाँकी पृष्ठ २ मा

राष्ट्रपतिले संसद्लाई सम्बोधन गर्नुहुने

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

राष्ट्रपति रामचन्द्र पौडेलले चैत २७ गते शुक्रबार सङ्घीय संसद्को दुवै सदनको बैठकलाई सम्बोधन गर्नुहुने छ। राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति पौडेलले शुक्रबार अपराह्न ३ बजे दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुने छ।

राष्ट्रपतिको कार्यालयका सचिव महादेव पन्थले नेपाल सरकार, मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले चैत २७ गते शुक्रबार दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गर्नुहुने र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्नुभएको छ। नेपालको संविधानको धारा ९५ ले राष्ट्रपतिले सङ्घीय संसद्को कुनै सदनको बैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्न सक्ने व्यवस्था गरेको छ।

संविधानको सोही धारामा राष्ट्रपतिले प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने उल्लेख छ। नेपाल सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले चैत १९ गतेका लागि सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुभयो। अधिवेशन आह्वान गर्नुभएको दोस्रो सातामा सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले सङ्घीय संसद्को बैठकलाई सम्बोधन गर्न लाग्नुभएको हो।

राष्ट्रपतिले चैत २७ गते सङ्घीय संसद्लाई सम्बोधन गर्दा विशिष्ट तथा अन्य अतिथिको उपस्थिति रहने छैन। सङ्घीय संसद् सचिवालयका अनुसार सिंहदरबारस्थित बहुउद्देश्यीय सभाकक्षमा राष्ट्रपतिले दुवै सदनको संयुक्त बैठकको सम्बोधन गर्नुहुने छ।

राष्ट्रपतिले संसद्मा सम्बोधन गर्दा विदेशी कूटनीतिक नियोगका प्रमुख, संवैधानिक निकायका प्रमुख, सुरक्षा निकायका प्रमुखलगायतको अतिथिका रूपमा उपस्थिति रहँदै आएको छ। सचिवालयका प्रवक्तासमेत रहनुभएका सहसचिव एकराम गिरीले सभाकक्षमा प्रतिनिधि सभा र राष्ट्रिय सभाका गरी करिब ३३५ वटा आसनको व्यवस्थापन गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "संयुक्त बैठक बस्ने गरी अन्य कुनै स्थान तयारी अवस्थामा छैन। सभाकक्षमै व्यवस्थापन गर्नुपर्ने भयो। विशिष्ट तथा अन्य अतिथिका लागि स्थान अभाव हुन्छ। अहिलेसम्म अतिथिलाई आमन्त्रण गर्ने सम्भावना न्यून छ।"



तस्बिर : रासस
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनासँग नेपालका लागि विश्व बैङ्कका देशीय निर्देशक डेभिड सिस्लेन नेतृत्वको प्रतिनिधिमण्डलले गरेको शिष्टाचार भेट।

देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र उहाँकी पत्नी पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवाविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा जिल्ला अदालत काठमाडौँबाट पक्राउ पुर्जी जारी भएको छ।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा काठमाडौँको बुढानीलकण्ठस्थित देउवा निवासबाट विदेशी मुद्रा र नेपाली रुपियाँ जलेको अवस्थामा फेला परेको थियो। उक्त जलेको रकम र त्यसको स्रोतबारे सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले नमुनाहरू सङ्कलन गरी अनुसन्धान सुरु गरेको थियो।

उच्च स्रोतका अनुसार सोही प्रकरणको अनुसन्धानका क्रममा देउवा दम्पतीविरुद्ध सम्पत्ति शुद्धीकरण विभागले अदालतबाट पक्राउ अनुमति लिएको हो। देउवा दम्पती हाल मुलुकबाहिर रहेकाले पक्राउका लागि नेपाल प्रहरीको अन्तर्राष्ट्रिय अपराध प्रहरी सङ्गठन (इन्टरपोल) मार्फत रेडकर्नर नोटिस जारी गर्ने तयारी छ।

गोरखापत्रसँग कुराकानी गर्दै उच्च स्रोतले भन्यो, "पक्राउ पुर्जी जारी भई प्रहरी प्रधान कार्यालयमा आवश्यक कारबाहीका लागि पत्राचार भइसकेको छ। अब जुनसुकै देशमा रहेको भए पनि नेपाल ल्याउनका लागि इन्टरपोलमार्फत नोटिस जारी हुन्छ।" गृह मन्त्रालय स्रोतले पनि देउवा दम्पतीविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा पक्राउ पुर्जी जारी भएको पुष्टि गरेको छ। गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीले निवास आगजनी तथा तोडफोड गरी ध्वस्त पारेका थिए।

सोही क्रममा देउवा दम्पतीमाथि साङ्घातिक आक्रमण गरी दुवै जनालाई गम्भीर घाइते बनाइएको थियो। पूर्वविशिष्ट व्यक्तिको सुरक्षार्थ तैनाथ सुरक्षाकर्मीले देउवा दम्पतीलाई निवासबाट उद्धार गरी उपचारका लागि सैनिक अस्पताल छाउनी पुऱ्याएका थिए।

नेपालमा उपचारपछि दुवै जना थप उपचार र चेकजाँचका लागि भनी सिङ्गापुर गई लामो उपचारपछि स्वदेश फर्किनुभएको थियो। गत फागुन दोस्रो हप्ता फलोअप उपचार गर्ने भनी शेरबहादुर देउवा सिङ्गापुर जानुभएको थियो। देउवापत्नी डा. आरजु राणा पनि केही समय भारतमा बसेर उतैबाट सिङ्गापुर पुग्नुभएको थियो। त्यसपछि उहाँहरू नेपाल फर्किनुभएको छैन।

आरोपित रहेको देश पहिचान भएमा उक्त देशमा रहेको राष्ट्रिय केन्द्रीय ब्युरो (एनसिबी) लाई सिधै पत्राचार गरी इन्टरपोललाई बुझाउन लगाइन्छ। जेनजी आन्दोलनका क्रममा पूर्वमन्त्री तथा नेपाली कांग्रेसका नेता दीपक खड्काको घरबाट पनि ठूलो परिमाणमा नगद फेला पारी प्रदर्शनकारीले उडाएको भिडियो सार्वजनिक भएको थियो।

उक्त रकमको पनि नमुना सङ्कलन गरी पहिलो चरणको अनुसन्धानपश्चात् सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले खड्कालाई पक्राउ गरी अनुसन्धान जारी राखेको छ। खड्का पक्राउलगत्तै गृहमन्त्री सुधन गुरुङले सामाजिक सञ्जालमार्फत भदौ २४ को आन्दोलनका क्रममा बरामद रकमको स्रोतबारे अनुसन्धान सुरु भएको बताउनुभएको थियो।

देउवाको प्रस्टीकरण

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति देउवाले आफू र आफ्नो परिवारको सम्पत्तिबारे भ्रामक र झुटा प्रचारबाजी भएको दाबी गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमार्फत प्रस्टीकरण दिँदै शुद्धीकरणसम्बन्धी अनुसन्धान सुरु गरिएको भन्ने जानकारी सञ्चार माध्यमबाट थाहा पाएको र भ्रममा नपर्न आग्रह गर्नुभएको हो।

उहाँले नेपालको कानुन अनुसार सार्वजनिक पदमा रहँदा सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको बताउनुभएको छ। उहाँले भन्नुभएको छ, "देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायपालिका, पारदर्शितासँगै राज्यका अङ्ग स्वतन्त्र र सक्षम हुनु पर्छ भन्ने मान्यताका लागि मैले सिङ्गो जीवन सङ्घर्षमै व्यतीत गरेको हुँ।"

पूर्वसभापति देउवाले भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शिता कायम गर्न आफू गृहमन्त्री हुँदा २०४८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐन, २०५९ पनि आफू प्रधानमन्त्री हुँदा लागु भएको बताउनुभएको छ। उहाँले भन्नुभएको छ, "स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौँ र अझै उपचारको क्रम जारी छ। वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ। अतिरञ्जना गरी सार्वजनिक भएका विवरणबाट भ्रममा नपर्न अपिल गर्दछु।"

गृहमन्त्री गुरुङसँग भेट

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

गृहमन्त्री सुधन गुरुङसँग नेपालका लागि स्विस राजदूत डेनियल मैवलीले बुधबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ। भेटवार्ताका क्रममा मन्त्री गुरुङ र राजदूत मैवलीले दुई देशबिचको आपसी सम्बन्ध, आप्रवासन समस्या तथा विपत् व्यवस्थापनमा सहकार्यबारे छलफल गर्नुभएको थियो।

मन्त्री गुरुङको सचिवालयका अनुसार उक्त भेटमा मन्त्री गुरुङले नेपालबाट अवैध रूपमा आर्जन गरी स्विस बैङ्कमा राखेको भए यकिन गरी कानुनसम्मत रूपमा नेपाल फिर्ता ल्याउन पहल गरिदिन राजदूत मैवलीसँग आग्रह गर्नुभएको थियो। उहाँले भ्रष्टाचारसँगै अन्य कसुरबाट अवैध रूपमा आर्जन गरेको रकम स्विस बैङ्कमा जम्मा गरे/नगरेको विषयमा अनुसन्धानका लागि सहकार्य गर्न पनि आग्रह गर्नुभएको थियो। भेटवार्ताका क्रममा राजदूत मैवलीले मन्त्री गुरुङलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभएको थियो।

गैरकानुनी शुल्क नलिन विद्यालयलाई ताकिता

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

सरकारी निर्देशनलाई अटेरी गर्दै केही निजी तथा संस्थागत विद्यालयले विद्यार्थीबाट शुल्क उठाउने कार्यलाई निरन्तरता दिएपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कडा चेतावनी दिएको छ। मन्त्रालयको निर्देशनलाई बेवास्ता गर्दै गैरकानुनी रूपमा उठाएको शुल्क तत्काल फिर्ता गर्न बुधबार दोस्रो पटक निर्देशन दिँदै मन्त्रालयले आफ्नो निर्देशनको अवज्ञा गर्दै शुल्क फिर्ता नगरे गृह प्रशासनमार्फत कारबाही गर्ने चेतावनी दिएको छ।

यसअघि पनि मन्त्रालयले आइतबार यस्तै प्रकृतिको सूचना जारी गरेर शैक्षिक सत्र सुरु नहुँदै विद्यार्थी भर्ना नगर्न र विद्यार्थीबाट शुल्क लिएको भए फिर्ता गर्न निर्देशन दिएको थियो। मन्त्रालयले बुधबार दोस्रो पटक निर्देशन दिँदै केही संस्थागत विद्यालयले अझै पनि कानुनविपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको भन्दै गैरकानुनी रूपमा लिएको शुल्क फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको हो।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता शिवकुमार सापकोटाले भन्नुभयो, "कुनै पनि विद्यालयले मन्त्रालयको निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको प्रावधान अनुसार कारबाही गरिन्छ।" प्रचलित कानुनबमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाउनुपर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट आवश्यक समन्वय गर्न अनुरोध गरिएको सापकोटाले बताउनुभयो।

सार्वजनिक यातायातको भाडा वृद्धि

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

सार्वजनिक यातायातको भाडा वृद्धि भएको छ। इरान–अमेरिकालगायत पश्चिम एसियाको द्वन्द्वका कारण पेट्रोलियम पदार्थको अस्वाभाविक मूल्यवृद्धि हुँदा भाडा समायोजनमा यातायात व्यवसायीको निरन्तर दबाबपछि सरकारले बुधबारबाटै लागु हुने गरी वृद्धि गरेको हो।

यातायात व्यवस्था विभागले अन्तरप्रदेशमा सञ्चालन हुने यात्रुवाहक सवारी र ढुवानीका सवारीको भाडा वृद्धि गरेको हो। यात्रुवाहक सवारीको भाडा १६.७१ प्रतिशतले वृद्धि भएको छ। पहाडी क्षेत्रमा चल्ने मालवाहक सवारीको भाडा २१.६८ प्रतिशत र तराईमा चल्ने मालवाहक सवारीको भाडा १५.७५ प्रतिशतले बढाइएको छ।

विभागका अनुसार भाडा समायोजन गर्दा इन्धनको मात्र नभई अन्य मापदण्डका आधारमा पनि समायोजन गरिएको छ। सवारीका पार्टपुर्जा, लुब्रिकेन्ट्स र श्रम मूल्यलगायतका १३ वटा सूचकहरू समेटेर वैज्ञानिक आधारमा समायोजन भएको विभागका निर्देशक श्रीकान्त यादवले बताउनुभयो। वैज्ञानिक भाडादर समायोजनमा ३५ प्रतिशत हिस्सा इन्धनको हुन्छ भने बाँकी ६५ प्रतिशत हिस्सा सवारीका १३ वटा पार्टपुर्जा, बजार महँगी र श्रम सूचकलाई आधार मानिन्छ। नयाँ भाडादर अनुसार काठमाडौँ–सुर्खेत सुपर डिलक्सको भाडा तीन हजार ९६ रुपियाँ कायम भएको छ। काठमाडौँ–महेन्द्रनगर तीन हजार ४०६ रुपियाँ भएको छ भने काठमाडौँ–विराटनगर दुई हजार ६६७ कायम भएको छ। त्यस्तै काठमाडौँ भैरहवा सुपर डिलक्सको भाडा एक हजार ४३४ रुपियाँ छ। काठमाडौँ नेपालगन्जको भाडा दुई हजार ६२१ रुपियाँ भएको छ।

सार्वजनिक यातायातमा नर्मल, डिलक्स र सुपर डिलक्स गरी तीन श्रेणीमा भाडादर कायम गरिँदै आएको छ। काठमाडौँ–वीरगन्जका लागि नर्मल बसमा ९६१, डिलक्समा एक हजार १५३ र सुपर डिलक्समा एक हजार ३८३ रुपियाँ कायम भएको छ। त्यस्तै काठमाडौँ–तम्घासका लागि नर्मलमा एक हजार ४८२, डिलक्समा एक हजार ७९० र सुपर डिलक्समा दुई हजार १४८ रुपियाँ कायम भएको छ तर नर्मलले पनि डिलक्सको भाडा उठाउने र डिलक्सले सुपर डिलक्सको भाडा उठाउने गरेको उपभोक्ता अधिकारवादीको दाबी छ। महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले भन्नुभयो, "सरकारले तोकेको भाडा पनि व्यवसायीले उठाउन सकेको छैन। यात्रुबाटै बार्गेनिङ हुन्छ, अस्वस्थ प्रतिस्पर्धा छ। बिचौलियाको बिगबिगी छ। पूरा भाडा उठाउने त दसैँ तिहारमा मात्रै हो।"

२०६५ सालमा इन्धनको मूल्य पाँच प्रतिशत वा सोभन्दा बढेमा वा घटेमा वैज्ञानिक भाडा समायोजन प्रणाली अनुसार स्वचालित समायोजन प्रणाली लागु गरेको थियो। उक्त स्वचालित प्रणाली हालसम्म लागु हुन सकेको थिएन तर अहिले लागु भएको अध्यक्ष स्वाँरले बताउनुभयो। उहाँका अनुसार विभागले २०८२ साउन १ गते सवारीको भाडादर समायोजनका लागि समिति गठन गरेको थियो। उक्त समितिले टायर, लुब्रिकेन्ट, पार्टपुर्जा र श्रमिकको पारिश्रमिकलगायतका विषयमा बजार अध्ययन गरी बुझाएको प्रतिवेदनका आधारमा पनि समायोजन भएको हो। हाल, पेट्रोलको मूल्य प्रतिलिटर २०२ र डिजल १८२ रुपियाँ भएको छ।

सञ्चारमन्त्रीसँग विश्व...

गठनपछि पूर्वाधार विकास र नागरिक सेवा प्रवाहमा नतिजामुखी काम सुरु भइसकेको उहाँले बताउनुभयो। विगतका सरकारभन्दा फरक तरिकाले काम गरी विभिन्न योजनामा देखिएका समस्या समाधान गर्नतर्फ केन्द्रित भई काम गर्न सरकार प्रतिबद्ध रहेकोसमेत मन्त्री तिमिल्सिनाले प्रस्ट पार्नुभयो।

विश्व बैङ्कका दक्षिण एसिया हेर्ने निर्देशक डेभिड सिस्लेनले मन्त्री तिमिल्सिनालाई बधाई तथा शुभकामना व्यक्त गर्दै विश्व बैङ्कको सहयोगमा कार्यान्वयन हुन गइरहेको 'नेपाल : डिजिटल ट्रान्सफरमेसन प्रोजेक्ट' मा सरकारको प्राथमिकता सम्बन्धमा चासो व्यक्त गर्नुभयो। उहाँले सरकारले ल्याएको शासकीय सुधारसम्बन्धी कार्यसूचीको कार्यान्वयनमा पनि सो प्रोजेक्टले सहयोग पुऱ्याउने विश्वाससमेत व्यक्त गर्नुभयो। सोही क्रममा नेपालको सूचना प्रविधि क्षेत्रको प्रवर्धनका लागि सूचना प्रविधि पहुँच विस्तार, डाटा व्यवस्थापन, नेपालको डिजिटल रूपान्तरण, मिडिया साक्षरता र शासकीय सुधारलगायतका क्षेत्रमा नेपाल सरकारलाई सहयोग गर्न विश्व बैङ्क प्रतिबद्ध रहेको समेत उहाँले जानकारी गराउनुभयो। सोही भेटघाटमा मन्त्रालयका सूचना प्रविधि महाशाखाका प्रमुख आदेश खड्कासहित परराष्ट्र मन्त्रालयका प्रतिनिधि तथा विश्व बैङ्कका अन्य पदाधिकारीको समेत उपस्थिति रहेको थियो।

उपसभामुख निर्वाचन...

अब रास्वपाबाहेकका अन्य दलबाट उपसभामुख चयन हुने छ। सभामुख पुरुष निर्वाचित भइसकेकाले उपसभामुखको उम्मेदवार अनिवार्य रूपमा महिला नै हुनुपर्ने छ। संविधानले सभामुख र उपसभामुख फरक राजनीतिक दल र फरक लिङ्गको हुनुपर्ने व्यवस्था गरेको छ।

प्रतिनिधि सभामा एकल बहुमत रहेको रास्वपाले सभामुख पद पाए पनि उपसभामुख कुन दलबाट निर्वाचित हुने निश्चित छैन। रास्वपाले साथ दिएको दलका उम्मेदवार मात्र निर्वाचित हुन सक्ने अवस्था छ। प्रतिनिधि सभामा रास्वपाबाहेक अन्य पाँच दल छन्। जसमध्ये नेपाली कांग्रेस र नेकपा (एमाले) ले उपसभामुख पदमा रुचि देखाएका छैनन्। तीबाहेक अन्य तीन दलबाट मनोनयन गर्ने उम्मेदवारलाई रास्वपाले समर्थन जनाउने सम्भावना छ।

संवैधानिक परिषद्मा समेत पदेन सदस्य रहने उपसभामुख पदलाई रणनीतिक जोड घटाउका साथ पनि हेरिएको छ। संवैधानिक व्यवस्था अनुसार निर्वाचनपछि पहिलो अधिवेशनको पहिलो बैठक बसेको मितिले १५ दिनभित्र सभामुख/उपसभामुख चयन हुनु पर्छ। उक्त समयसीमा अनुसार वैशाख ३ गतेभित्र उपसभामुख चयन हुनपर्ने छ।

उपसभामुख चयन र पहिलो अधिवेशनको बैठकलाई राष्ट्रपतिले सम्बोधन गरेसँगै चालु अधिवेशन अन्त्यको तयारीसमेत गरिएको छ। निर्वाचनपछिको पहिलो अधिवेशनमा राष्ट्रपतिले सम्बोधन गर्ने अभ्यास छ।

वैकल्पिक वित्त परिचालन विधेयक पेस

अर्थमन्त्री स्वर्णिम वाग्लेले वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ प्रतिनिधि सभामा पेस गर्नुभएको छ। विधेयक २०८२ पुस १८ गते विधेयक दर्ता भएको थियो। यसअघि पनि सो विधेयक २०८२ भदौ ६ गते पारित भएको थियो। जेनजी आन्दोलनपछि प्रतिनिधि सभा विघटन भएपछि माथिल्लो सदनमा विचाराधीन अवस्थामा विधेयक निष्क्रिय भएको थियो। विकासका लागि आवश्यक स्रोत व्यवस्था गरी उच्च प्रतिफलयुक्त दिगो पूर्वाधारलगायतका क्षेत्रको विकासको उद्देश्य विधेयकमार्फत सरकारले लिएको छ। यस्तै परियोजनाको पहिचान, प्राथमिकीकरण, लगानीका लागि आवश्यक पर्ने आन्तरिक स्रोत, स्वदेशी तथा वैदेशिक लगानीलगायतका व्यवस्था विधेयकमा गरिएको छ।

निजी क्षेत्रलाई सार्वजनिक पूर्वाधार विकासमा आकर्षित गर्ने मुख्य उद्देश्य सरकारले लिएको छ। राष्ट्रिय प्राथमिकताका परियोजनामा स्रोत जुटाई मुलुकको समग्र आर्थिक विकासका लागि स्रोतको प्रबन्ध गर्न ऋणपत्र तथा स्वपुँजी कोष स्थापनाको प्रस्ताव पनि विधेयकमा गरिएको छ। यस्तै प्रतिनिधि सभामा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौँ वार्षिक प्रतिवेदन पनि पेस गर्नुभयो।

अमेरिका र...

इराकले युद्धविरामलाई स्वागत गर्दै अमेरिका र इरानलाई गम्भीर र दिगो संवादका लागि आह्वान गरेको छ। इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले इरानले भविष्यमा आणविक, क्षेप्यास्त्र तथा आतङ्कवादसम्बन्धी खतरा नउठाउने सुनिश्चित गर्न अमेरिकाले चालेका प्रयासमा पनि इजरायलको साथ रहने बताउनुभएको छ।

कच्चा तेलको मूल्य घट्यो

यसैबिच युद्धविराम घोषणा भएपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य १७ प्रतिशतभन्दा बढीले घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ। यद्यपि दीर्घकालीन समाधानका विषयमा अझै मतभेद कायम छन्। इरानले अमेरिकी प्रतिबन्ध हटाउने, हर्मुजमा आफ्नो प्रभुत्व स्वीकार गर्नुपर्ने र क्षेत्रबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने माग अघि सारेको छ। साथै आफ्नो युरेनियम संवर्धन कार्यक्रमलाई मान्यता दिनुपर्ने अडान पनि दोहोऱ्याएको छ। ट्रम्पले भने कुनै पनि अन्तिम सम्झौतामा इरानको आणविक कार्यक्रम पूर्ण रूपमा नियन्त्रणमा ल्याइनुपर्ने बताउनुभएको छ। इरान आणविक हतियारनजिक पुगेको उहाँको दाबीलाई अन्तर्राष्ट्रिय निकायले भने समर्थन गरेका छैनन्।

रातभरि मानव साङ्लो

ट्रम्पले इरान ध्वस्त पार्ने कडा चेतावनी दिएपछि इरानमा ऊर्जा संरचनाको सुरक्षाका लागि नागरिकले मङ्गलबार रातभरि मानव साङ्लो बनाएको दृश्य सार्वजनिक भएको छ। युद्धविराम घोषणा भएलगत्तै तेहरानमा सरकारको समर्थनमा प्रदर्शन भएका छन्। प्रदर्शनकारीले अमेरिका र इजरायलविरुद्ध नाराबाजी गर्दै झन्डा जलाएका छन्, जसले देशभित्रको कट्टर असन्तुष्टि झल्काउँछ। यस युद्धमा दुई हजारभन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन्। इरान, इजरायल, लेबनान र खाडी क्षेत्रमा फैलिएको हिंसाले ठूलो मानवीय र आर्थिक क्षति पुऱ्याएको छ। हर्मुज जलमार्गमा इरानले अवरोध गरेपछि विश्व अर्थतन्त्रमा समेत चर्को दबाब सिर्जना भएको छ।

ठेक्का तोडिएका...

बाँकी सरह असुलउपर गर्नेलगायतको प्रक्रिया सुरु गरिएको दाहालले जानकारी दिनुभयो।

सहरी विकास मन्त्रालयको स्थानीय पूर्वाधार विकास विभागका महानिर्देशक अशोककुमार साहले यस विभाग अन्तर्गत झोलुङ्गे पुल निर्माणका चार वटा रुग्ण ठेक्का तोडिएको जानकारी दिँदै ती झोलुङ्गे पुल निर्माणका लागि सार्वजनिक खरिद ऐन अनुसार आवश्यक प्रक्रिया सुरु भइसकेको जानकारी दिनुभयो। सबै प्रक्रिया पूरा गरेर नयाँ बोलपत्र आह्वान गरिने हो। उहाँका अनुसार खोटाङ (एक वटा), गोरखा (दुई वटा) र धादिङ (एक वटा) झोलुङ्गे पुल निर्माणको ठेक्का तोडिएको थियो।

जलस्रोत तथा ऊर्जा मन्त्रालयका कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा प्रमुख सहसचिव डा. महेश्वर श्रेष्ठले मन्त्रालय अन्तर्गत २२ वटा आयोजनाको ठेक्का तोडिएको जानकारी दिनुभयो। उहाँका अनुसार करिब १४ अर्ब रुपियाँको लागतमा निर्माणाधीन आयोजनाको ठेक्का तोडिएको हो। ठेक्का तोडिएका आयोजनाको अहिलेसम्म भएको काम र खर्चको मूल्याङ्कन तथा नयाँ ठेक्का व्यवस्थापन गर्न स्रोत सुनिश्चितताका लागि मन्त्रालयका तर्फबाट आवश्यक प्रक्रिया सुरु भइसकेको उहाँले जानकारी दिनुभयो।

जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गत चालु ठेक्का २१५ छन्। त्यसमध्ये ३३ ठेक्का समस्याग्रस्त छन्। समस्याग्रस्तमध्ये अहिलेसम्म २२ वटा तोडिएको थियो। तोडिएका ठेक्का आर्थिक वर्ष २०६८/६९, २०६९/७०, २०७३/७४ र २०७४/७५ मै सम्झौता गरिएको थियो। यसै गरी ठेक्का तोडिएका आयोजनाको सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाबमोजिम ठेकेदारलाई कालो सूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइएको महाशाखा प्रमुख श्रेष्ठले जानकारी दिनुभयो।

शासकीय स्वरूप...

आएको छ। नेपाल कानुन आयोगका सचिव एवं कार्यदलका सदस्य इन्दिरा दाहाल भट्टराईले संविधान संशोधनका विषयवस्तुबारे छलफल सुरु भएको बताउनुभयो। उहाँले भन्नुभयो, "संविधान कार्यान्वयनको समीक्षा हुन्छ र संशोधनबारे आवश्यक गृहकार्य अघि बढाइने छ।"

कार्यदलको बैठकमा संवैधानिक आयोगको काम र प्रभावकारिताको हरेक १० वर्षमा पुनरवलोकन गर्नुपर्ने विषयमा छलफल भएको छ। साथै सरकार गठनको प्रक्रिया र विधिबारे पनि छलफल भएको छ। बैठकमा संविधानका कुन कुन विषय अपरिवर्तनीय र संविधानमा देखिएका विभिन्न कमीकमजोरीलाई कसरी सुधार्ने भन्नेबारे प्रारम्भिक राय प्रस्तुत भएको छ। कार्यदलले प्रारम्भिक चरणको छलफलपछि विस्तृत योजना बनाउने र संविधानलाई अझै परिष्कृत र प्रभावकारी बनाउने सन्दर्भमा निर्णय गर्ने छ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार कार्यदलमा नेपाली कांग्रेसका मोहन आचार्य, नेकपा (एमाले) का डा. भीष्मनाथ अधिकारी, नेपाली कम्युनिस्ट पार्टीका देवप्रसाद गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही र राष्ट्रिय जनमोर्चाका मनोज भट्टसहित अन्य राजनीतिक दलका नेता सदस्य हुनुहुन्छ। त्यसै गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका कानुन सचिव पुष्कर सापकोटा र नेपाल कानुन आयोगका सचिव इन्दिरा दाहाल भट्टराई सदस्य हुनुहुन्छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कानुन तथा फैसला कार्यान्वयन महाशाखाका प्रमुख लीलाधर सुवेदी कार्यदलको सदस्यसचिव हुनुहुन्छ।

कांग्रेसका चार सर्त

कांग्रेसले संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदलमा चारबुँदे सर्त राखेको छ। कांग्रेसले कार्यदलको काम बहसपत्र तयार गर्ने भनिए पनि कार्यदलको क्षेत्राधिकार, सीमा र भूमिकाबारे स्पष्ट उल्लेख नगरिएको हुँदा कार्यदलको विधि र कार्यक्षेत्रका सन्दर्भमा स्पष्ट पार्न आग्रह गरेको छ। कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले प्रधानमन्त्री कार्यालयमा बुझाएको पत्रमा सशस्त्र द्वन्द्वपछि सङ्क्रमणकालको कठिन परिस्थितिबाट संविधान निर्माण भएको र त्यसपछि पनि संविधानमाथि आमअपनत्व र स्वामित्व स्थापित गर्न विभिन्न समयमा पहिचानलगायतका अधिकारका आन्दोलन र समूहसँग राज्यले गरेका सम्झौताका विषयलाई पनि स्मरणमा राख्ने प्रस्ट पारेको छ। पत्रमा भनिएको छ, "संविधान संशोधन आफैँमा संवेदनशील विषय भएकाले नेपाल सरकारले यो पहल लिँदा सुरुवातदेखि नै यसको बहसलाई सहभागितामूलक, समावेशी र न्यायपूर्ण बनाउने सन्दर्भमा सरकारले आफ्नो धारणा स्पष्ट पार्नु पर्छ।"

कांग्रेसले संविधान संशोधनको बहसमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्नेबाहेकका राजनीतिक दलसँगको सम्बन्ध एवं समन्वयका विषयमा समेत वर्तमान सरकार स्पष्ट हुनु आवश्यक देखिने बताएको छ। कांग्रेसले खास गरी संविधान निर्माणका महत्त्वपूर्ण सरोकारवाला पक्ष मधेशी, आदिवासी–जनजाति, थारू, दलित, अल्पसङ्ख्यकलगायत पहिचानका लागि आन्दोलनरत समुदाय र क्षेत्रलाई प्रक्रियामा जोड्न सरकारले के आधार लिएको छ र संविधान कार्यान्वयनसँग जोडिएका प्रदेश र स्थानीय सरकारको सहभागिताको विषयमा सरकारको धारणा स्पष्ट हुनुपर्ने बताएको छ।

कांग्रेसले राष्ट्रिय स्वतन्त्र पार्टीको एकल बहुमतको नेतृत्वमा सरकार गठन भएको र वर्तमान संविधान, संविधानले अङ्गीकार गरेको आधारभूत मूल्यमान्यता र संशोधन गर्ने प्रस्तावित विषयप्रति नेपाल सरकार र सरकारको नेतृत्वकर्ता दलको प्रतिबद्धता एवं धारणा प्रस्ट रूपमा आउन आवश्यक रहेको जनाएको छ। कांग्रेसले सरकार र नेतृत्वकर्ता दलको प्रतिबद्धता र बहसपत्रको तयारीका निमित्त संशोधनका प्राथमिकताका विषयमा स्पष्ट धारणा आए कार्यदलको भूमिका र उपस्थिति थप प्रभावकारी हुन सक्ने निष्कर्ष दिएको छ।

पत्रमा भनिएको छ, "सरकारले संविधान संशोधन बहसपत्र तयार गर्नुको सान्दर्भिकता, यसको विधि, क्षेत्राधिकार र सीमा, यसले हासिल गर्न खोजेको राजनीतिक र संवैधानिक लक्ष्य र संविधानका आधारभूत विषयवस्तु एवं संशोधनका प्रावधानका बारेमा आफ्नो प्रारम्भिक धारणा सार्वजनिक गरी स्पष्ट हुन सकेमा संविधान संशोधन जस्तो संवेदनशील विषयमा बहसपत्र तयार गर्ने कार्यदलमा पार्टीको सहभागिता सार्थक हुन्छ र आमअपनत्व पनि हुन्छ भन्नेमा नेपाली कांग्रेसको विश्वास रहेको छ। सरकारको यस प्रयासमा कांग्रेसको साथ र सहयोग रहने छ।"

सन्तुलित र...

नेपाली जनताको हितमा परिणाम दिने गरी नेपाल सरकारका कार्यमा समर्थन र सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ।प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारमा आयोजित उक्त सामूहिक भेट तथा संवादमा छिमेकी मुलुक भारतका तर्फबाट नेपालका लागि राजदूत नवीन श्रीवास्तव, नेपालका लागि चीनका राजदूत चाङ माओमिङ, नेपालका लागि पाकिस्तानका राजदूत अबरार हासमी, नेपालका लागि अमेरिकाका तर्फबाट कार्यवाहक राजदूत स्कट अरबाम, बेलायतका राजदूत रब फेन सहभागी रहनुभएको थियो।

त्यस्तै कोरिया गणराज्य, कतार, स्विट्जरल्यान्ड, फ्रान्स, इजरायल, जापान, बङ्गलादेश, जर्मनी, इजिप्ट, श्रीलङ्का, साउदी अरेबिया तथा संयुक्त राष्ट्रसङ्घको नेपालस्थित कार्यालयका राजदूत एवं नियोग प्रमुखको पनि उपस्थिति रहेको थियो। सो अवसरमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम शाह, मुख्य सचिव सुमनराज अर्याल, परराष्ट्र सचिव अमृतबहादुर राई र अन्य सरकारी उच्च अधिकारीको उपस्थिति रहेको मन्त्रालयले जनाएको छ। संवादपछि उपस्थित राजदूतले शिष्टाचार भेटमा गरिने मर्यादासहित प्रधानमन्त्री वालेन्द्र शाहसँग छुट्टाछुट्टै तस्बिर खिचाउनुभएको थियो।

आयोजना अलपत्र...

मर्मत, पुनर्स्थापना र व्यवस्थापकीय सुधारलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिनुभयो। सिँचाइलाई खेतबारीमा पानी पुऱ्याउने माध्यमका रूपमा मात्र नहेरी ऊर्जा, खाद्य सुरक्षा, वातावरण र मानिसको जनजिविकासँगसमेत जोड्ने गरी एकीकृत प्रणालीको व्यवस्था गरिने बताउँदै उहाँले भन्नुभयो, "पानीले ऊर्जा, सिँचाइ, कृषि कुन मन्त्रालय, कुन विभागको कार्यक्षेत्र हो भन्ने चिन्दैन।" उहाँले बाढी नियन्त्रण र नदी किनारमा बसोबास गर्नुहुने आमनागरिकलाई लाभ पुऱ्याउने विषय मन्त्रालयको नीतिमा समावेश गरिएको जानकारी दिनुभयो।

पुनरवलोकन गर्न समिति गठन

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत रुग्ण र अलपत्र परेका आयोजनाको पुनरवलोकनका लागि समिति गठन गरिएको छ। मन्त्रालयका सहसचिव डा. महेश्वर श्रेष्ठको संयोजकत्वमा आठ सदस्यीय अध्ययन समिति गठन गरिएको छ। रुग्ण र अलपत्र आयोजनाको औचित्य, बजेट व्यवस्थापन, जग्गा अधिग्रहण, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका विषयमा देखिएका समस्या पहिचान गरी समाधानका ठोस उपायसहित ३० दिनभित्र प्रतिवेदन पेस गर्न समितिलाई कार्यादेश दिइएको छ।

घोप्टेभिरको भित्ता काटिएसँगै यातायात सुचारु



तस्बिर : शालिग्राम नेपाल

मुग्लिङ–मनकामना केबुलकार सडकखण्डको घोप्टेभिरमा भित्ता काटिएपछि यातायात सञ्चालन हुँदै ।

चितवन समाचारदाता
चितवन, चैत २५ गते

पृथ्वी राजमार्ग अन्तर्गत मुग्लिङ–कुरिनटार केबुलकार क्षेत्रमा पर्ने चितवनको घोप्टेभिरको भित्ता काट्ने काम सकिएसँगै यातायात सञ्चालन सुचारु भएको छ।

नागढुङ्गा–मलेखु सडक स्तरोन्नतिका लागि छ दिन सडक बन्द गराएर भित्ता काट्ने काम गरिएको थियो । नागढुङ्गा–मलेखु सडक आयोजना अन्तर्गत पश्चिम खण्ड मुग्लिङ–मलेखु सडकका प्रमुख सजना अधिकारीले रातको समयमा आवागमन बन्द गराएर गरिएको भित्ता काट्ने काम सकिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “अब वर्षाअगाडि भित्ता काट्ने काम गर्ने छैनौं । यस खण्ड अन्तर्गत केबुलकारदेखि मुग्लिङसम्मको भागमा कटान सकिएको छ। केबुलकारदेखि मलेखुसम्मको खण्डमा भने पहाडका भित्ता काट्ने काम बाँकी छ ।” कार्यालयका अनुसार घोप्टेभिरको २५० मिटर लामो सडकको छेउको भित्ता काटिएको छ । करिब ५० मिटर माथिबाट भित्ता काटेर सडक थप चार मिटर फराकिलो बनाइएको छ । भित्ता काटिएसँगै अब सडक १२ मिटर फराकिलो भएको छ। यस क्षेत्रमा साँघुरो सडक हुँदा दोहोरो सवारीसाधन सञ्चालनमा समेत कठिनाइ हुँदै आएको थियो।

आयोजनाले यही चैत १७ देखि २२ गतेसम्म राति १० बजेदेखि बिहान ४ बजेसम्म सडकमा यातायात सञ्चालनमा रोक लगाएर काम गरेको थियो । तीन वटा एक्साभेटर, दुई वटा लोडर, १० वटा टिप्पर र सोही अनुपातमा जनशक्ति परिचालन गरिएको थियो । मनकामना केबुलकारबाट रमाइलो डाँडा जाने सडकको बिच भागमा पर्ने अर्को एक भित्ता काट्ने काम आधा सकिएको र यहाँ ७० मिटर सडक छेउको भित्ता काटेर विस्तार गर्ने योजना रहेको छ । यहाँ अवस्था हेरेर बर्सातअगाडि नै भित्ता काट्ने गरी तयारी भएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो।

मुग्लिङ–मलेखु सडकको विस्तारको काम ४१ प्रतिशत सम्पन्न भएको छ । हाल कालोपत्रे गर्ने, कालोपत्रेको तयारी, नाला बनाउने, पर्खाल लगाउने जस्ता काम भइरहेको छ । विसं २०७९ पुस १५ गते तीन वर्षमा सम्पन्न गर्ने गरी यो सडकको ठेक्का सम्झौता भएको थियो । समयमा काम नसकिएपछि छ महिना म्याद थप गरिएको छ । पृथ्वी राजमार्ग अन्तर्गत मुग्लिङ– नागढुङ्गा खण्डलाई तीन चरणमा बोलपत्र आह्वान गरिएको हो ।

हाल काम भइरहेको क्षेत्र तेस्रो चरण अन्तर्गत पर्छ। उक्त खण्डमा ३८.८६ किलोमिटर लम्बाइ रहेको छ । यस सडकखण्डमा पर्ने मलेखु, बेनीघाट र मुग्लिङमा २.२ किमीको छ लेनको सडक निर्माण हुँदै छ । ७.२ किमी सडक भने चार लेनको हुने छ। चार लेन रमाइलो डाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझिमटार, चरौंदी र विशालटार क्षेत्रमा पर्दछ। दरैले उकालो–ओरालो खण्डमा तीन लेनको ‘क्लाइम्बिङ’ मार्ग बनाइने छ। ‘क्लाइम्बिङ’ मार्ग २.३ किमी र बाँकी सडक दुई लेनको हुने छ।

शर्मा–जेडआइसिजीले चार अर्ब ८० करोड ५९ लाख रुपियाँमा यस खण्डमा स्तरोन्नतिको काम गरिरहेको छ। सडकका विभिन्न क्षेत्रमा कालोपत्रेसँगै नाला बनाउने, पहिरो रोकथामका लागि संरचना निर्माण, भित्ता काट्ने, पर्खाल लगाउने, सडक सुरक्षालगायत काम बाँकी छ । विश्व बैङ्कको सहयोगमा बनाउन लागिएको यो सडक काठमाडौं प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा रहेको छ। घोप्टेभिरको भित्ता काटिएपछि सो क्षेत्रमा सडक विस्तारको कामले अब तीव्रता पाउने कार्यालय प्रमुख अधिकारीले बताउनुभयो।

‘तीन तहको सरकारबिच सहकार्य आवश्यक’



बागमती प्रदेशको १७ औं अधिवेशनमा बोल्नुहुँदै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ ।

मकवानपुर समाचारदाता
मकवानपुर, चैत २५ गते

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले समन्वय, सहकार्य र सहअस्तित्व नै गणतन्त्रको मूल मर्म भएको बताउनुभएको छ।

बागमती प्रदेश सभाको १७ औं अधिवशेन सुरु भएको पहिलो बैठकमा बोल्दै उहाँले समृद्धिका लागि तीन तहको सरकारबिच समन्वय सहकार्य आवश्यक भएको बताउनुभयो। मुख्यमन्त्री बानियाँलेले सङ्घीय सरकारसँग सहकार्य गरेर सङ्घीयतालाई बलियो बनाउन र जनताका आकाङ्क्षा पूरा गर्न तयार हुनुपर्ने भन्दै यसका लागि प्रदेश सरकार तयार रहेको बताउनुभयो।

उहाँले वर्तमान सङ्घीय सरकार सङ्घीयताप्रति पूर्ण प्रतिबद्ध रहेको र प्रदेशले पाउनुपर्ने संवैधानिक अधिकार अब छिट्टै प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। वर्तमान सङ्घीय सरकार र प्रधानमन्त्रीको सङ्घीयताप्रतिको सकारात्मक सोचका कारण प्रदेश सरकार अब अधिकार सम्पन्न हुने बताउनुभयो।

“संविधानमा व्यवस्था भएको र अहिलेसम्म प्रदेशले पूर्ण रूपमा उपयोग गर्न नपाएका अधिकार अब तीव्र गतिमा पाउने हाम्रो विश्वास छ,” उहाँले भन्नुभयो, “वर्तमान सङ्घीय सरकारले सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेकाले अब प्रदेशका अधिकार पाउनेमा विश्वस्त छौं।”

बागमती प्रदेश सभाका प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टीका नेता शालिकराम जम्कट्टेलले सरकारले रातो किताबमा परेका योजनाको बजेट कटौती गरेर रकमान्तर गरेकोप्रति विरोध जनाउनुभयो। उहाँले सरकारले विधि र प्रक्रिया मिचेर काम गर्दा प्रदेशको प्रशासनिक संयन्त्रमा समस्या देखिएको बताउनुभयो । नेपाली कांग्रेसका नेता एवं बागमती प्रदेशका पूर्वमुख्यमन्त्री बहादुरसिंह लामाले सबैले विधिको शासनलाई मान्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “कानुन र विधिको पालना नभएसम्म सुशासन सम्भव हुँदैन । संसद्ले पास गरेको बजेट र योजनालाई मन्त्री परिषद्ले काट्ने वा हेरफेर गर्नु ठिक नभएको भन्दै उहाँले हिजो मूल्यवृद्धि नियन्त्रण गर्ने प्रतिबद्धतासहित सत्तामा गएकाले मूल्यवृद्धि नियन्त्रण गर्न नसकेको बताउनुभयो । नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकमाथि सरकारले प्रतिशोधपूर्ण ढङ्गले कारबाही अघि बढाएको आरोप लगाउनुभयो।

दुई विधेयक प्रस्तुत

मकवानपुरगढी समाचारदाता
मकवानपुरगढी, चैत २५ गते

बागमती प्रदेश सभाको बुधबार बसेको बैठकमा विभिन्न क्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण विधेयक तथा प्रतिवेदन प्रस्तुत गरिएका छन् । प्रदेश सभामा बुधबार दुई वटा महत्त्वपूर्ण विषय टेबुल गरिएको हो।

बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले ‘प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२’ सभामा प्रस्तुत गर्नुभएको छ। यस्तै खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङले ‘प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२’ सभामा प्रस्तुत गर्नुभएको हो।

बैठकमा प्रदेश मामिला समितिका सभापति छिरिङ दोर्जे लामाले ‘प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६’ सम्बन्धी उत्तरविधेयकी परीक्षण प्रतिवेदन सभामा पेस गर्नुभयो। आगामी छलफलका लागि मार्ग प्रशस्त गर्दै बिहीबार बिहान ११ बजे बस्ने गरी उपसभामुख अप्सरा चापागाईंले अर्को बैठक आह्वान गर्नुभएको छ।

कामको मूल्याङ्कन हुनुपर्नेमा जोड

गोरखापत्र समाचारदाता
काठमाडौं, चैत २५ गते

नागरिक समाजले लोकतान्त्रिक विधिबाट सङ्गठित भएर विभिन्न परियोजनामार्फत नेपालको सामाजिक विकासमा पुऱ्याइरहेका सङ्घ संस्थालाई राज्यले सहयोग गर्नुपर्नेमा जोड दिएको छ । लोकतान्त्रिक गैरसरकारी संस्था महासङ्घद्वारा बुधबार राजधानीमा आयोजित कार्यक्रममा सहभागीले नागरिक समाजका तर्फबाट सरकारलाई सहयोग गर्ने कामको मूल्याङ्कन हुनुपर्ने बताएका हुन्।

लोकतान्त्रिक गैरसरकारी संस्था महासङ्घका अध्यक्ष डिल्लीराम गिरीले नेपालको सामाजिक विकासमा नागरिकस्तरबाटै वैदेशिक सहयोग भित्र्याएर महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, सीमान्तकृत, पिछडिएका क्षेत्रको सशक्तीकरणदेखि शिक्षा, स्वास्थ्य, वन, कृषि, जलवायु परिवर्तनलगायतका क्षेत्रमा समेत काम गर्दै आएका संस्थाको कामलाई पारदर्शी बनाउन अनुगमन गर्नुपर्ने बताउनुभयो।

नवनिर्वाचित सरकारलाई सफलताको शुभकामना दिँदै उहाँले गैरसरकारी संस्था सबै खराब छैनन् भन्दै राजस्व तिरेर आवश्यक क्षेत्रमा काम गरिरहेका संस्थाको अनुगमन गरी राम्रा पारदर्शी काम गर्ने अवसर दिनेलाई सच्चिने अवसर दिनुपर्ने माग गर्नुभयो । महासङ्घका महासचिव मनोजकुमार कँडेलले कार्यपत्र प्रस्तुत गर्दै गैरसरकारी संस्था सबै गलत हुन् भन्ने मान्यतालाई चिर्दै कर तिरेर शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, जलवायु परिवर्तनलगायतका क्षेत्रमा राज्यको सहयोगी भएर काम गर्ने संस्थालाई नियमन गर्न जोड दिनुभयो। उहाँले त्यस्ता संस्थालाई काम गर्न दिन नहुने कुरामा सहमत हुन नसक्ने बताउनुभयो।

काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक शिव पौडेलले गुठी संस्कृतिबाट चलेको नेपाली परम्परामा वैदेशिक सहयोगप्रति राज्यले शङ्का गर्दै सधैं पुरानै परम्पराबाट काम गर्नुपर्छ वा नागरिकले स्वतन्त्र ढङ्गले काम गर्नुहुन्न भन्ने मानसिकता त्याग्नुपर्ने बताउँदै संस्थाहरू दलगत गुटबाट भने मुक्त हुनुपर्ने सुझाव दिनुभयो। सिँजा सेवा समाजका अध्यक्ष पूर्णप्रसाद आचार्यले गैरसरकारी संस्थाहरूले परियोजना सञ्चालन गर्दा भूगोलको समेत आवश्यकता हेरेर रोजगारीसँग पनि जोड्न सके दिगो हुने बताउनुभयो। अध्यक्ष आचार्यले कर्णाली क्षेत्रमा ३२ वटा परियोजनाले स्थानीयको आवश्यकता हेरेर उद्यम र रोजगारीलाई प्राथमिकतामा राखेर काम गर्दा राम्रो परिणाम देखिएकोले अन्य स्थानमा पनि त्यसै गरी काम गर्नुपर्नेमा जोड दिनुभयो।

कालिका नगरपालिकाद्वारा सहकार्य प्रस्ताव

राष्ट्रिय समाचार समिति
काठमाडौं, चैत २५ गते

चितवनको कालिका नगरपालिकाले अमेरिकाको भर्जिनियास्थित फेयरफ्याक्स सिटीसँग जिपिएस प्रणालीमार्फत घर नम्बर राख्ने तथा फोहोर व्यवस्थापन, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा सहकार्यको प्रस्ताव गरेको छ। हाल अमेरिका भ्रमणमा रहनुभएका कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले फेयरफ्याक्स सिटीकी मेयर क्याथरिन रिडसँग सो प्रस्ताव प्रस्तुत गर्नुभएको हो। सो क्रममा दुवै पालिकाबिच दिगो सम्बन्ध विस्तार गर्दै जाने सहमति गरिएको प्रमुख रेग्मीले जानकारी दिनुभयो। सो क्रममा प्रमुख रेग्मीले फेयरफ्याक्स सिटीको टेक्नोलोजी र उच्चतम विकासका ढाँचाबारेमा जानकारी लिँदै अनुभव आदानप्रदान गरिएको पनि बताउनुभयो।

प्रमुख रेग्मीले भन्नुभयो, “कालिका नगरपालिकामा कार्यान्वयन हुँदै गरेको घर नम्बरको जिपिएस प्रणालीका साथै फोहोर व्यवस्थापन, स्वास्थ्य, शिक्षा, पूर्वाधार निर्माणलगायतका कार्यक्रममा सहकार्य गर्न प्रस्ताव गरेको छ, सो सम्बन्धमा सकारात्मक जवाफ प्राप्त भएको छ, निकट भविष्यमा सहकार्य हुने विश्वास लिएको छु।” साथै आगामी दिनमा दुवै पालिकाबच सहकार्य गर्दै दिगो सम्बन्ध विस्तार गर्ने सहमति भएको पनि उहाँले बताउनुभयो। सो क्रममा मेयर क्याथरिनले उपयुक्त समय मिलाएर आफू टिमसँगै नेपाल आउने प्रतिबद्धता जनाउनुभएको छ। कार्यक्रमको सहजीकरण प्राडा रामहरि सुवेदीले गर्नुभएको थियो।

Government of Madhesh Province
Ministry of Energy, Irrigation and Water Supply
Groundwater Resources and Irrigation Development Division
Birgunj, Parsa

Invitation for Electronic Bids

First Date of Publication: 2082/12/26 B.S. (9th April, 2026)

1. Groundwater Resources and Irrigation Development Division, Birgunj, Parsa invites electronic bid from Nepalese eligible bidders for the following work under National Competitive Bidding procedures.
2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit Ground Water Resources and Irrigation Development Division, Birgunj, Parsa.
3. The employer reserves the right to accept or reject the bid without assigning reason whatsoever.

S. N.	Contract No.	Description of Works/ Name of Project	Bid Document Price (Non-Refundable)	Bid Security Amounts in NRs. / Validity Period	Bid Validity Period
1.	GWBRJ/ NCB/082-83/01	Construction of 5 nos. of Tubewell by DTH and Pump Installation at Thori -1 and 2, Parsa	Nrs.3,000/-	1,50,000/- 120 Days	90 Days

Division Chief

बढुवा समितिको सचिवालय
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश

ज्येष्ठता तथा कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको सूचना

(प्रकाशित मितिः २०८२।१२।२६)

प्रदेश लोक सेवा आयोगको देहायको बढुवा सूचना नम्बर, सेवा, समूह, उपसमूह, तहको रिक्त पदमा ज्येष्ठता कार्यसम्पादन र कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि बढुवा समितिको निर्णयानुसार सम्भाव्य उम्मेदवारहरूमध्येबाट योग्यताक्रमका आधारमा बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४४ को प्रयोजनको लागि दफा ४३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। बढुवा सिफारिस सम्बन्धी विस्तृत विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको वेवसाइट www.ocmcm.gandaki.gov.np मा हेर्न सकिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

बढुवा सूचना नं.	सेवा/समूह/पद/तह
२१/२०८२-८३ (ज्येष्ठता)	स्थानीय इन्जिनियरिङ/सिभिल/सब-इन्जिनियर/पाँचौं
२२/२०८२-८३ (ज्येष्ठता)	स्थानीय कृषि/प्राविधिक सहायक/पाँचौं
२३/२०८२-८३ (ज्येष्ठता)	स्थानीय कृषि/भेटेरिनरी/पशु स्वास्थ्य प्राविधिक/पाँचौं
२४/२०८२-८३ (ज्येष्ठता)	स्थानीय कृषि/लापोडेडे/पशु सेवा प्राविधिक/पाँचौं
२५/२०८२-८३ (ज्येष्ठता)	स्थानीय प्रशासन/प्रशासन/प्रशासन सहायक/सातौं
२८/२०८२-८३ (कार्यक्षमता)	स्थानीय इन्जिनियरिङ/सिभिल/सब-इन्जिनियर/पाँचौं
२९/२०८२-८३ (कार्यक्षमता)	स्थानीय कृषि/प्राविधिक सहायक/पाँचौं
३०/२०८२-८३ (कार्यक्षमता)	स्थानीय कृषि/भेटेरिनरी/पशु स्वास्थ्य प्राविधिक/पाँचौं
३१/२०८२-८३ (कार्यक्षमता)	स्थानीय कृषि/लापोडेडे/पशु सेवा प्राविधिक/पाँचौं
३२/२०८२-८३ (कार्यक्षमता)	स्थानीय प्रशासन/प्रशासन/प्रशासन सहायक/पाँचौं
३४/२०८२-८३ (कार्यक्षमता)	स्थानीय स्वास्थ्य/आयुर्वेद/ज.आ./कविराज/पाँचौं

Government of Bagamati Province
Ministry of Health
Health Directorate
Public Health Office
Bhaktapur

Corrigendum

With reference to the **“Invitation for Bids”** Published by this office in the Gorkhapatra daily (page 21) on the 2082/12/25. The correct **Bid Security Validity** date should have been stated as B.S 2083/05/21 (2026/09/06 A.D) instead of date published otherwise. Sorry for the inconvenience.

Office Chief

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर कैलाली, नेपाल

बोलपत्र प्रकाशित सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/२६

यस अस्पतालको तपसिल बमोजिमको कार्यको लागि सिलबन्दी दर भाउपत्र (SQ/WorkS) सम्बन्धी प्रकाशित सूचनाको विस्तृत विवरण यस अस्पतालको वेबसाइट www.tikapurhospital.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

S. N.	Contract Identification Number	Description of Work	Bid Security (NRS)	Bid Document Price(NRS)	Remarks
1.	TH/Kailali/ SQWorks/ 01/2082-083	Construction of Boundary Wall in East of Hospital	40,000/-	1000/-	Hard Copy

कोशी प्रदेश सरकार
उद्योग कृषि तथा सरकारी मन्त्रालय
बिराटनगर, नेपाल

स्टार्टअप उद्यम बिउपुँजीका लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२५

स्टार्टअप उद्यम बिउपुँजी परिचालन कार्यविधि, २०८२ को दफा ४ बमोजिमको योग्यता पूरा गरेका अनुसूची-१ बमोजिमको क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका स्टार्टअप उद्यम बिउपुँजी लिन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र अनुसुची-३ बमोजिमको ढाँचामा यस मन्त्रालयमा वा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरूमा परियोजना प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

स्टार्टअप बिउपुँजी परिचालन कार्यविधि, २०८२ मन्त्रालयको website www.moiac.koshi.gov.np मा उपलब्ध छ ।

नोटः थप विस्तृत जानकारीका लागि सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय
जलस्रोत तथा सिँचाइ विभाग
सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना
सिन्धुली

मितिः २०८२।१२।२६

उपर्युक्त सम्बन्धमा यस आयोजना कार्यालयबाट हिमालय टाइम्स दैनिक पत्रिकामा मिति २०८२।११।८ मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार विद्युतीय माध्यम bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरूमध्ये निम्न उल्लिखित प्याकेजमा निम्नअनुसारको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राहीदेखि स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उप-दफा २ बमोजिम सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता	कबोल अङ्क भ्याट र प्रोभिजनल आइटम सहितको)
१	SMDMP/ RW/ MBH/ 82-83	Construction of Asphalt Concrete Pavement at Madan Bhandari Highway from Jhor Khola to Marin Bridge	Beltar Nirman Sewa, Pvt. Ltd., Triyuga Municipality-11, Udayapur	२,५०,६०,३१५।२३

अयोजना निर्देशक

Lumbini Buddhist University
Lumbini, Rupandehi

Invitation for Quotation

Date of Publication: 2082/12/26 (9th April , 2026)

1. Lumbini Buddhist University (LBU) invites electronic bids from eligible Nepalese bidders for the following works under Sealed Quotation (SQ) single stage one envelope bidding procedure.

Contract No./ Bid No.	Name of Project	Price of Bidding Document	Bid Security Amount	Last Date and Time of bid Submission	Bid Opening Date and Time
LBU/ GOODS/ SQ/04-82/83	Procurement and Installation of Eduroam Wi-Fi Network Infrastructure at Lumbini Buddhist University.	NRs 1000	NRs 31,800.00	2083/01/11 (24th Apr, 2026) 12:00 Noon	2083/01/11 (24th Apr, 2026) 14:00 PM

2. Eligible Bidders may obtain further information from the office of LBU during office hour.

Registrar

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, जलेश्वर ।
(सूचना प्रकाशित मिति : २०८२।१२।२६)

बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

यस कार्यालयको मिती २०८२/१२/२६ गतेको राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणालीमा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरूमध्ये तपशिल बमोजिमको बोलपत्रहरू न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. न.	बोलपत्र नं.	विवरण	छनोट भएका बोलपत्रदाता	कुल कबोल रकम रू. (मू.अ.कर र पि.एस.सहित)
1.	NWSC-JLR-02 2082/083	Supply and Delivery 100 KVA Diesel Generator Three Phase With ATS Panel	Kesharichand Bhanwarlall and Company Pvt. Ltd, Biratnagar, Morang, Nepal	15,44,000.00

नि. कार्यालय प्रमुख

Kageshwori Manohara Municipality
Office of the Municipal Executive
Thali, Kathmandu
Bagmati Province, Nepal

Notice of Intent to Accept the Bid

Date of Publication: 2082-12-26 (2026-04-09)

In accordance with the invitation for bids published in the Naya Patrika National Daily on **February 5, 2026 (2082/10/22 - First Publication)** and **March 11, 2026 (2082/11/27 - Second Publication)** for the works specified in the contract numbers listed below under this Kageshwori Manohara Municipality, this notice is hereby published for the information of all concerned bidders.

Among the bids submitted via **e-Bidding**, the following bidder has been identified as the **lowest evaluated substantially responsive bidder**. As the bid is currently in the process of acceptance, this notice of intent has been issued for the purpose of **Sub-section (2) of Section 27 of the Public Procurement Act, 2063 (including the Twelfth Amendment).**

S. N.	Contract Identification No.	Name of Project	Name of Selected Bidder	Quoted Amount (Including VAT and P.S.)
1	Landslide Protection WorksWard8/ W/SQ/01/ 2082-83	Landslide Protection Works at Ward no. 8 Ram Mandir	Hilton Construction Pvt. Ltd., Kavrepalanchowk	Rs. 9,49,741.98 (In words: Nine Lakh Forty -nine Thousand Seven Hundred Forty-one Rupees and Ninety -eight Paisa Only.)

Chief Administrative Officer

असफलता त्यो अवसर हो, जसले अझै सच्चिएर अगाडि बढ्ने मौका दिन्छ ।
-हेनरी फोर्ड



सम्पादकीय


सेवा प्रवाहमा सुधार

सरकारी निकायबाट लिनुपर्ने सेवा असहज हुने गरेको महसुस बर्सौंदेखि हुँदै आएको हो । नागरिकता लिन होस् वा राहदानी, सेवाग्राहीले अनेक हन्डर खानुपर्ने बाध्यता विडम्बना बनेको थियो । नापी र मालपोत जस्ता कार्यालयमा सेवा लिन त झनै कठिन थियो । सवारीचालक अनुमतिपत्र लिन बर्सौंदेखिको अवरोध जगजाहेर छ । वडादेखि जिल्ला प्रशासन कार्यालयसम्म सेवाग्राहीको सास्तीले सुशासनमा गम्भीर समस्या खडा गरेको थियो । नवपुस्ताको भदौ विद्रोहको मूल मर्म सरकारी सेवा प्रवाहमा आमूल सुधार हो । विद्रोहले तत्कालीन सरकार विस्थापितसँगै नवीन राजनीतिक विकासक्रम अगाडि बढ्न सक्यो । फागुन २१ मा भएको प्रतिनिधि सभा निर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई झन्डै दुई तिहाइको जनादेश प्राप्त भई नयाँ सरकार बनेको छ । वर्तमान सरकारले सेवा प्रवाहमा सुधारलाई उच्च प्राथमिकता दिएको छ । काठमाडौँ उपत्यकाभित्रका कतिपय कार्यालयमा गोरखापत्र समाचारदाता स्थलगत पुगेरै सेवा प्रवाहमा आएको परिवर्तनबारे समाचार सम्प्रेषण भएको छ । सेवाग्राहीले सेवा प्रवाहमा सुधार आउन थालेको अनुभूत गरेका छन् । विगतमा धेरै सरकारी कार्यालयमा बिचौलियाको बिगबिगी नै देखिने गरेको थियो । बिचौलियाको सहयोग नलिई अनि अतिरिक्त केही पैसा खर्च नगरी सेवा पाउन कठिन थियो । अहिले यो अवस्थामा सुधार आएको देखिएको छ । सेवा प्रवाह गरिने कार्यालय बिचौलियाविहीन हुँदै छन् ।

बिचौलियाविहीन भएका सरकारी कार्यालयमा सेवाको गुणस्तरमा सुधार आएको अनुभूति हुन थालेको छ । काठमाडौँ उपत्यकाभित्रका सेवाग्राहीको चाप हुने कार्यालय अनुगमनलाई तीव्रता दिएपछि पनि यो सुधार सम्भव भएको हुन सक्छ । बिचौलियाबिना नै सेवा प्रवाह हुन थालेपछि कार्यालय सेवाग्राहीमैत्री भएका छन् । कार्यालयबाट प्रदान गर्ने सेवा सहज र प्रभावकारी पनि बन्दै गएको छ । एक सातादेखि सरकारले उपत्यकाका मालपोत, नापी र यातायात कार्यालय अनुगमन गरी बिचौलिया पक्राउ गर्ने कार्यलाई तीव्रता दिएसँगै सेवा प्रवाहको वातावरण अब नयाँ चरणमा प्रवेश गरेको छ । उपत्यकाभित्रका मालपोत, यातायात र नापी कार्यालयबाट बिचौलिया अन्त्य गरेसँगै अहिले सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयमा बिचौलिया निरुत्साहित बन्दै गएको पाइएको छ । बिचौलियाविहीन सेवा हुँदा सेवाग्राही ठगिनुपर्ने अवस्था अन्त्य हुँदै छ । मालपोत कार्यालयमा लेखापढी व्यवसायका नाममा बिचौलिया मौलाएका थिए । भक्तपुर मालपोत कार्यालयका सूचना अधिकारी मिलन दाहालको भनाइमा लेखापढी व्यवसायीबिना नै सेवा दिँदा तत्कालका लागि केही सेवाग्राहीलाई समस्या देखियो तर कर्मचारीको सहयोग भएपछि सेवाग्राहीले सहज रूपमा सेवा पाउन थालेका छन् । सेवाग्राहीलाई कुनै सेवा लिन असहज भयो भने कार्यालयका कर्मचारी आफैंले सहयोग गर्न थालेका छन् । सेवाग्राही सहायता कक्ष स्थापना गरी सेवा प्रवाह गर्न थालिएको छ । बिचौलिया अन्त्य गर्ने क्रममा अब मालपोत कार्यालयले सेवाग्राहीका लागि सेवा लिन चाहिने आवश्यक जानकारी र सहजीकरणका लागि मूल प्रवेशद्वारमै सेवाग्राही सहायता कक्ष सञ्चालन गर्न थालिएको छ ।

वास्तवममा नागरिक बडापत्रको ठुलो महत्त्व छ । सेवा लिने प्रक्रिया, आवश्यक कागजपत्र, समय आदिका बारेमा बडापत्रमा सुस्पष्ट जानकारी दिइएको हुन्छ । सेवाग्राहीले फाराम भनेलगायतका काममा अलमल भए सहायता कक्षका कर्मचारीबाटै सहयोग हुन्छ । मालपोत कार्यालय सेवाग्राहीमैत्री हुन सक्दा बिचौलियाले ठाउँ पाउने छैनन् । धेरै सरकारी निकायका सेवा प्रविधिमैत्री बनाइएको छ । प्रविधि प्रयोग गर्न नसक्ने सेवाग्राहीलाई सम्बन्धित कर्मचारीले सहजीकरण गर्ने गरी सेवा दिन कार्यालय व्यवस्थापन गरिएको छ । नयाँ आएको सुधारलाई सेवाग्राहीले सकारात्मक रूपमा लिएका छन् । बिचौलियाविहीन सरकारी सेवा छिटो, सहज र भन्झटरहित भएको महसुस गर्न थालेका छन् । यसले सबै सरकारी कार्यालयलाई सेवा सुधारमा तीव्र दबाब पर्न थालेको छ । तीन तहकै सरकार र तिनका सेवा प्रवाही कार्यालयले सुशासनको प्रत्याभूति दिन अब ढिला गर्नु हुँदैन । नेपालमा कतिपय नयाँ सरकार आउँदा सेवामा सुधार आएको अस्थायी अनुभूति पनि हुन्छ । कतिपय कार्यालय प्रमुख आउँदा सेवामा सुधार भए जस्तो पनि हुन्छ तर समयक्रममा फेरि पुरानै लयमा काम थान्को लाग्ने प्रवृत्तिसमेत छन् । अब विगतका तिता अनुभव दोहोरिनु हुँदैन । नागरिकलाई सेवा प्रवाह गुणस्तरीय, चुस्त र समयमै भयो भने सुशासनको प्रत्याभूति हुने छ । नागरिक र राज्यबिचको सम्बन्ध बलियो हुने छ । सेवा प्रवाहमा आउने सुधार नै आमूल परिवर्तनको प्रस्थानविन्दु हुने छ । त्यसैले सेवा प्रवाह सुधारमा अब कुनै विलम्ब मान्य छैन ।

१०० वर्ष अघिको
गोर्खापत्र
१९७८ साल ज्येष्ठ १७ गते सोमबार



हर्दं याद राख्नु पर्ने कुरा ।

सबैरै आँखा खुल्ने वित्तिकै ईश्वरलाइ नमस्कार गरि मन्मा लागेको फलानु फलानु खराब बानी छुटोस्, मैले कसैको पनी अन्याय सित चित्त दुखाउन न परोस् ममा जस्तै सुकै आपत् परि आएता पनि धैर्य गरिकन सहन शकूँ, मेरो विद्या, धन, धर्म बढाउने र स्वास्थ्यरक्षा गर्ने चेष्टा अशास्त्रीय वा अन्याय हुन नपाओस् ।

चिन्तन

शक्नोतीहैव यः सोढुं
प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स
सुखी नरः ॥

जुन मनुष्य शरीर नाश हुनुपूर्व नै काम र क्रोधबाट उत्पन्न वेग सहन समर्थ छ अर्थात् काम, क्रोधमाथि जसले विजय हासिल गरेको छ, त्यो मनुष्य यस लोकमा योगी हो र उही सुखी हो ।

- श्रीमद्भगवद्गीता

लेख प्रतिक्रियाका लागि
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिवारका लागि)

शान्ति र स्थायित्वका दुई सूचक



ध्रुवहरि अधिकारी



सन्दर्भ विचार

संघर्ष र तनाउको परिस्थितिले सिङ्गो विश्वलाई भयग्रस्त अवस्थामा पारेको छ । यसबाट उम्किन अझै केही समय लाग्ने छाँट देखिन्छ । स्पष्ट छ, अमेरिका र इजरायल दुवै इरानलाई ध्वस्त पार्ने नियोगबाट पछि हटेका छैनन् । तथापि दुई साताका लागि युद्धविराम भएको छ । अमेरिकी सेनाका वरिष्ठ अधिकृत, जनरल ज्याण्डी जर्जलाई गत हप्ता अवकाश दिइएको घटनाले ट्रम्प प्रशासन अमेरिकी सेनालाई अझै तीव्र गति र आक्रामक शैलीमा तैनाथ गराउन व्यग्र रहेको सङ्केत गर्दछ । यता इरान अमेरिकी शक्तिको प्रतिरोधमा सशक्त रूपले अघि बढ्ने मानसिकतामा छ । यसै कारण पश्चिम एसिया (मध्यपूर्व) युद्धको भुमरीबाट हत्पति निस्कन नसक्ने अडकल गरिएको हो । युद्धका कारण खनिज तेलको उत्पादन एवं ढुवानी अस्तव्यस्त हुनाले चर्किएको विश्वव्यापी महँगीको मारबाट अमेरिका आफैं पनि प्रभावित छ । यी असरबारे 'सेतो घर' घरमूली जानकार नहुने कुरै भएन ।

पश्चिम एसिया अशान्त रहेको बेला अर्थात् यसमाथि कालो बादल मडारिएका बखत दक्षिण एसिया क्षेत्रको एक कोणबाट चाँदीको घेरासम्म देखियो भने त्यसलाई सकारात्मक सन्देश मान्नुपर्ने हुन्छ । यस भेगको सबैभन्दा ठूलो आकारको मुलुक भारत भर्खरै 'माओवादी-विद्रोह-मुक्त' घोषित भएको विषयलाई । गृहमन्त्री अमित शाहले ३१ मार्च २०२६ (१७ चैत २०८२) को मिति किटान गरेर यो घोषणा गरेका हुन् । करिब ६० वर्षदेखि सामना गर्दैआएको माओवादीका हिंसात्मक गतिविधि अन्त्य हुनु सन्तोषको विषय हो यद्यपि ती छापामारका अवशेष समाप्त हुन अझै केही समय लाग्न सक्छ । (नेपालको पूर्वी सिमाना काकरभिट्टाबाट १५ किलोमिटर जति पर पर्ने नक्सलबारी माओवादीको उद्गमस्थल भएको हुनाले कतिपय भारतीय समाचारमाध्यमले माओवादीलाई नक्सली वा नक्सलपन्थी पनि भन्दै /लेख्दै आएका छन् ।)

सन् १९६७ मा नक्सलबारीबाट चारू मजुमदार र कानु सन्यालले थालनी गरेको किसान विद्रोह क्रमिक रूपमा उग्रवादी कम्युनिष्ट आन्दोलनको रूपमा फैलिँदै जाँदा भारतका विभिन्न प्रान्त र प्रदेशहरू त्यसको लपेटमा परे । प्राकृतिक स्रोत-साधनले सम्पन्न भएर पनि विपन्नताको जीवन भोग्न बाध्य मानिसहरूको बाहुल्य भएका ठाउँहरूमा कम्युनिष्ट राज्य खडा गर्ने नारा आकर्षक हुनु स्वाभाविक थियो । समयको अन्तरालमा त्यो माओवादी गतिविधि दक्षिणी प्रदेशहरूमा पनि तीव्र हुँदै गयो । कुनै बखत तिरुपतिदेखि पशुपतिसम्म 'लाल-इलाका' घोषित गर्ने लक्ष्य लिएको त्यो माओवादी अभियानसँग एकताका नेपालका उग्रवादी कम्युनिष्टहरू निकट थिए भन्ने प्रेस विवरण आउँथे र तिनको बाक्लो चर्चा हुने गर्थ्यो । सन् २००९ मा तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहले माओवादी विद्रोहलाई भारतका लागि "सबैभन्दा ठूलो आन्तरिक चुनौती" मानेका थिए । सन् २०१४ मा नरेन्द्र मोदीको सरकार बहाल भएयता भने गृह मन्त्रालयले सुरक्षा फौज तैनाथ गरी विध्वंसकारी तत्वविरुद्ध कठोर कारबाहीको सिलसिला चलायो ।

यसै क्रममा गृहमन्त्री अमित शाहले सन् २०२४ मा आइपुगेपछि आफ्नो अठोट सार्वजनिक गरेका थिए- "माओवादी चुनौतीको अन्त्य ३१ मार्च २०२६ सम्ममा गरी यो शान्ति सुव्यवस्था मिलाइने छ ।" किटान आँकडा उपलब्ध नभए पनि माओवादी विद्रोहका क्रममा बीसौं हजार मानिसको ज्यान गएको छ र त्यसमा सबैभन्दा धेरै गैरसैनिक (सर्वसाधारण) परेका छन् । हताहत हुनेहरूको अर्को ठूलो संख्या सुरक्षाकर्मीको छ । सशस्त्र माओवादी छापामार त सुरक्षा फौजको निशानामा पर्ने नै भए । हालैका वर्षमा माओवादी नेतृत्वको उपल्लो तहमा पुगेका सञ्चालकहरू मारिएपछि मनोबल खस्किएका लडाकुमध्ये कतिपयले हात-हतियारसहित आत्मसमर्पण गरे र पुनर्वासमा जान मञ्जुर गरेका थिए । समस्याको हल क्रमिक हिसाबले हुँदै आएको हो । यो भयो दक्षिण एसियाको घटना-विकास । अब पूर्वतिरको प्रसङ्ग हेरौं ।

पूर्वको परिवेश

दक्षिण एसियाको भारतलाई स्थलसिमानाद्वारा जोडेर दक्षिणपूर्वी एसियासँग गाँस्ने देश हो म्यान्मार (जसलाई सन् १९८९ सम्म औपचारिक तवरमै बर्मा भनिन्थ्यो) । भारतसँग १६४३ किलोमिटर लामो सिमाना साझा गर्ने यो देश सन् १९४८ को जनवरीमा बृटिश औपनिवेशिक शासनबाट मुक्त भएको थियो । मूल्यवान् खनिज पदार्थलगायतका प्राकृतिक स्रोतबाट सम्पन्न म्यान्मार अचेल फेरि विश्व चर्चामा छ- यहाँको राजनीतिमा हालै आएको हेलोपनका कारण । सन् १९६० दशकदेखि लामो समय सैनिक शासन मातहत सञ्चालित म्यान्मारलाई पछिल्लो पटक लोकतान्त्रिक परिपाटीमा लैजान हालै चुनावी अभ्यास भएका थिए । गएको डिसेम्बर र जनवरीमा गरेर दुई चरणमा संसदीय निर्वाचन भए भने गत हप्ता नयाँ राष्ट्रपतिको चयन पनि गरियो । दुई सदनका कुल ५८४ सदस्यमध्ये ४२९ जनाले 'वरिष्ठ जनरल' मिन आङ् हेलिङ्गलाई राष्ट्रपति पदमा पुऱ्याउने पक्षमा आफूलाई उभ्याए । यसअघि उनै जनरल सेनाप्रमुखको पदमा थिए- अर्थात् बर्दीधारी सैनिक थिए । अब गैरसैनिक पोसाकमा म्यान्मारको नेतृत्व गर्ने तयारीमा छन् । उनलाई सघाउन दुई उपराष्ट्रपति प्रस्ताव गरिएको छ जसमध्ये एक महिला छिन् ।

> पश्चिम एसिया अशान्त रहेको बेला अर्थात् यसमाथि कालो बादल मडारिएका बखत दक्षिण एसिया क्षेत्रको एक कोणबाट चाँदीको घेरासम्म देखियो भने त्यसलाई सकारात्मक सन्देश मान्नुपर्ने हुन्छ । यस भेगको सबैभन्दा ठूलो आकारको मुलुक भारत भर्खरै 'माओवादी-विद्रोह-मुक्त' घोषित भएको विषयलाई । करिब ६० वर्षदेखि सामना गर्दैआएको माओवादीका हिंसात्मक गतिविधि अन्त्य हुनु सन्तोषको विषय हो ।

म्यान्मारमा कुनै महिला त्यस पदमा आसीन हुन लागेको यो पहिलो पटक हो । यसरी गैरसैनिक ढाँचाको सरकार बहाल रहेको देशभित्र लोकतन्त्रको विकास हुँदै जाने र विदेशमा पनि विगतमा धमिलिएको म्यान्मारको अन्तर्राष्ट्रिय छवि सङ्लिएर जाने आशा बढेको छ । सन् २०२१ फेब्रुअरीमा 'वरिष्ठ जनरल' ले गैरसैनिक सरकारबाट शासन-सत्ता खोसेर लिएपछि म्यान्मार विश्व-समुदायबाट एक्लिँदै थियो । विशेषगरी 'आसियान' संगठनका देशका सरकारहरू म्यान्मारका शासकसँग चिढिएका थिए र म्यान्मारको बचाउमा बोल्न रुचाउन्थे । अब यो अवस्थामा परिवर्तन आउन लागेको देखिन्छ । लोकतान्त्रिक पद्धतिबाट स्थायित्व आउने मान्यतामा विश्वास गर्नेहरूमा एकप्रकारको उत्साह पलाएको देखिन्छ ।

म्यान्मार आसियानको मात्र होइन, बङ्गालको खाडीलाई केन्द्रमा राखेर सन् १९९७ मा स्थापित 'बिमस्टेक' को पनि सदस्य हो जसका अन्य सदस्यमा भारत र नेपालका अतिरिक्त बंगलादेश, थाइल्याण्ड, भुटान र श्रीलङ्का पर्दछन् । निर्माणाधीन १३६० किलोमिटर लामो भारत-म्यान्मार-थाइल्याण्ड त्रिदेशीय राजमार्गले भारतको लागि खास महत्व राख्छ भन्ने दिल्लीका विश्लेषकहरूको कथन छ ।

भारतले जस्तै चीनले पनि म्यान्मारमा स्थायित्व आएको हेर्न चाहन्छ । झण्डै २१३० किलोमिटर लामो सीमारेखाबाट चीन र म्यान्मार छुट्टिएका छन् । जनस्तरमा व्याप्त अवधारणा अनुसार म्यान्मारमा चीनको प्रभाव बढी छ । जे भए तापनि भारत र चीन दुवै म्यान्मारमा गृहयुद्धको अन्त्य होस् र स्थिति सामान्य भएर जाओस् भन्ने चाहन्छन् । सबैभन्दा म्यान्मारलाई सम्पन्नतातिर अग्रसर गराउने अपेक्षा छ । परिस्थितिमा सुधार आएपछि छिमेकको थाइल्याण्डमा शरण लिइरहेका ४० लाखभन्दा बढी म्यान्मारी स्वदेश फर्किने अनुमान गरिएको छ ।

देशमा राजनीतिक वातावरण खुकुलो भएसँगै 'नयाँ बिहानी' आउने चर्चा राजधानी नेपिटअ, याङ्गोन र मण्डाले नगरहरूमा बाक्लो छ । यसै सिलसिलामा, सन् २०२१ को तख्तापलटदेखि नजरबन्दमा राखिएकी ८० वर्षीय नेतृ आङ सान सू ची चाँडै रिहा हुने अनुमान गरिँदैछ जुन सत्य साबित भएमा वातावरण झन् सहज भएर जानेछ । सू चीलाई सन् २०२० को निर्वाचनमा धाँधली गरेको आरोप लगाई २७ वर्षको कारावास तोकिएको छ ।

परिवर्तनको अनुभूति

शासकीय प्रणालीमा सुधारको सम्भावना पहिले-पहिलेको तुलनामा यसपल्ट बलियो देखिन्छ तापनि आशङ्का पूरै मेट्न म्यान्मारका शासकलाई सजिलो चाहिँ छैन । विगतमा पटक-पटक खल्बलिएको विश्वासमा त्यत्ति छिटै सुकेर जाला भन्ने आशा छैन । अमेरिका, युरोपलगायतका पश्चिमी शक्तिराष्ट्रहरूले आफू सशंकित रहनुका एक होइन अनेक कारण देखाउने गरेका छन् । हजारौंको संख्यामा राजनीतिक विरोधीहरूलाई थुन्नु र विद्रोहीहरूलाई सैनिक शक्ति लगाएर मार्नु कसरी लोकतान्त्रिक कार्य ठहर्छ ? पश्चिमाहरू प्रश्न गर्छन् । साथै, रखाइन प्रान्तबाट रोहिंग्या अल्पसंख्यक समुदायलाई लखेट्नुलाई कसरी जायज मान्ने ? जगजाहेर छ, झण्डै आठ लाख रोहिंग्या बंगलादेशका शरणार्थी शिविरमा छन् । यसै पाटोलाई समातेर इण्डोनेसियाको एक मानव-अधिकार समूहले हालै अदालतमा मुद्दा दायर गरेको छ ।

यसपालिको संसदीय निर्वाचनलाई पश्चिमाहरूले देखावटी सुधार मानेका छन् किनभने त्यसमा सेनाको समर्थन नगर्ने राजनीतिक दलले भाग लिने पाएनन् । तसर्थ निष्पक्ष वा स्वच्छ चुनाव भयो भन्ने पश्चिमा मत छैन । लोकतान्त्रिक आवरण दिएर सैनिक शासनलाई नै निरन्तरता दिन खोजिएको छ भन्ने तिनीहरूको प्रतिकृया छ । जनरलले सैनिक बर्दी फुकालेर गैरसैनिक पहिरन लगाउँदैमा सही बाटो समातेको ठान्न सकिन्न भन्ने आकलन छ । पश्चिमाहरू नयाँ सेनाप्रमुख नयाँ राष्ट्रपतिप्रति बफादार अधिकृत हुन् र संसद्का बहुसंख्यक सदस्य पनि सेनाकै अनुकूल भएको ठान्दछन् ।

हुन पनि हो, विगतका असफल लोकतान्त्रिक अभ्यासले धेरै आशावादी हुने ठाउँ दिँदैन । सन् १९९० मा भएको बहुदलीय निर्वाचनमा सू चीको दल ठूलो मतले विजयी भएको थियो, तर सैनिक नेतृत्वले सू ची लाई सत्ता सुम्पिन मानेन । सू चीका पति विदेशी भएकाले सत्ता हस्तान्तरण गर्नु राष्ट्रका लागि जोखिमयुक्त हुने तर्क दिइयो । सन् २०१६ मा गराइएको निर्चाचनमा सू चीको दल 'नेसनल लिग फर डेमोक्रेसी' (एन् एल् डी) ले फेरि दरिलो जनमत पायो र त्यो पटक भने उनलाई 'स्टेट काउन्सेलर' को दर्जा दिएर सरकारको नेतृत्व गर्ने मौका दिइयो । उनले लोकतान्त्रिक पद्धतिको जग बलियो तुल्याउने हिसाबले आर्थिक विकासका आयोजनाहरू लागू पनि गराइन् । यसबारे सू चीको सरकारमा आर्थिक सल्लाहकार रहेका अष्ट्रेलियाका अर्थशास्त्री सीन टर्नेलको पुस्तक (सन् २०२४) मा दिगो विकासबारे विस्तृत जानकारी दिएका छन् । हो, त्यसै कालखण्डका उपलब्धिको आधारमा सन् २०२० को निर्वाचनमा सू चीको दलले अझ बलियो बहुमत पाएको थियो तर सेनाप्रमुखले धाँधली भयो भनेर निर्वाचनलाई नै अवैध घोषित गरिदिएका थिए ।

अन्त्यमा-

समग्रमा, यसपालिको लोकतान्त्रिक अभ्यासबाट निर्मित सरकारले गर्ने, गराउने परिवर्तन दिगो हुन सकेछ भने पश्चिमाहरू स्वतः निरुत्तर हुनेछन् । तिनले के पनि बुझ्नुपर्नेछ भने पश्चिमी ढाँचा वा मान्यताको लोकतन्त्रलाई हुबहु नक्कल गर्दैमा त्यो अन्य महादेशका देश, प्रदेशको हावा-पानी-माटोमा सर्छ वा फस्टाउँछ भन्न सकिँदैन । लोकतन्त्र मजबुत हुन भौगोलिक अवस्थिति र सामाजिक परिवेश मिल्दोजुल्दो हुनु पर्छ । एसियामा उत्पन्न समस्याको हल अमेरिका अथवा युरोपको अनुपान (प्रेस्क्रिप्सन) बाट निस्किन सक्दैन । सिंगापुर, मलेसिया, इण्डोनेसिया जस्ता देशहरूको अनुभवले यसै वास्तविकताको पुष्टि गरेका छन् । भन्नु परोइन, पूर्वीय मान्यता 'बहुजनहिताय बहुजन सुखाय' को सिद्धान्तमा आधारित छ भने पश्चिमा सोच व्यक्ति-व्यक्तिको हक, अधिकारलाई सर्वोपरि ठान्दछ ।

सुशासनको जग बसाल्ने मौका



श्याम न्यौपाने

विसं २०८२ को आमनिर्वाचन केवल सत्ता परिवर्तनको साधारण घटना थिएन । परम्परागत दलको नागरिकमैत्री हुन नसकेको शासन शैली र तिनीहरूप्रतिको अविश्वासको परिणाम हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्राप्त गरेको अभूतपूर्व जनादेशले नेपाली राजनीतिमा जकडिएको 'पराजित मानसिकता' लाई जरैदेखि उखेलेको छ ।

भदौ २३ र २४ को 'जेनजी' (आन्दोलनले स्थापित गरेको 'परिणाममुखी राजनीति' नै यो सरकारको जग हो । अबको सिंहदरबार नागरिकको शासक होइन, सेवक बन्नु पर्छ । सुशासन, आर्थिक सार्वभौमिकता र प्रशासनिक सबलीकरणमा सरकार केन्द्रित हुनु पर्छ । बालेन सरकारको उदयको मुख्य आधार 'भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता' हो । अब दोषी उम्कनु हुँदैन भने निर्दोष फस्नु हुँदैन भन्ने मान्यताले प्रश्रय पाउनु पर्छ । राज्यकोषबाट दुरुपयोग भएको प्रत्येक रुपियाँ ब्याजसहित फिर्ता हुनु पर्छ । मन्त्रीपरिषद्बाटै विसं २०४७ पछिका सबै उच्चपदस्थ अधिकारी र बिचौलियाको सम्पत्ति छानबिन गर्न पूर्णतः स्वायत्त 'उच्चस्तरीय सम्पत्ति जाँचबुझ न्यायिक आयोग' गठन गरिनु पर्छ । अवैध ठहरिएको सम्पत्ति तत्काल जफत गरी 'राष्ट्रिय पुनरुत्थान कोष' मा जम्मा गर्ने कानुनी अधिकार यस आयोगलाई दिने व्यवस्था मिलाउनु पर्छ ।

प्रक्रियागत सुशासनका लागि काठमाडौँ महानगरको 'लाइभ ब्रोडकास्ट' अवधारणालाई सङ्घीय मन्त्रीपरिषद् र राष्ट्रिय महत्त्वका निर्णयमा विस्तार गरिनु आवश्यक छ । 'नेपाल डिजिटल गभर्नेन्स पोर्टल' मार्फत हरेक सरकारी खर्च र ठेक्कापट्टालाई नागरिकले 'रियल-टाइम' ट्र्याक गर्न सक्ने प्रणाली विकास गरिनु पर्छ । 'क्रोनी क्यापिटालिज्म' को अन्त्य गर्नु नै बालेन सरकारको सबैभन्दा ठुलो नैतिक परीक्षा हुने छ ।

अर्थतन्त्र 'भेन्टिलेटर' मा छ । जिडिपीमा २५ प्रतिशत रेमिट्यान्सको हिस्सा हुनु जोखिमको सूचक हो । बालेन सरकारले आगामी पाँच वर्षमा अर्थतन्त्रलाई एक सय बिलियन डलरको क्लबमा पुऱ्याउने लक्ष्य राख्नु पर्छ । यसका लागि नेपाललाई विश्वको 'आउटसोर्सिङ डेस्टिनेसन' बनाउन 'डिजिटल भिलेज' र 'टेक पार्क' हरूमा लगानी बढाउनु पर्छ । 'नेपाल टेक मिसन' मार्फत वार्षिक एक लाख युवालाई एआई र साइबर सुरक्षामा तालिम दिई विश्व बजारमा जोड्नु पर्छ । कृषिमा केवल अनुदान बाँडेर सुधार हुँदैन । अब 'फार्म टु फोर्क' (खेतदेखि मान्सासम्म) को आपूर्ति शृङ्खला निर्माण गरी बिचौलियाको अन्त्य गरिनु पर्छ । इजरायल र नेदरल्यान्ड्सको प्रविधि प्रयोग गरी बाँझो जमिनमा व्यावसायिक उत्पादन सुरु गर्नु पर्छ । पुँजीगत खर्च सुधारका लागि 'प्रोजेक्ट बैङ्क' अनिवार्य गर्दै फास्ट ट्र्याक र मेट्रो रेल जस्ता आयोजनामा २४ सै घण्टा काम हुने वातावरण बनाउन सके समृद्धिको जग बस्ने छ ।

प्रक्रियामा अल्झिएको कर्मचारीतन्त्रलाई 'एक्सन ओरिएन्टेड' शैलीमा रूपान्तरण गर्न आवश्यक छ । अनावश्यक विभाग र समिति खारेज गरी 'राइट-साइजिङ' मार्फत साधारण खर्च कटौती गर्नु पर्छ । एक मन्त्रालय, एक सचिवको नीति र कर्मचारीतन्त्रमा राजनीतिक भागबन्डाको अन्त्य गरी योग्यता प्रणाली बहाली गर्नु अनिवार्य छ ।

नागरिकता, राहदानी र लाइसेन्सका लागि नागरिकले लाइन बस्नुपर्ने बाध्यतालाई डिजिटल गभर्नेन्समार्फत अन्त्य गरिनु पर्छ । सरकारले १०० प्रतिशत डिजिटल सेवा प्रवाह सुनिश्चित गर्नु पर्छ, जहाँ नागरिकले घरैबाट सरकारी सेवा पाऊन् । कार्यसम्पादनमा आधारित प्रोत्साहन र दण्ड प्रणाली विकास गरी प्रशासनलाई साँचो अर्थमा जनताको सेवक बनाउनु पर्छ ।

मानव पुँजी नै समृद्धिको आधार हो । काठमाडौँ महानगरपालिकामा बालेन शाहले लागु गरेको 'बुक-फ्री फ्राइडे' जस्ता कार्यक्रमलाई देशैभरि संस्थागत गर्दै फिनल्यान्डको जस्तो व्यावहारिक शिक्षा प्रणाली लागु गरिनु पर्छ । विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी अनुसन्धान केन्द्र बनाइनु पर्छ । स्वास्थ्य क्षेत्रमा 'आधार भूत स्वास्थ्य सेवा नागरिकको मौलिक हक' भन्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्येक जिल्ला अस्पतालहरूलाई विशेषज्ञ सेवायुक्त बनाउन ढिला गर्नु हुन्न । स्वास्थ्य बिमाको झन्झट हटाई निजी अस्पतालको शुल्क नियमन गर्नु सरकारको दायित्व हुने छ ।

नेपालको जलविद्युत् हाम्रो आर्थिक मेरुदण्ड हो । 'ऊर्जा कूटनीति' मार्फत भारत र बङ्गलादेशसँग दीर्घकालीन व्यापार सम्झौता गर्दै नेपाललाई दक्षिण एसियाको पावर हाउस बनाउनु पर्छ । स्वदेशमै सस्तो बिजुली उपलब्ध गराई विद्युतीय सवारी र उद्योगलाई प्रोत्साहन दिएमा पेट्रोलियम आयातको अर्बौं खर्च जोगिने छ । वातावरण संरक्षणमा 'वेस्ट-टु-एनर्जी' प्लान्ट स्थापना गरी दिगो पर्यटनको मोडल अपनाउनु पर्छ ।

बदलिँदो भूराजनीतिमा बालेन सरकारले छिमेकी र शक्ति राष्ट्रसँग सन्तुलित सम्बन्ध राख्नु पर्छ । हाम्रो परराष्ट्र नीतिको मूलमन्त्र नेपाल फस्ट हुनु पर्छ । नेपाललाई दुई ढुङ्गाबिचको तरुल मात्र होइन, दुई ठुला अर्थतन्त्रलाई जोड्ने गतिशील पुल बनाइनु पर्छ । विदेशमा रहेका ५० लाख नेपालीको सम्मान र सुरक्षाका लागि कूटनीतिक सुधार गर्दै उनीहरूलाई मतदानको अधिकार सुनिश्चित गर्नु यो सरकारको लोकतान्त्रिक दायित्व हो ।

बालेन शाहको यो कार्यकाल इतिहासकै कठिन तर अवसरले भरिएको समय हो । पुराना शक्तिको अवरोध, कानुनी जटिलता र भूराजनीतिक चासोबिच उहाँले बाटो पहिल्याउनुपर्ने छ । उहाँसँग एउटा यस्तो अस्त्र छ जुन विगतका शासकसँग थिएन त्यो हो जनताको निःस्वार्थ साथ र भरोसा । यो सरकारले पहिलो एक सय दिनमा केही भ्रष्टाचारीलाई कठघरामा उभ्याउन र सरकारी सेवामा सहजता ल्याउन सक्यो भने अबकी बार बालेन सरकार केवल चुनावी नारा मात्र रहने छैन, यो नेपालको पुनर्जन्मको महागाथा बन्ने छ । बालेन शाह केवल एक व्यक्ति मात्र नभई नयाँ पुस्ताका सपनाका प्रतिविम्ब हो । ती सपनालाई टुट्न दिने छुट उहाँलाई इतिहासले दिने छैन । यो समय केवल बालेनको परीक्षाको मात्र होइन, समग्र नेपालको भविष्यको फैसला हुने घडी हो ।

अर्थतन्त्रमा सङ्कटभित्र अवसर





माधव तिमल्सिना

सन् २०२६ को सुरुवातसँगै विश्व राजनीति र अर्थतन्त्रले भयानक मोड लिएको छ । दशकौँदेखि अशान्त रहेको मध्यपूर्व, विशेष गरी इरान र इजरायल-अमेरिकाबिचको प्रत्यक्ष सैन्य टकरावले विश्वलाई तेस्रो विश्वयुद्धको सँघारमा पुऱ्याएको महसुस गराएको छ। यो केवल दुई देशबिचको जमिनको लडाइँ मात्र रहेन, यसले विश्वव्यापी ऊर्जा, श्रमबजार, सुरक्षा र आपूर्ति शृङ्खलामा ठुलो धक्का दिएको छ। विश्वको कुल कच्चा तेल आपूर्तिको झन्डै एक तिहाइ हिस्सा ओगट्ने मध्यपूर्वका रणनीतिक जलमार्ग, विशेष गरी हर्मुज जलसन्धिमा उत्पन्न अवरोधले तेलको मूल्यलाई अनपेक्षित उचाइमा पुऱ्याएको छ। जलमार्ग अवरुद्ध हुँदा ढुवानी खर्च अकासिएको छ । यसको प्रत्यक्ष बाछिटा नेपाल जस्तो पूर्ण रूपमा आयातमा निर्भर र भूपरिवेष्टित मुलुकको अर्थतन्त्रमा पर्नु स्वाभाविक हो । नेपालको अर्थतन्त्रको जग मानिने विप्रेषण, पर्यटन र बाह्य व्यापार तीन वटै क्षेत्र अहिले 'रेड जोन' मा देखिएका छन् । नेपालको अर्थतन्त्र बाह्य धक्काप्रति संवेदनशील छ । मध्यपूर्वको युद्धले नेपाललाई निम्न प्रमुख छ क्षेत्रमा प्रहार गर्ने देखिन्छ ।

> अबको मूल मन्त्र 'खपतमा मितव्ययिता, उत्पादनमा आत्मनिर्भरता र वितरणमा न्याय' हुनु पर्छ । सरकार, निजी क्षेत्र र आमनागरिक एकजुट भएर लाग्ने हो भने मध्यपूर्वको राँकोले नेपालको अर्थतन्त्रलाई पोल्न पाउने छैन ।

विप्रेषणमा गिरावट र श्रम सङ्कट

नेपालको कुल गार्हस्थ उत्पादनको करिब एक तिहाइ हिस्सा विप्रेषणले धानेको छ । नेपालबाट वैदेशिक रोजगारीमा जाने कुल श्रमिकमध्ये करिब ७५-८० प्रतिशत खाडी मुलुक (कतार, साउदी अरेबिया, युएई, कुवेत, ओमान) र इजरायलमा केन्द्रित छन्। यी देशमा युद्धको प्रत्यक्ष प्रभाव पर्दा नेपालको आर्थिक क्षेत्रमा गम्भीर सङ्कट पैदा भई विप्रेषणमा भारी कटौती हुँदा समग्र अर्थव्यवस्था नै गम्भीर मोडमा पुग्न जान्छ।

युद्धका कारण ती देशहरूले आफ्नो बजेट रक्षा क्षेत्रमा केन्द्रित गर्दा निर्माण र सेवा क्षेत्रका काम रोकिन्छन्, जसले नेपाली श्रमिकको माग घटाउँछ। युद्ध क्षेत्रमा रहेका लाखौँ नेपालीको जीवन रक्षा गर्नु सरकारको पहिलो दायित्व बन्छ । उनीहरूलाई सुरक्षित फिर्ता ल्याउनुपर्ने स्थिति आएमा देशले रेमिट्यान्स मात्र गुमाउँदैन, बरु बेरोजगार युवाको व्यवस्थापन गर्ने ठुलो आन्तरिक चुनौती पनि सामना गर्नुपर्ने हुन्छ । यसले दीर्घकालीन रूपमा समेत ठुलो असर पार्छ।

पेट्रोलियम पदार्थ र ऊर्जा सङ्कट

नेपालले आफ्नो शतप्रतिशत इन्धन आवश्यकता आयातबाट पूरा गर्छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य ४१०० प्रति ब्यारेल नाघ्नेबित्तिकै नेपाल आयल निगमको घाटा बढ्ने र स्थानीय बजारमा मूल्यवृद्धि हुने निश्चित छ। जसले समग्र उपभोक्ता बजार र आपूर्ति चक्रलाई समेत ठुलो असर पार्ने हुँदा आमनागरिकको जीवनस्तरमा कष्टप्रद बन्ने छ। इन्धन महँगो हुनुको अर्थ केवल पेट्रोल र डिजेल महँगो हुनु मात्र होइन । यसले सार्वजनिक यातायात, खाद्यान्न ढुवानी र निर्माण सामग्रीको लागत बढाउँछ। यसले उपभोक्ताको क्रयशक्ति घटाउँछ र मुद्रास्फीतिलाई दोहोरो अङ्कमा पुऱ्याउँछ।

नेपालको आयात बिल निकै ठुलो छ। युद्धका कारण अन्तर्राष्ट्रिय डलर बलियो हुँदा र आयातित वस्तुको मूल्य बढ्दा नेपालको वैदेशिक मुद्रा सञ्चिति तीव्र गतिमा घट्न सक्छ । यसले पनि समग्र वित्त प्रणालीमा नकारात्मक असर पुग्न गई देशको समग्र वैदेशिक मुद्रा सञ्चितिमा चाप पर्न जान्छ । रासायनिक मल, औषधीजन्य कच्चा पदार्थ/विभिन्न औद्योगिक कच्चा पदार्थ र इलेक्ट्रोनिक्स वस्तुको आयातमा हुने ढिलाइले कृषि उत्पादन र औद्योगिक क्षेत्रलाई प्रत्यक्ष असर पार्छ । यसबाट समग्र बजारमा माग र आपूर्तिको विमेल हुन गई बजार शृङ्खलामा ठुलो असर पुऱ्याउँछ।

अन्य देशले चालेका कदम

विश्वका विभिन्न मुलुकले यो सङ्कटलाई एउटा पाठको रूपमा लिँदै 'ऊर्जा सुरक्षा' र 'आपूर्ति विविधीकरण' मा काम गरिरहेका छन्। नेपालले पनि यसलाई गम्भीर रूपमा लिई ढिला नगरी विशेष रणनीति तयार गरी तिनै तहको सरकारबिच आपसी समन्वयमा प्रभावकारी कदम चाल्नु पर्छ। भारतले रुसी तेलको आयात बढाएर आपूर्ति सुनिश्चित गर्ने र खाद्यान्न निर्यातमा कडा नियमन गरी आन्तरिक बजार सुरक्षित गर्ने काम गरिरहेको छ। घरायसी र व्यावसायिक क्षेत्रमा फरक फरक योजना लागु गर्दै औद्योगिक कच्चा पदार्थमा विशेष छुट दिने काम भइरहेको छ।

जापान र दक्षिण कोरियाले सार्वजनिक यातायातमा भारी सहुलियत दिएर नागरिकलाई निजी सवारी छोड्न प्रोत्साहित गर्नेलगायत विभिन्न अल्पकालीन, दीर्घकालीन योजना लागु गर्दै छन्।

नेपालले तत्काल चाल्नुपर्ने कदम

नेपालले यो सङ्कटसँग जुध्न केवल 'पर्ख र हेर' को रणनीति लिएर पुग्दैन । सरकारले 'युद्धकालीन अर्थतन्त्र' को मोडलमा काम गर्नु पर्छ। यसमा सबै पक्षसँग तत्काल संवाद सुरु गर्दै विभिन्न खाले विकल्प खुला गर्दै कर, भन्सार कम प्रयोग सार्वजनिक मितव्ययिता अपनाउन ढिला गर्नु हुँदैन । नेपाल सरकारले तत्काल विशेष कार्ययोजना घोषणा गर्न आवश्यक छ।

विद्युतीय चुलोको अभियान : एलपी ग्यासमा दिइने अनुदान कटौती गरी विद्युतीय चुलोमा अनुदान दिने र बिजुलीको महसुलमा 'सङ्कटकालीन छुट' दिने सम्पूर्ण प्रयोगकर्ता (घरायसी र व्यवसायी) आकर्षित गर्न विभिन्न कार्यक्रम तत्काल घोषणा गरी कडाइका साथ कार्यान्वयन गर्नु पर्छ।

सवारीसाधनमा नियन्त्रण : सरकारी कार्यालयमा विलासी सवारीको प्रयोग रोक्ने, जोर-बिजोर प्रणाली लागु गर्ने र सार्वजनिक यातायातलाई चौबिसै घण्टा सञ्चालन गर्ने वातावरण बनाउने।

आपूर्ति व्यवस्था र कृत्रिम अभाव नियन्त्रण : युद्धको खबर सुन्नेबित्तिकै बजारमा सामान लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने र मूल्य बढाउने गिरोह सक्रिय हुन्छ। यस्ता कार्यलाई तत्काल नियन्त्रण र नियमन गर्न विशेष संयन्त्रलाई प्रभावकारी परिचालन गर्नु पर्छ।

बजार अनुगमन : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयबिच समन्वय गरी दैनिक अनुगमन गर्ने। कालोबजारी, कृतिम अभाव, सिन्डिकेट, काट्टेलिङ गर्नेहरूलाई तत्काल कडा कारबाही गर्ने राम्रा गर्नेलाई पुरस्कृत गर्ने कार्यको थालनी गर्ने।

बफर स्टक : साल्ट ट्रेडिङ र खाद्य व्यवस्था कम्पनीमार्फत कम्तीमा छ महिना पुग्ने चामल, दाल, नुन, चिनीलगायत अन्य अत्यावश्यक वस्तुको मौज्दात सुनिश्चित गर्न औषधीलगायत अन्य सामग्री व्यवस्था गर्न विशेष सहयोग आवश्यक समन्वय तिनै तहको सरकारमार्फत विशेष कार्यक्रम सञ्चालन गर्ने।

कृषि उत्पादनमा आत्मनिर्भरता : विदेशी मुद्रा बचाउने सबैभन्दा उत्तम उपाय भनेको आयात घटाउनु हो । बाँझो जमिन उपयोगः स्थानीय तहमार्फत 'बाँझो जमिन उपयोग' कार्यविधि लागु गरी खेतीपातीमा युवालाई प्रोत्साहन गर्ने।

मलको जोहो : आगामी खेतीको सिजनलाई ध्यानमा राख्दै 'जिटुजी' माध्यमबाट भारत वा अन्य मुलुकसँग तत्काल रासायनिक मल खरिद गर्ने।

वैदेशिक रोजगारी र श्रमिक सुरक्षा : मध्यपूर्वमा रहेका लाखौँ नेपालीको सुरक्षा सरकारको पहिलो प्राथमिकता हुनु पर्छ । प्रभावित क्षेत्रका दूतावासमा थप जनशक्ति परिचालन गर्ने र आपत्कालीन उद्धारका लागि विमान तयारी अवस्थामा राख्ने। ठुलो सङ्ख्यामा नेपाली फर्कनु परेमा उनीहरूको सिप परीक्षण गरी कृषि, निर्माण र जलविद्युत् आयोजनामा रोजगारी दिने योजना आजैबाट ल्याउनु पर्छ । जसका लागि तिनै तहको सरकारबिच आवश्यक समन्वयको काम गर्ने।

दीर्घकालीन रणनीतिक हस्तक्षेपको आवश्यकता

अल्पकालीन कदमले तत्कालको सङ्कट टार्न सक्छ तर नेपालले यस्ता वैश्विक सङ्कटबाट बच्न दीर्घकालीन रूपमा आत्मनिर्भरताको बाटो समात्नै पर्छ। नेपालसँग हाल मुस्किलले १०-१२ दिनलाई पुग्ने इन्धन भण्डारण क्षमता छ। यसलाई बढाएर कम्तीमा तीन महिना पुग्ने गरी सातै प्रदेशमा ठुला भण्डारण केन्द्र बनाउनु पर्छ। केवल जलविद्युत्मा मात्र भर नपरी सौर्य र वायु ऊर्जालाई पनि राष्ट्रिय प्रसारण लाइनमा जोड्नु पर्छ। नेपालले आफ्ना मौलिक उत्पादन (चिया, कफी, अलैँची, अदुवा, छुर्पी, जडीबुटी, दुध तथा दुधजन्य पदार्थ) लाई विश्व बजारमा पुऱ्याएर डलर आम्दानीको स्रोत विविधीकरण गर्नु पर्छ।

सङ्कटभित्रको अवसर

मध्यपूर्वको युद्ध नेपालका लागि एउटा कठोर परीक्षा हो। यसले हाम्रो परनिर्भर अर्थतन्त्र कति कमजोर छ भन्ने ऐना देखाइदिएको छ। इतिहास साक्षी छ-हरेक सङ्कटले परिवर्तनको ढोका पनि खोल्छ। सरकारले साहसका साथ इन्धन खपत घटाउने, आन्तरिक उत्पादन बढाउने र बजारमा अनुशासन कायम गर्ने हो भने यो सङ्कटलाई ' आर्थिक रूपान्तरण' को अवसरमा बदल्न सक्छौँ।

अबको मूल मन्त्र 'खपतमा मितव्ययिता, उत्पादनमा आत्मनिर्भरता र वितरणमा न्याय' हुनु पर्छ । सरकार, निजी क्षेत्र र आम नागरिक एकजुट भएर लाग्ने हो भने मध्यपूर्वको राँकोले नेपालको अर्थतन्त्रलाई पोल्न पाउने छैन। यसका लागि सरकार निजी क्षेत्र सबै राजनीतिक दल आमउपभोक्ता राज्यप्रति जिम्मेवार हुनु आवश्यक छ।

सरकारको कार्यभार



सरोजदिलु विश्वकर्मा

राष्ट्रिय स्वतन्त्र पार्टीले फागुन २१ को चुनावमा दुई तिहाइ सिट प्राप्त गरेपछि चैत १३ गते पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भयो । महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुनु, मधेशी, जनजातिले महत्त्वपूर्ण भूमिका प्राप्त गर्नु, अझ अति सीमान्तकृत दलित जातिबाट महिलालाई समावेश गरिनुले संविधानको समावेशी मर्म र भावनालाई यो सरकार गठन हुँदा पूर्ण रूपमा सम्बोधन भएको देखिन्छ । सरकार जेनजी आन्दोलनको पृष्ठभूमिमा मात्र निर्माण नभई लोकतन्त्रको पहरेदारसमेत रहेको स्पष्ट सङ्केत देखा पनि परेको छ। अर्को कुरा नेपाली राजनीतिमा सत्ता प्राप्तिलाई नाफाघाटा वा उमङ्ग र उत्सवका रूपमा लिने गरिएको इतिहासलाई परिवर्तन गर्दै सरकारमा जानु भनेको चुनौतीको सामना गर्ने अवसर हो भन्ने पनि स्थापित भएको छ। त्यसैले यो परिवर्तन युगान्तकारी मात्र नभई लोकतन्त्रको निर्णायक मोड पनि हो।

झन्डै दुई तिहाइको जनादेश प्राप्त सरकार भएकाले नेपाली जनताले सोही अनुपातकै आशा यस सरकारबाट गरेका छन् । अन्य पार्टीले आजसम्म गर्न नसकेका, नभ्याएका विकास र निकासका कार्य यो सरकारले गर्नु छ भने पुरानाले बिगारेका कार्यलाई सुधारेर सही मार्गमा ल्याउनु छ । त्यसका लागि प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहसँग काठमाडौँ महानगरपालिकाको सफल अनुभव छ। साथै प्रधानमन्त्रीसँग नेपाली जनताले निकै ठुलो आशा र भरोसा पनि गरेका छन्। रास्वपा सरकारबाट आमचुनौतीलाई चिर्दै नयाँ युगको थालनी हुने विश्वास यतिबेला गर्न सकिन्छ।

नयाँ सरकारले सय वटा कार्यसूची पहिलो मन्त्रीपरिषद् बैठकबाट नै सार्वजनिक गरिसकेको छ। ती सूचीभित्र रहेका र तीबाहेक सरकारले गर्नुपर्ने केही गहन कार्य छन्। पहिलो त यो सरकारको प्रमुख चुनौती भनेको मुखियावादी राजनीतिक संस्कारलाई 'ब्रेक' गर्नु हो । चुनावमा ठुला मुखिया र साना मुखियाले टिकट पाउने, तिनैले धन, बल र शक्ति प्रयोग गरेर चुनाव जित्ने, पहुँचविहीन समुदायका लागि छुट्याइएको समानुपातिक कोटामा समेत तिनकै नातागोता आफन्तले कब्जा गर्ने, सामान्य नियुक्तिदेखि राजदूत, महाप्रबन्धक वा संस्थाका प्रमुखको नियुक्ति सरुवाबढुवा गर्दा भेटी चढाउनुपर्ने र नियुक्ति भएपछि सोही अनुसारका अनियमितता गर्नुपर्ने राजनीतिक कुसंस्कारलाई भत्काउनु पर्छ।

यसै गरी दलित, उपेक्षित समुदायमाथि भएको तिरस्कार र अपमान तथा विभेदलाई स्वीकार गर्दै राज्यका तर्फबाट माफी माग्ने कार्यक्रम सरकारको एउटा ऐतिहासिक र क्रान्तिकारी कदम हो । अब माफी मागेर मात्र समस्याको समाधान हुँदैन । माफी मागेपछि सोही अनुसार दलित उत्पीडितका आर्थिक, सामाजिक र सांस्कृतिक विकासका समावेशी कार्यक्रम सञ्चालन हुनु पर्छ। विभेदलाई निमिट्यान्न पार्न राज्यका संयन्त्रलाई चलायमान बनाउन सक्नु पर्छ । नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा २४ र धारा ४० लाई कार्यान्वयन गर्न एकीकृत ऐन निर्माण गरी लागु गर्नु आवश्यक छ । साथै जातीय छुवाछूत तथा कसुर संहिता ऐन, २०६८ को कार्यान्वयन पक्षलाई सार्थक बनाउनु पर्छ। सरकारले जातीय विभेद हेरेर बस्नुभन्दा त्यस्ता विभेद कहाँ छन्, खोजेर न्याय दिनु पर्छ।

अर्को विषय भनेको यो सरकार जेनजी आन्दोलनको पृष्ठभूमिबाट निर्माण भएको हो । त्यसैले पहिलो अधिवेशनमै संसद्ले जेनजीका मुद्दामा सङ्कल्प पारित गर्नु पर्छ । यो मुलुकमा भ्रष्टाचार एउटा संस्कृति बनिसकेको छ। भ्रष्टाचार ठुला नेता वा पदाधिकारीमा मात्र सीमित रहेन, तह अनुसार सिंहदरबारदेखि तल्लो तहसम्म रहेको छ । यसर्थ यसलाई जरैदेखि उखेल्ने खालका दण्डसजाय र जनचेतनाका कार्यक्रम सञ्चालन गर्नु पर्छ । जुनसुकै र जतिसुकै राम्रो तथा प्रगतिशील सरकार आए पनि मुलुकले फड्को नमार्नुको अर्को मुख्य कारण संवैधानिक व्यवस्थालाई पनि लिने गरिएको छ । त्यसैले शासकीय व्यवस्थामा पनि पुनर्निवचार गर्नुपर्ने छ । यसका लागि 'संविधान संशोधन बहसपत्र' तयार गर्न कार्यदल पनि गठन भइसकेको छ । विगतका अनुभवले हाम्रो शासकीय प्रणालीमा परिवर्तन गर्नुपर्ने देखिएको हो । नेपालमा जर्मन मोडल वा अमेरिकी मोडलको शासकीय प्रणाली उपयुक्त हुन पनि सक्छ । यो प्रणालीमा कार्यकारी राष्ट्रपतीय पद्धति हुन्छ । राष्ट्रपति सिधै जनताप्रति उत्तरदायी हुन्छन् । यसबाहेक हाम्रो निर्वाचन प्रणाली र सङ्घीय शासनव्यवस्था अति नै भद्दा र खर्चिलो छ। तिनलाई जनताको चाहना अनुसार परिमार्जन गरी सर्वसाधारणले निर्वाचनमा सहज भाग लिन सक्ने प्रणाली बसाल्नुपर्ने हुन्छ भने सङ्घीयताको विषयमा संसद्मा पुनः व्यापक छलफल हुनै पर्छ।

यसै गरी न्यायालयका व्यवस्थाप्रति पनि पुनर्विचार गर्न सकिन्छ । यसका कमीकमजोरी अहिलेसम्म के देखिए, त्यसलाई कसरी समाधान गर्ने भन्नेमा हामीले ध्यान दिनु पर्छ। न्याय क्षेत्रको सेवा लिँदा वा नियुक्तिमा पनि लेनदेन हुने गरेको छ, मोलमोलाइ हुने गरेको छ भन्ने आमगुनासो रहिआएको छ । अतः न्यायालयलाई कसरी सुधार गर्न सकिन्छ, त्यसमा पक्कै पनि यो सरकारले काम गर्ने छ । अझ न्यायाधीशबाट गलत र अवैज्ञानिक न्याय सम्पादन नहोस् भन्नेतर्फ सबै सचेत हुनु जरुरी छ। सरकारले सम्पत्ति शुद्धीकरणका फाइल खोलेको छ । यो मुद्दामा सबै क्षेत्रका मानिसको सोधखोज हुनु पर्छ । अकुत सम्पत्ति कमाउने कुनै पनि क्षेत्रका व्यक्तिलाई उन्मुक्ति दिनु हुँदैन । त्यसका लागि सरकारले पहल गर्नु पर्छ।

अर्को भनेको हाम्रो पुरानो एकात्मक कर्मचारीतन्त्र र तिनले बनाएका नीति नियमका कारण सेवाग्राही जनताले दुःख पाउने गरेका छन् । यो कर्मचारीतन्त्रका कारण राज्यले विनियोजन गरेको बजेट ४० प्रतिशत पनि खर्च नहुने अवस्थामा छ। जेठ १५ गते बजेट ल्याएर असार मसान्तसम्ममा पारित गरिसक्दा पनि हाम्रो विकासनिर्माणको कामले गति लिन सकेको छैन । आर्थिक वर्ष सकिन लाग्दा बल्ल कामको थालनी हुने र काम नसक्दै फर्स्योट गरिहाल्नुपर्ने प्रणाली छ, जसका कारण कुनै पनि

> प्राकृतिक स्रोत व्यवस्थापनको सवालमा राज्य थोरबहुत उदार हुनै पर्छ । हामीसँग प्रशस्त प्राकृतिक स्रोतसाधन र सम्भावना छन् । विदेशमा बजार छ । यी राखिरहनुभन्दा तिनको बजार खोजी त्यसबाट आएको लाभले देशको आर्थिक विकास गर्नु उपयुक्त हुन्छ । प्रकृतिले दिएको वरदानलाई उपार्जनमा लगाउने कार्यक्रमसमेत सरकारले ल्याउनु पर्छ । यी सबै व्यवस्था गर्नका लागि प्रथमतः संविधान संशोधन आवश्यक छ । संशोधनका लागि जनताको घरदैलोमा जाने, स्थानीय समस्याको पहिचान गर्ने, विज्ञको परामर्श लिने कार्यलाई सरकारले तत्काल अघि बढाउनु पर्छ । अझ यो वर्ष त संविधानको पुनः मूल्याङ्कन गर्ने वर्ष पनि हो ।

योजना समयमा सुरु हुँदैनन् र समयमा सकिने गरेका छैनन्। कर्मचारी र ठेकेदार वा भेन्डरको मिलेमतोमा कागजी काम मात्र हुँदै आएको छ। यसलाई चिर्नका लागि कर्मचारीलाई काम अनुसार तलब भुक्तानी हुने व्यवस्था गर्नु पर्छ। अर्थात् दिन वा महिनामा यति काम सम्पन्न गर्नैपर्ने भनेर तोकिदिनु पर्छ। निर्धारित परिणामको काम सम्पन्न गरेपछि मात्र उसले तलब पाउने व्यवस्था हुनु पर्छ। अझ कर्मचारीलाई स्थायी सेवा नभई पाँच/पाँच वर्षमा नवीकरणको व्यवस्था हुनु पर्छ। प्रत्येक कर्मचारीको वार्षिक लेखा परीक्षण हुनु पर्छ, जुन प्रणाली युरोप, अमेरिका तथा बेलायतमा छ । यसो भयो भने मात्र सरकारको सुशासनको कार्यसूचीले गति लिने छ।

प्राकृतिक स्रोत व्यवस्थापनको सवालमा राज्य थोरबहुत उदार हुनै पर्छ । हामीसँग प्रशस्त प्राकृतिक स्रोतसाधन र सम्भावना छन् । विदेशमा बजार छ । यी राखिरहनुभन्दा तिनको बजार खोजी त्यसबाट आएको लाभले देशको आर्थिक विकास गर्नु उपयुक्त हुन्छ । प्रकृतिले दिएको वरदानलाई उपार्जनमा लगाउने कार्यक्रमसमेत सरकारले ल्याउनु पर्छ। यी सबै व्यवस्था गर्नका लागि प्रथमतः संविधान संशोधन आवश्यक छ। संशोधनका लागि जनताको घरदैलोमा जाने, स्थानीय समस्याको पहिचान गर्ने, विज्ञको परामर्श लिने कार्यलाई सरकारले तत्काल अघि बढाउनु पर्छ । अझ यो वर्ष त संविधानको पुनः मूल्याङ्कन गर्ने वर्ष पनि हो। त्यसो त कुनकुन विषयमा संविधानमा संशोधन आवश्यक छ, त्यस विषयमा बहस गर्न दलीय कार्यदल बन्दै छ । आशा गरौं,संविधान संशोधन सबैको सहमतिमा हुनेछ।

पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

बालबालिकाको भविष्य सुरक्षित बनाऔँ

म बालश्रमबाट प्रभावित भई उद्धार भएको हुँ । मेरो घरपरिवारलाई खान बस्नसमेत कठिन छ। म एक्लो छोरा हुँ। बुवाआमा वृद्ध अवस्थामा पुगिसक्नुभएको छ । दिदीहरू सबैको बिहे भइसकेको छ । सबैको अवस्था कठिन भएकाले मैले नै सबै जिम्मेवारी लिनुपर्ने भएको छ । मेरो बाध्यतामा गलैँचा ठेकेदारले आफ्नो फाइदा देखेर फकायो। धेरै कमाउँछौ, सबैले गरिरहेका छन् जाउ भनेर जालझेलमा पऱ्यो। म पनि कमाएर आमाबुवाको अनुहारमा खुसी छर्ने आशामा पढ्ने रहर हुँदाहुँदै बाध्यतावश गलैँचा बुन्न काठमाडौँ आएँ। ११ वर्षको उमेरमै गलैँचाको धागोमा सुतेर काम गरँ तर पैसा दिइएन । पैसा नदिएपछि मैले त्यहाँ छाडेर होटेलमा भाँडा माझ्ने काम गर्न थालेँ । त्यहाँ पनि काम गर्ने दाइहरूले मध्यपान गरेर राति राति मलाई पिट्ने गर्थे। साहुसाहुनीलाई भन्दा पनि ती दाइ उनीहरूको आफन्त पर्ने हुनाले एक/दुई शब्द भन्थे तर केही गरिदिएनन्। यसरी धेरै पटक सहेपछि मैले हिम्मत जुटाएर आफैँ प्रहरी स्टेसनमा गई आफ्ना समस्या भनेँ। मलाई विसं २०७२ सालमा चाइल्ड रेस्क्यु नेपाल, नेपाल प्रहरी र इस्थर बेन्जामिन स्मृति संस्था (इबिएमएफ) को सहयोगबाट उद्धार गरेर इबिएमएफको घरमा संरक्षण



गरी पढाइलेखाइ र अन्य सुविधा दिएर राख्नुभयो। मैले मेरो घरको समस्या पनि बताएँ र परिवारमा पनि केही राहतको सहयोग भयो।

मैले त्यहाँ बसेर करिब तीन वर्ष पढेँ र त्यसपछि मलाई गाउँमै बसेर पढ्न मन लागेकाले संस्थाको निरन्तर सहयोगमा गाउँमै बसेर पढेँ। कक्षा ८ सकेर कोभिडपछि फेरि काठमाडौँमा आएँ र पढाइ जारी राख्दै अहिले यही संस्थाको सहयोगमा १२ कक्षा पास गरेँ। यसरी शिक्षामा फर्किन सफल भएर अहिले स्नातक अध्ययनरत छु। आज म सचेत नागरिकका रूपमा उभिन सक्ने भएको छु, तर मेरो जस्तै अवस्था अझै पनि देशका हजारौँ बालबालिकाले भोगिरहेका छन् । ती बालबालिकाका समस्या सरकारले किन सम्बोधन गर्न सकिरहेको छैन ?

हुन त नेपालको संविधानमा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, शोषणविरुद्धको अधिकार तथा सम्मानजनक जीवनको अधिकार सुनिश्चित गरिएको छ । बालश्रमलाई कानुनी रूपमा निषेध पनि गरिएकै छ । मानिसका घर, सहर, गल्ली र चोकमा रहेका रेस्टुरा, मोटरसाइकल वर्कसप, कलकारखानामा बालबालिकालाई काममा लगाइन्छ। विभिन्न तवरले शोषण गरिन्छ। सन् २०२१ नेपाल बालश्रम प्रतिवेदनको तथ्याङ्क अनुसार करिब ११ लाखभन्दा बढी बालबालिका अझै बालश्रममा रहेका छन्। सायद यिनले पनि मेरो जस्तै अवस्था भोगिरहेका छन् कि भनेर बार बार मेरो मन कल्पिन्छ। मैले त कसै गरी हिम्मत जुटाएर नियम कानुनको सहारा लिई आफ्नो जीवनको दिशा परिवर्तन गर्न सकेँ तर म जस्ता हजारौँ भाइबहिनी सायद पस्किरहेकै छन् । यी कानुनको कार्यान्वयन गराई आवश्यक समूहसम्म पुग्न जरुरी छ । अब आउँदो दिनमा बालश्रम र बालशोषण जस्ता समस्यालाई दोहोरिन नदिन सरकारले विविध कदम चाल्न आवश्यक छ।

बाल संरक्षणका क्षेत्रमा कहिले स्वयंसेवक बनेर त कहिले यस क्षेत्रमा कार्यरत संस्थाको प्रशिक्षार्थी बनेर मैले केही उद्धार गरिएका बालबालिकासँग पनि कुराकानी गर्ने मौका पाएको छु। श्रम तथा बेचबिखनमा परेका र अभिभावकविहीन बालबालिकाले जन्मदर्ता, नागरिकता जस्ता कागजात पाउन नसकेको समस्या उत्तिकै जटिल रहेछ जसकारण उद्धार भएका बालबालिकाले समेत उच्च शिक्षा र नागरिक अधिकारबाट वञ्चित हुनु परेको छ । म स्वयम् उद्धार भई शिक्षामा फर्किन सकेँ भने राज्यले प्रभावकारी नीति र कार्यक्रम लागु गरे अन्य लाखौँ बालबालिकाको भविष्य सुरक्षित हुने छ। यी बालबालिकाको उचित तवरले उद्धार, संरक्षण र बालविकासमा संविधान र प्रचलित कानुनबमोजिम बालश्रमविरुद्ध शून्य सहनशीलताको प्रभावकारी कार्यान्वयन गर्न, जोखिमग्रस्त बालबालिकाका लागि थप पूर्ण रूपमा निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा, सिप विकास, मनोपरामर्श तथा शारीरिक स्वास्थ्यको सुविधासहित अन्य आवश्यक कदम चालेर तत्काल बालबालिकाको सशक्तीकरण र दोषीलाई दिइने दण्डसजायको कडा कार्यान्वयनको माग राख्छु। बालबालिकाको सुरक्षित वर्तमानविना समृद्ध नेपालको भविष्य सम्भव छैन।

मानसिं वाइबा
बकैया-६, ज्यामिरे, मकवानपुर

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

گورکھا پتر
نیا نیپال

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित

उर्दू भाषा पृष्ठ

مساجد کے حقوق



سراج احمد برکت اللہ فلاحیؒ

مسلم معاشرہ میں مسجد کی حیثیت روح کی سی ہے۔ اس کے بغیر معاشرہ میں زندگی باقی نہیں رہ سکتی ہے۔ مسجد کے بغیر کسی مسلم بستی کا تصور محال ہے۔ مسجد کی عمارتیں اس بستی میں ایمان اور اسلام کا پتا دیتی ہیں۔ مساجد مرکزی ادارہ یا پاور ہاؤس ہیں، جن سے مسلم معاشرہ کے ہر فرد کو رہنمائی اور قوت ملتی ہے۔ مساجد ہی کی وجہ سے مسلم بستیوں کی شناخت قائم ہوتی ہے۔ دنیا کی تمام مساجد بیت اللہ الحرام یعنی خانۂ کعبہ کی شاخیں ہیں۔ اسی لیے بجا طور پر انہیں اللہ کا گھر کہا جاتا ہے۔ مساجد اتحاد امت کی علامت ہیں جو دنیا کے تمام مسلمانوں کو ایک قبلہ سے جوڑتی ہیں اور ان کا سمت سفر متعین کرتی ہیں۔ یہ امت کو ایک مشن اور ایک مقصد سے وابستہ رکھتی ہیں اور مسلمانوں کو مسلمان بناتی ہیں ۔ اہل ایمان کو دین کا شعور بخشتی ہیں، ان کے ایمان کو نکھارتی ہیں، دکھ سکھ، خوشی وغم، خوشحالی وتنگ دستی، ایامِ مسرت اور آزمائش کے لمحات غرض ہر وقت راہِ حق پر استقامت کا حوصلہ بخشتی ہیں۔ یہی مساجد ہیں جو شیاطین کی چالوں کو ناکام بناتی ہیں۔ انہی کے منبروں سے شکوک وشبہات، غلط فہمیوں ، بدگمانیوں، جہالتوں وضلالتوں اور شرک و بد عات کی حقیقت واشگاف کی جاتی ہیں اور مسلمانوں کو روشن اور مدلل شریعت پر چلنا آسان بنایا جاتا ہے۔ یہیں سے اخلاص وعمل ، نیکی اورخیر کے کاموں پر ابھاراجاتا ہے اور دنیاوآخرت کو سنوارا جاتا ہے۔ زندگی وموت، قبر وحشر اور جنت و جہنم کی حقیقت بیان کی جاتی ہے اور آخرت کو کامیاب بنانے کی نہ صرف تلقین کی جاتی ہے بلکہ ایمان ویقین کے ساتھ راہِ آخرت پر چلنے کے لیے اذہان وقلوب کو آمادہ کیا جاتا ہے اور اندرون قلب میں احساس ذمہ داری اور قوت فکروعمل پیدا کی جاتی ہے۔

احادیث میں مساجد کو اللہ کا گھر اور جنت کا باغ بتایا گیا ہے۔ یہ جھوٹ وبہتان، سود ورشوت، بغض ونفرت،شرک وکفر، غیبت و چغلی، بدگمانی وریا کاری ، شراب نوشی، باہم عداوت وتجسس اور کینہ وحسد کے خاتمہ کا اعلان کرتی ہیں۔اس کے بجائے ایمان واخلاص، صدق وصفا، اخوت،خیرخواہی و غمگساری، عدل ومساوات اورمواسات کے جذبات کو پروان چڑھاتی ہیں۔ غرض مساجد مسلم معاشرہ کو نقصان پہنچانے والے ہر چور دروازے کو بند کرتی ہیں اور خیر وبھلائی کے تمام راستوں کو کھول دیتی ہیں۔

یہی وجہ ہے کہ پوری مسلم تاریخ میں مسلمانوں نے مساجد کو ہمیشہ آباد رکھا اور جان ومال کی قربانیاں دے کر ان کی حفاظت کی ہے۔ایک مشترکہ اور ملی وسماجی ادارہ کی حیثیت میں مساجد کے حقوق ہمیشہ ادا کیا ہے۔ آج مسلم معاشرہ میں بہت سی کمزوریاں در آئی ہیں، ان میں اہم ترین بات یہ ہے کہ مسلمان سماجی مسائل سے لاپرواہی برت رہے ہیں۔ مساجد و مدارس کے معاملات، اصلاح و دعوت کے امور، تنظیمی و دعوتی مقاصد اور ان کو درپیش مسائل اور دیگر ملی تقاضوں اورسرگرمیوں سے تقریبا الگ تھلگ ہو کر رہ گئے ہیں۔ گاؤں سماج میں بمشکل تمام اکا دکا افراد ایسے ملتے ہیں جو ملی مسائل کا شعور بھی رکھتےہوں اور ان کے لیے اپنا وقت ، مال اور دیگر صلاحیتیں بھی لگا تے ہوں۔

ان ملی امور اور سماجی مسائل میں سر فہرست مساجدکے حقوق ہیں۔ جن کی ادائی میں بھی مسلمان حد درجہ کوتاہ ہو گئے ہیں۔ آئندہ سطور میں مسلم معاشرہ پر عائدمساجد کے حقوق بیان کیے جارہے ہیں۔ امید ہے کہ اس سے قارئین کو رہنمائی ملے گی ، ان کے دلوں میں آمادگی پیدا ہوگی، مساجد کی قدر وقیمت کو وہ جان سکیں گے اوران کے امور و معاملات میں دلچسپی لیں گے اور ان کے حقوق کما حقہ ادا کرسکیں گے۔

١۔ مسجد کی صفائی ستھرائی کا خیال رکھنا:

صفائی ستھرائی ہماری تہذیب میں شامل ہے۔ پاکی و نظافت ایمان کا حصہ ہے۔ نماز سے قبل صفائی ستھرائی ، غسل و وضو اور پاکیزہ و ساتر لباس کے اہتمام کی بات کہی گئی ہے۔ وضو کی تفصیلات دیکھیے: ہتھیلی دھونا، کلی کرنا، ناک صاف کرنا، چہرہ اور ہاتھ دھونا، انگلیوں میں خلال کرنا، کان اور سر کا مسح کرنا، پیردھونا یعنی استعمال میں آنےوالے اور کھلے ہوئے تمام اعضاء کو دھونا یا مسح کرنا، اس قدر نظافت و طہارت کے بعد نماز ادا کی جائے گی۔ اس کےلیے ظاہر ہے کہ جائے نماز بھی صاف ستھرا ہوناچاہیے۔ مساجد کی صفائی وستھرائی کا خیال رکھنا نمازیوں پر فرض ہے۔ مسجد کا فرش، چٹائیاں اور مصلے ، منبر ومحراب، دروازے اور کھڑکیاں، برآمدے اور ستون، دراز، ریک اور الماریاں اورمائک سےجڑی تارمشینیں غرض تمام چیزیں با لکل صاف ستھری رکھی جائیں۔ مساجد اللہ کا گھر ہیں۔ انہیں اللہ کی عبادت کی ادائی کے لیے بنا یا گیا ہےاور عبادات میں خشوع مطلوب ہے۔ اس لیے نفاست اس کےچپہ چپہ سے ظاہر ہونا چاہیے اور ایسی کوئی بھی چیز یا سرگرمی جو خشوع میں مانع ہو ،مساجد میں نہیں ہونا چاہیے۔ اکثر دیکھا جاتا ہے کہ ہمارے یہاں مسلمان مساجد کی صفائی پر دھیان نہیں دیتے ہیں۔ مسجد بڑی ہے تومحض ایک یا دو صف کی صفائی کرکے نماز ادا کرتے رہتے ہیں۔ چٹائیوں میں دھول ، منبر ومحراب میں جالے، کھڑکیوں او ر الماریوں میں گرد وغبار، برآمدے اور دروازے پر کیڑے مکوڑوں اور حیوانات کی غلاظتیں اور جابجا مکڑی کے جالے پڑے ہوتے ہیں اور کوئی ان کی صفائی پر دھیان نہیں دیتا ہے۔ بڑی مسجدوں میں وضو خانے اور طہارت خانے اس قدر گندے اوربد بودار ہوتے ہیں کہ استعمال کے قابل ہی نہیں ہوتے یاطبیعت پر گراں ہوتے ہیں۔ جہاں سے ایمان و اسلام اور طہارت و نظافت کا روزانہ درس دیا جاتا ہے، اسی مرکز یا مسجد کی یہ حالت کسی بھی صورت قابل قبول نہیں ہے۔ کبھی کبھی ایسی مسجدوں میں جانا ہوا، جہاں چٹائیاں بوسیدہ، الماریاں گرد آلود، منبر ومحراب اور درو دیوار پر مکڑی کے جالے تھے۔ دیکھ کر بستی والوں پر رونا آیا اور ان کی بے حسی پر سخت تعجب ہوا۔ مساجد کا حق ہے کہ مسلمان ان کا پاس و لحاظ رکھیں،ان کو اپنا نہیں بلکہ اللہ کاگھر سمجھ کر مکمل صاف ستھر ا رکھیں اور نفاست ونظافت کا اعلیٰ معیار قائم کریں۔

٢۔ پنج وقتہ نمازوں کا اہتمام:

نمازوں کی ادائی کے لیے ہی مساجد بنائی جاتی ہیں۔ مساجد کو آباد رکھنےکا اول ذریعہ پنج وقتہ نمازوں کی باجماعت ادائی ہے۔ اسی سے فرد اور بستی کے مسلمان ہونے کا علم ہوتا ہے۔ مساجد میں آنے جانے والے افراد ہی اس بات کے مستحق ہیں کہ ان کے حق میں ایمان و اسلام کی گواہی دی جائے۔ اگر مساجد میں نمازوں کا اہتما م نہ ہو تو ان کی تعمیر کا مقصد ہی فوت ہوجائے گا۔ یا اس میں جس قدر کمزوری ہوگی مقاصد بھی اسی قدر کم حاصل ہو ں گے ۔ آج حال یہ ہے کہ مسلمان بڑی بڑی مسجدیں بنا تو لیتے ہیں لیکن ان کو آباد نہیں رکھتے۔ عام طور پر مساجد ہفتہ بھر خالی رہتی ہیں اور صرف جمعہ کو ہی پوری طرح آباد ہوپاتی ہیں۔ مساجد کا حق ہے کہ مسلمان ان کو آ باد رکھیں،پنج وقتہ نمازوں کا مکمل اہتما م کریں، اقامتِ صلوۃ کے آداب بجا لائیں اور اجتماعی طور پر پورے گاؤں اور ملک میں نماز کا ماحول قائم کریں۔اس کے لیے لوگوں کی ذہن سازی کریں اور شوق دلائیں۔ مساجد بنا لینا آسان ہے البتہ ان کو آباد رکھنا مشکل کام ہے۔ جب کہ مساجد کا بہت بنیادی حق ہے کہ انہیں ہمیشہ سجدوں سے آباد رکھا جائے۔ کسی نے اسی صورت حال کی ترجمانی کرتے ہوئےکہا تھا:

مسجد تو بنالی شب بھر میں ایماں کی حرارت والوں نے
من اپنا پرانا پاپی ہے برسوں میں نمازی بن نہ سکا

٣۔ عالی شان اور کشادہ بنانا:

مساجد اللہ کا گھر ہیں۔ اس لیے ان کی تعمیر میں خاطر خواہ سرمایہ لگایا جائے۔مساجد کی تاریخ بتاتی ہے کہ جب مسلمانوں نے مساجد کی تعمیر شروع کی تو تعمیرات کا فن وجود میں آگیا اور اس فن کو کافی ترقی ہوئی۔ مساجد فن تعمیرات کا نادر نمونہ ہیں ۔ حرمین ہی نہیں بلکہ عالم اسلام کی متعدد مساجد ہیں جو بے مثال ہیں اور دنیا کے عجائبات کا حصہ ہیں۔ اللہ کی عظمت وکبریائی اور اسلام ومسلمانوں کی عزت وشوکت کی تصویر پیش کرتی ہیں۔ مساجد کا حق ہے کہ ان کی عمارتیں ان کے شایان شان ہوں۔ خوب صورت، مضبوط ومستحکم، بلند وبالا، عالی شان ، دل کش اور اسلامی ثقافت کا آئینہ دار ہوں۔ان کا بارعب، دلربا اور روح پرور منظر بستی والوں کی دینی غیرت، نماز کی اقامت، تعلق با للہ اور انفاق فی سبیل اللہ کی واضح علامت ہوتی ہے۔ مسجد ایسی تعمیر کی جائے جو قرب وجوار میں تعمیرات کے لحاظ سے نمونہ ہو اورپوری بستی میں سب سے ٹھوس، خوبصورت اور عالی شان گھر اللہ کا گھر یعنی مسجد ہی ہو۔ مسجد کے دروازے، مینارے، منبر ومحراب، کھڑکیاں، لائٹ اور پنکھے گاؤں والوں کی غربت اور بے توجہی کی تصویر نہ پیش کرتے ہوں بلکہ مسجد کے درو دیوار اور اس کی پوری عمارت ایک دل کش اور عالی شان منظر پیش کررہی ہو جو ہر نووارد کے دل کو موہ لے اور اس کے دل میں مساجد کا احترام پیدا کردے۔

مسجد کی تعمیر کرنا اہل بستی پر فرض ہے اور اس کی فضیلت میں وہ حدیث کافی ہے کہ جس نے مسجد بنائی اللہ اس کے لیے جنت میں ایک گھر بنائے گا۔نماز فرض ہے تو نماز کے لیے مسجد بنانا اور اس کے لیے تمام ضروریات کا انتظام کرنا بھی فرض ہے۔ لیکن افسوس ہمارے یہاں یہ عجیب صورت حال پیدا ہوگئی ہے کہ لوگ مساجد کی تعمیر کے لیے اپنا قیمتی سرمایہ صرف کرنا نہیں چاہتے اور باہر کے مخیرین کی مدد کا برسوں انتظار کرتے رہتے ہیں ۔ گاؤں کا غریب سے غریب آدمی اپنا گھر بنالیتا ہے لیکن اسی گاؤں میں مسجد کے لیے لوگ بیرون ملک بھیک مانگتے پھرتے ہیں۔ ایک کوتاہی یہ دیکھی جارہی ہے کہ بعض مخیرین مسجد کا فنڈ دیتے وقت صرف ایک منارہ کا ہی بجٹ منظور کرتے ہیں۔ان کے خرچ سے ایک منارہ والی مسجد بنالی جاتی ہے اور برسوں تک وہ ایک ہی منارہ کے ساتھ کھڑی رہتی ہے۔ بستی والوں کو اس بات کی توفیق نہیں ہوتی کہ کم از کم اپنے مال سے باقی منارہ کی تعمیر کرلی جائے۔ جب کہ گاؤں میں کسی کا مکان اس طرح ادھورا اور بدنما زیادہ دنوں تک نہیں رہتا ہے، بلکہ اسے جلد ازجلد مکمل کرلیا جاتا ہے۔فقہی تفصیلات میں جائے بغیر آپ ذرا غور کریں کیا یہ مساجد کے شایان شان ہے؟ اور یا کوئی انصاف کی بات ہے؟؟ حیرت ہوتی ہے کہ بعض حضرات انتہائی بے شرمی کے ساتھ ایک منارہ مسجد کو توحید کی علامت بتاتے ہیں۔ اللہ کے گھر کے ساتھ اس درجہ کھلواڑ!!

مساجد اس قدر کشادہ تعمیر کی جائیں کہ بستی کے تمام مسلمان مردو خواتین آسانی کے ساتھ نماز ادا کرسکیں۔ پانی کا انتظام وافر ہو، طہارت اور وضو خانے ضرورت پوری کررہے ہوں، منبر ومحراب ، گنبد ومینارے اور صدردروازے اسلامی شوکت کا مظاہرہ کررہے ہوں اور جمعہ کے دن یا وہ ایام جب گاؤں کے سارے لوگ گاؤں ہی میں ہوں یا بستی میں کوئی تقریب ہو یا کوئی جنازہ یا کوئی اور حادثہ ہوجائے تو اس دن بھی مسجد تنگ نہ ہونے پائے۔

٤۔ مرکزی جگہ پر مساجد کی تعمیر کرنا:

آبادی کے درمیان ایسی مرکزی جگہوں پر مساجد کی تعمیر ہو جہاں آنا جانا اور پنج وقتہ نمازوں میں شرکت کرنا پوری بستی والوں کے لیے آسان ہو ۔ بڑھتی ہوئی آبادی کے لحاظ سے توسیع کی پوری گنجائش ہو۔ حسبِ ضرورت انہیں کشادہ اور وسیع کیا جا سکے۔ گاؤں سے باہر، گاؤں کے کسی کنارے پر یا ایسے گاؤں میں جہاں مسلمان آباد نہ ہوں یا کسی ایسی جگہ جہاں لوگوں کا قیام عارضی ہو مساجد تعمیر نہ کی جائیں۔ اسی طرح چھوٹے مدارس میں جہاں اصلا مساجد کی ضرورت نہ ہواور نمازوں کی ادائی مدرسے کے میدان میں ، برآمدے یا کسی ہال میں ممکن ہو تو ایسی جگہوں پر ہال وغیرہ کی ضرورت کے پیش نظر مساجد کی تعمیر نہ کی جائے۔ مساجد کی تعمیر نمازوں کے قیام کے لیے ہی ہو ورنہ انہیں آباد رکھنا نا ممکن ہو جائے گا۔ بڑے مدارس جہاں دارالاقامہ کا نظم ہو اور سال بھر بچے یا بچیاں قیام کرتی ہوں، تو ایسے ادارو ں میں مساجد تعمیر کی جاسکتی ہیں۔ البتہ رمضان یا چھٹی کے دیگر ایام میں ایسی مساجد کو بھی آباد رکھنے پر غیر معمولی توجہ دینے کی ضرورت ہے۔

ایسا ہرگز نہ ہو کہ مساجد کے لیےمشروعات اور فنڈ لیتے رہیں اور ضرورت بے ضرورت ،جا بےجا، آباد اور غیر آباد جگہوں پر مساجد تعمیر کرتے چلے جائیں اور کوئی ان کو آباد رکھنے والا نہ ہواور یہ مساجد نمازوں کے بجائے غلہ رکھنے، مزدوروں کے رہنے سہنے، مویشی باندھنے یا ایسے ہی کسی لایعنی کام میں لایا جائے یا بالکل غیر آباد چھوڑ دیا جائے اور چند سالوں میں وہ کھنڈر ہو کر رہ جائیں۔ آئے دن اس طرح کی اطلاعات ملتی رہتی ہیں کہ فلاں مسجد بالکل غیر آباد ہے یا اسے نمازوں کے بجائے دوسرے کام میں لایا جارہا ہے۔ اگرکہیں واقعی ایسا ہی ہےتو یہ بڑی لاپرواہی ہے اورایسی مساجد کی تعمیر کرنے والے یا کرانے والے احباب و علماء ثواب کے بجائے گنا ہ کمارہے ہیں۔ ایسا کرنے والے مجرم ہیں اور اللہ کی عطا کردہ امانت میں بد ترین خیانت کے مرتکب ہو رہے ہیں۔

٥۔ جدید وسائل و سہولیات کی فراہمی:

पहिलो आर्थिक गणनामा कर्णाली प्रदेशमा ४२ हजार ८०७ उद्योग प्रतिष्ठानमा एक लाख १८ हजार ९५१ जना जनशक्तिले रोजगारी पाएका छन्। यसमा पनि दर्ता भएका २० हजार ८८३ प्रतिष्ठानमा संलग्न ८० हजार ५२९ जना जनशक्ति छन् भने दर्ता नभएका २१ हजार ९२१ प्रतिष्ठानमा ३८ हजार ४१७ जना जनशक्ति संलग्न छन्। कर्णाली प्रदेशमा सबैभन्दा धेरै उद्योग प्रतिष्ठानमा प्रदेश राजधानी भएको सुर्खेत जिल्लामा स्थापना भएका छन्। जसमा ११ हजार ८२० वटा रहेका छन् भने सबैभन्दा कम डोल्पामा ८६० वटा रहेका छन्। दैलेखमा छ हजार ३०८ वटा, सल्यानमा छ हजार ९८ वटा, जाजरकोटमा तीन हजार ३१६ वटा, कालीकोटमा तीन हजार ५२५ वटा, रुकुमपश्चिममा तीन हजार ९९४ वटा, जुम्लामा तीन हजार ७८ वटा, हुम्लामा दुई हजार १६ वटा र मुगुमा एक हजार ७८२ वटा प्रतिष्ठान रहेका छन्।

जिल्लामा स्थापना भएका प्रतिष्ठानमा सबैभन्दा धेरै सुर्खेतमा ३५ हजार ९०६ जनशक्ति संलग्न छ। त्यसपछि सल्यानमा १७ हजार १९ जना, दैलेखमा १४ हजार ८७४ जना, रुकुमपश्चिममा १० हजार १८० जना, कालीकोटमा नौ हजार दुई सय जना, जाजरकोटमा आठ हजार ४९४ जना, जुम्लामा आठ हजार ४६३ जना, हुम्लामा पाँच हजार ७३९ जना, मुगुमा पाँच हजार ८४९ जना र सबैभन्दा कम तीन हजार २२५ जना जनशक्ति संलग्न रहेको पाइएको जिल्ला आर्थिक गणना अधिकारी आचार्यले बताउनुभयो। उहाँले पहिलो आर्थिक गणनाको तुलनामा दोस्रो आर्थिक गणनामा कर्णालीको समग्र आर्थिक अवस्थामा सुधार आउने बताउनुभयो।

दोस्रो आर्थिक गणना आगामी वैशाख २ गतेदेखि असार ७ गतेसम्म सञ्चालन हुँदै छ। यो अवधिमा कृषि, खानी, घरजग्गा, उद्योग, सेवा क्षेत्र, शिक्षा, कला मनोरञ्जनलगायत १८ वटा क्षेत्रको तथ्याङ्क सङ्कलन गरिने छ। प्रदेशको राम्रो योजना, नीति बनाउन तथ्याङ्कले सहयोग पुग्ने भन्दै दोस्रो पटक आर्थिक गणना गर्न थालिएको जानकारी उहाँले दिनुभयो।

यसैबिच जिल्ला आर्थिक गणना कार्यालय सुर्खेतले राष्ट्रिय आर्थिक गणनाको सन्दर्भमा जिल्लामा अभिमुखीकरण गरेको छ। सो क्रममा सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायले मुलुकको आर्थिक अवस्थाको सूचना थाहा पाउनका लागि आर्थिक गणना अपरिहार्य भएको बताउनुभयो।

अस्पतालको मापदण्ड सुधार

हुम्ला समाचारदाता
हुम्ला, चैत २५ गते

हुम्ला जिल्ला अस्पतालको न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको अवस्थामा क्रमशः सुधार आइरहेको छ। बाह्य पक्षबाट गरिएको अस्पतालको अनुगमन तथा मूल्याङ्कनबाट सुधार हुँदै गएको पाइएको हो।

जिल्ला अस्पतालको न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको अवस्थामा क्रमिक सुधार आइरहेको अनुगमनमा संलग्न प्रदेश अस्पतालका रेडियोलोजिस्ट चिकित्सक भीष्म पोखरलले बताउनुभयो। यसको बाह्य पक्षले मङ्गलबार गरेको अनुगमन तथा मूल्याङ्कनमा अस्पतालले ६४ अङ्क प्राप्त गरेर सुधारको बाटोमा लागेको जानकारी उहाँले दिनुभयो। अस्पतालको सुशासन, उपचार पद्धति र सरसफाइमा केन्द्रित भएर टोलीले अनुमगन तथा मूल्याङ्कन गरेको थियो।

अन्य व्यवस्थापकीय पक्षको पनि अनुमगन भएको थियो। गत मङ्सिर महिना अस्पतालमा गरिएको पहिलो अनुगमन तथा मूल्याङ्कनमा ५७ अङ्क प्राप्त गरेको थियो। अघिल्लो आर्थिक वर्षमा अस्पतालले पहिलोमा ४४ अङ्क र दोस्रोमा ४९ अङ्क प्राप्त गरेको थियो। यसरी हुम्ला अस्पतालले न्यूनतम सेवा मापदण्डको कार्यान्वयनको अवस्थामा क्रमशः सुधार भइरहेको उहाँले बताउनुभयो। त्यसै गरी बाह्य अनुगमनमा संलग्न डोल्पा जिल्लाको स्वास्थ्य सेवा कार्यालयका प्रमुख चिकित्सक सिजन रावलले विशेषज्ञ चिकित्सक हुम्ला अस्पतालले पाउनु नै सेवा प्रवाहमा सुधार आउनु महत्त्वपूर्ण कारण भएको बताउनुभयो। सेवा प्रदायक, सेवाग्राही र व्यवस्थापक सन्तुष्ट रहे मात्र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको पाटो सफल भएको मानिने भएको हुँदा यो कुरामा जिल्ला अस्पताल परिवारले ध्यान दिनुपर्ने सुझाव उहाँले दिनुभयो।

स्थानीय सरकार
गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/२६

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत तपसिलका योजना सञ्चालन गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्न इक्छुक फर्म कम्पनीले तपसिल उल्लेखित सर्तहरूको अधिनमा रही रितपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp, यस कार्यालयको वेबसाईट www.ganeshmancharnathmun.gov.np तथा सूचना पाटीमा हेर्न सकिन्छ।

ठेक्का नं.	योजनाको नाम	बोलपत्र फाराम दस्तुर (रू.)	जमानत रकम (रू.) र म्याद	बोलपत्र फाराम खरिद अवधि	बोलपत्र फाराम दाखिला अवधि	बोलपत्र खोल्ने मिति र समय
GCM/ WORKS/ NCB/ 05/ 2082-83	Construction of Incomplete School building Radhapur	३०००/-	२,१५,०००.००/- (जम्मा १२० दिन म्याद भएको)	२०८३/०१/२५ गते कार्यालय समय सम्म	२०८३/०१/२८ गते १२:०० बजे सम्म	२०८३/०१/२८ गते २:०० बजे
GCM/ WORKS/ NCB/ 06/ 2082-83	Upgrading and Construction of Birendra Haat Bazar Incomplete Building	३०००/-	१,९०,०००.०० (जम्मा १२० दिन म्याद भएको)	२०८३/०१/२५ गते कार्यालय समय सम्म	२०८३/०१/२८ गते १२:०० बजे सम्म	२०८३/०१/२८ गते २:०० बजे

प्रमुख प्रशासकीय अधिकृत

Nepal Electricity Authority
Notice Regarding Intent to Award the Contract

Notice Publication Date : 2082/12/26

Name & Address of Office	IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (With VAT)
Pokhara Grid Division (Tel No :061-563577)	PGD-2082/83-03(SQ)-RE	M/s Riya International Pvt. Ltd.	NRs. 8,54,280.00
Transformer Workshop, Kharipati, Bhaktapur (Tel No. 01-6620238)	PROK-TWB-**2082/83-0**5	M/s R.P Construction & Engineering, Kathmandu.	NRs. 27,58,421.64
	PROK-TWB-SQ-**2082/83-0**7-RE	M/s Electric Power Protection, Hetauda-10, Makawanpur	NRs. 8,15,860.00
Sakhuwa Distribution Centre.(Tel No :041-540461	NEA-SKHDC-2082/083-SQ-02RE	M/s Hitech Solution, Kirtipur-2, Kathmandu	Rs. 7,43,234.90
Urlabari Distribution Centre (Tel No : 021-542100)	NEA-URBDC-2082/083-01 SQ	M/s Prince and Princess Nirman Sewa Gauradah Municipality ward no. 02 Jhapa	NRs. 2,95,382.00
	NEA-URBDC-2082/083-02 SQ	M/s Prince and Princess Nirman Sewa Gauradah Municipality ward no. 02, Jhapa	NRs. 4,19,795.00
	NEA-URBDC-2082/083-03 SQ	M/s Prince and Princess Nirman Sewa Gauradah Municipality ward no. 02, Jhapa	NRs. 4,01,150.00
Lagankhel Distribution Centre (Tel No. 01-5455253)	NEA/LDC/SQ-01	M/s Billing Centre, Balaju-16, Kathmandu.	NRs. 11,65,764.50

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय पुल्चोक (११४)

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२।१२।२६)

बागमती प्रदेश, रामेछाप जिल्ला, गोकुलगंगा गाउँपालिका वडा नं. ४ मा जन्म भई बागमती प्रदेश, काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. ०६ बस्ने श्री टिका प्रसाद पौडेलकी छोरी श्री यम कुमारी घिमिरे (ना.प्र.प. नं. ३०१३६ मिति २०५२/१२/७ रामेछाप) को मिति २०८२।०२।१७ मा मृत्यु भएको र यस बैंकमा रहेको मृतक श्री यम कुमारी घिमिरेको नाममा रहेको बचत हिसाब नं. ११४०१०००२७७३९०१० खातामा रहेको रकम भुक्तानी पाऊँ भनी उक्त खातामा शेष पछि इच्छाइएको व्यक्ति निजकी बहिनी श्री सरिता गौतम निजको खाता बचत हि.नं. ११४०१०००३२७४००१० मा रकम जम्मा गरी रकम भुक्तानी पाऊँ भनी यस बैंकमा मिति २०८२।११।२६ मा निवेदन दिएको हुनाले निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा निवेदक बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटो म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ-आफ्नो सबुत प्रमाण सहित यस राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय पुल्चोक (११४) मा हकदाबीका लागि आउनुहोला। उक्त म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय राजविराज (२१८)

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२।१२।२६)

मधेश प्रदेश, सप्तरी जिल्ला, साविक गा.वि.स. पत्थरगाडा वडा नं. ६ हाल डाक्नेश्वोरी न.पा. वडा नं. ९ बस्ने स्व. संजन देवी सदा (ना.प्र.नं. १६३०७३/१२६, जारी मिति २०६३/१०/१७, सप्तरीको मिति २०८२/०३/१५ मा मृत्यु भएकोले यस बैंकमा रहेको बचत हिसाब नम्बर २१८०१०००६८०८५०१० खाताको सम्पूर्ण रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा संजीव कुमार सदा (ना.प्र.नं. १६-०१-७१-०१३२४, सप्तरी, जारी मिति २०७१/०२/२५) ले सम्पूर्ण रकम पाऊँ भनी यस बैंकमा मिति २०८२/११/२९ मा निवेदन दिएको हुनाले निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय राजविराजमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२/१२/२६

यस कार्यालयद्वारा तपशिलमा उल्लेखित कार्यको लागि दोस्रो पटक बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक प्राप्त भएका सम्पूर्ण बोलपत्रमध्ये तपशिलको बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उप-दफा २ बमोजिम सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

क्र.स.	आयोजनाको नाम	ठेक्का नं.	बोलपत्र आह्वानको सूचना मिति	अधिकतम मूल्याङ्कित सारभुत प्रभावग्राही बोलपत्र	कबोल गरेको रकम (मू.अ.कर सहित)
१.	निगौल ठाकुर पोखरी गौशाला नगरपालिका-०२, को आय संकलन ठेक्का बन्दोबस्त	GAU/NCB/ INCOME/ 3-2081/082	२०८२/१२/०३	आदर्श कन्स्ट्रक्सन सोनामा गा.पा.०८, तरहारी	५०,५०,०००।-

प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार
ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
नेपालगञ्ज, बाँके

पुनः सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशन मितिः २०८२/१२/२६

यस कार्यालयबाट सञ्चालित भूमिगत स्यालो तथा डिप ट्युबवेल सिंचाइ योजनाअन्तर्गत मिति २०८२/१२/१० मा दैनिक नेपालगञ्ज पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना पुन प्रकाशन गर्नुपर्ने भएकाले इच्छुक निर्माण व्यवसायीहरूबाट विधुतीय माध्यम https://www.bolpatra.gov.np/egp/ बाट दरखास्त दिनुहुनको लागि यो सूचना आह्वान गरिएको छ। अन्य विस्तृत विवरण मिति २०८२/१२/१० गतेको दैनिक नेपालगञ्ज पत्रिका तथा https://www.bolpatra.gov.np/egp/ मा हेर्नुहुन जानकारीका लागि अनुरोध छ।

कार्यालय प्रमुख

नेपाल सरकार
राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/२६

यस प्रयोगशालाबाट मिति २०८२/१२/०३ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार ठेक्का नं. NVPL/G/SQ/2082-83/01 (Construction Of Shed for Cold Room) का लागि पर्न आएका दरभाउपत्रहरू प्राविधिक एवं आर्थिक रुपले सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Bidder's Name and Address	Bid Price Excluding VAT
P.N.B.Builders and Suppliers Pvt. Ltd., Madhyapur Thimi	NRs. 9,81,375.20
Dhanusadham Nirman sewa Pvt. Ltd., Kathmandu	NRs. 9,96,889.21
Myth Logical Developers Pvt. Ltd., Maharajgung, Kathmandu	NRs. 10,66455.83
Durpana Nirman Sewa Pvt. Ltd., Kathmandu	NRs. 12,75,154.37

सुर्नया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रौलेश्वर बैतडी

Re-Invitation for Sealed Quotation

Invitation for Bids No: SQ/SRM/BAITADI/01/082-083
Date of publication: 2082/12/26 (2026 April 09)

1. Surnaya Rural Municipality , Baitadi invites sealed Quotation from eligible domestic bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	Estimated Amount Incl.of VAT (NRS)	Bid Security Amount (NRS)	Validity of Bid Security (Days)	Non Refundable Bid Document Fee (NRS)
1	SQ/SRM/ BAITADI/ 01/082-083	Construction Of Dharamghar to Magarau, dogadakedar sukumbasti tol Road & Hatairaj to khitki Sadak nirman, surnaya-1	15,57,008.21	39,000	60	1000

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Website *www.bolpatra.gov.np./egp*, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Last Date and Time for Bid Purchase and Bid Submission		Date and Time for Bid Opening	
Date: B.S. 2083.01.11 (A.D. 2026 Apr 24) Time: Within 12:00 hours		Date: B.S. 2083.01.11 (A.D. 2026 Apr 24) Time: Within 13:00 hours	
Cash Deposit for Purchase of Bid Document		**Cash Deposit for Bid Security** *(optional if bidder submits Bank Guarantee from A Class Bank)*	
Bank:	Nepal Investment Megha Bank	Bank:	Nepal Investment Megha Bank
Office Name:	Surnaya Rural Municipality	Office Name:	Surnaya Rural Municipality
Aantarik Rajaswo account No.	06501400250016 (Aantarik Rajaswa Khata No.)	Dharauti account No.	06501040250351(Dharauti Khata No.)
Office code:	80774506300	Office Code	

3. Eligible Bidders may refer Surnaya Rural Municipality or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

Chief Administrative Officer

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय

बढुवा गरिएको सूचना

मिति : २०८२।१२।२५

यस बैंकको सञ्चालक समितिको मिति २०८२।१२।२५ मा बसेको २८१७ औं बैठकको निर्णयानुसार तपसिलका कर्मचारीलाई बैंकको तह १२ को नायव प्रमुख कार्यकारी अधिकृत पदमा बढुवा गरिएको हुनाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

तहः १२ को नायव प्रमुख कार्यकारी अधिकृत पदमा बढुवा गरिएका कर्मचारी :

क्र.सं.	पद	नाम, थर र कर्मचारी नम्बर
१	उपकार्यकारी अधिकृत	श्री विनयरमण पौडेल (११४८४)

सदस्य सचिव, पदपूर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
जनकपुरधाम, धनुषा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२।१२।२६

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रमअनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल बमोजिमका बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाताहरूका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	प्रकाशित मिति	ठेक्का नं.	छनोट भएको दरभाउपत्रदाताको नाम	सबैभन्दा कम कबोल अंक (भ्याटसहित)
1.	04/01/2026	MIHS/NCB/WORKS/2082-83/07, The Procuement of Supply and delivery of Elevator (Lift) & Installation in Birthing Center Building.	Global Alpha Tech Service private Limited, Samakhushi-29, Kathmandhu Nepal	3277000.00

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

'किसानलाई उत्पादनमा जोड्न प्रदेश सरकार प्रतिबद्ध'

दाङ समाचारदाता
दाङ, चैत २५ गते

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सिँचाइ व्यवस्थापन र कृषि उत्पादनबिचको सम्बन्धलाई अझ प्रभावकारी बनाउन सरकारले ध्यान दिने बताउनुभएको छ।

सिँचाइ दिवसका अवसरमा प्रदेशको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयद्वारा आयोजित कार्यक्रममा मुख्यमन्त्री आचार्यले जलवायु परिवर्तनका कारण नदी तथा खोला सुक्दै जानु र जमिन सुक्खा बन्दै जानु गम्भीर चुनौतीका रूपमा देखिएको उल्लेख गर्नुभयो।

उत्पादनशील जमिन खण्डहर बन्न नदिन समयमै बहस, छलफल र ठोस योजना आवश्यक रहेको उहाँको भनाइ थियो। "नदी सुक्दै जाँदा समस्या बढ्न सक्छ। अनुकूलनका योजनालाई प्राथमिकता दिन जरुरी छ। जलाशय निर्माण गरेर पानीको स्रोत संरक्षण गर्न जरुरी


मुख्यमन्त्री चेतनारायण आचार्य।

छ," उहाँले भन्नुभयो, "भूमिगत पानी पनि घट्दै गएको छ। खोला र नदी पनि सुक्दै गए। हामी संवेदनशील भएनौं भने उत्पादनशील जमिन खण्डहर हुने अवस्था रहन्छ। वैकल्पिक रूपमा ड्याम र जलाशय बनाएर अघि बढ्न जरुरी छ।"

उहाँले सिँचाइ सुविधा पुगेका क्षेत्रमै पनि जमिन बाँझो रहने अवस्था अन्त्य गर्नुपर्ने बताउँदै सरकार किसानलाई उत्पादनमा जोड्न प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। राज्यले लगानी गरेका सिँचाइ आयोजनाबाट अपेक्षित प्रतिफल नआउनु विडम्बनापूर्ण भएको उल्लेख गर्दै त्यस्ता क्षेत्रमा खेती विस्तार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले प्रदेश स्थापना हुँदाको अवस्थामा १२ महिना सिँचाइ सुविधा पुगेको जमिन २० प्रतिशत मात्रै रहेको स्मरण गर्दै अहिले त्यो ३५ प्रतिशत पुगेको जानकारी दिनुभयो।

मुख्यमन्त्री आचार्यले जलस्रोत संरक्षणका लागि जलाशय, ड्याम निर्माण तथा चुरे क्षेत्रमा पानी संरक्षणका उपाय लागु गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले भूमिगत पानीको सतह घट्दै जानु र खोलानाला सुक्दै जानुले भविष्यमा ठुलो सङ्कट निम्त्याउन सक्ने चेतावनी दिनुभयो।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरीले प्रदेश सरकारले बाह्रै महिना सिञ्चित हुने क्षेत्रको विस्तारलाई बढाइरहेको बताउनुभयो। पूर्वमुख्यमन्त्री जोखबहादुर महरालेले सिँचाइ क्षेत्रलाई कृषि विकासको आधारका रूपमा प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

पूर्वसिँचाइमन्त्री वीरबहादुर रानालेले उत्पादनमा आत्मनिर्भर बन्ने आधार तयार भइसकेको उल्लेख गर्दै किसानको मन जित्ने गरी काम गर्नुपर्ने धारणा राख्नुभयो। प्रदेश योजना आयोगका सदस्य शान्तादेवी ढकालले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाइ पूर्वाधारको सुदृढीकरणमा जोड दिनुभयो। प्रगन्ना कुलो सिँचाइ प्रणाली जल उपभोक्ता संस्था मूल समन्वय समितिका सचिव भीमलाल चौधरीले कृषि क्षेत्रको विकासका लागि सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। मन्त्रालयका सचिव चूर्णबहादुर ओलीले मन्त्रालयको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो।

सुस्तामा नदी नियन्त्रणको काम तीव्र

विकास अधिकारी
पश्चिम नवलपरासी, चैत २५ गते

नवलपरासीको सुस्तामा नदी नियन्त्रणको काम तीव्र गतिमा भइरहेको छ। नारायणी नदीले कटान गरेको पाँच सय मिटर क्षेत्रलाई दुई खण्डमा विभाजन गरेर काम भइरहेको छ। सङ्घीय सरकारको झन्डै १२ करोड रुपियाँ लागतमा सुस्ता बाढी नियन्त्रणको काम सुरु भएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय आयोजना चितवनका प्रमुख डा. नारायण सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार नदीको बहाव सिधै सुस्ताको बस्तीतर्फ सोझिएकाले वर्षायाममा हुन सक्ने जोखिमलाई ध्यान दिँदै बाढी नियन्त्रणको उपाय सुरु गरिएको छ।

नदी तटबन्ध भत्काएर बस्ती प्रवेश गरेको क्षेत्र अहिले पनि पाँच मिटरसम्म गहिरो भएकाले सबै ठाउँमा तटबन्ध लगाउन सम्भव नभएपछि वैकल्पिक उपाय अवलम्बन गरिएको छ। गत वर्ष वर्षायाममा सुस्ताको उत्तरतर्फको भागबाट बाढी बस्तीमा पसेपछि स्थानीयले रातभर जाग्राम बसेर बोरामा बालुवा भरेर बस्ती जोगाएका थिए।

यस वर्ष वर्षायामअगावै नदी नियन्त्रणको दरिलो संरचना तयार नभए सुस्ता बाढीको भेलसँगै बग्ने भन्दै सुस्तावासीले तत्कालीन भौतिक पूर्वाधारमन्त्रीको ध्यानाकर्षण गराएपछि बजेट व्यवस्थापन गरेर ठेक्का आह्वान गरिएको थियो।

भत्किएको स्थानमा मर्मत गर्ने र धेरै गहिरो भएको स्थानमा आरसिसी प्रोकुपाइन (त्रिभुज आकारका सिमेन्टका पोललाई प्रयोग गरेर गरिने नदी नियन्त्रण प्रविधि) गरिने आयोजनाका इन्जिनियर बेलबहादुर विश्वकर्माले बताउनुभयो।

धेरै गहिरो स्थानमा पाँच लाइनमा तीन तहसम्म आरसिसी प्रोकुपाइन गरिने छ। "तीन मिटर लामा छ वटा सिमेन्टका पोललाई त्रिभुज आकारमा जोडेर नदीमा तहगत रूपमा राखिन्छ, जसले बाढी आएको समयमा पानीको बहाव नियन्त्रणको काम गर्छ," विश्वकर्माले भन्नुभयो, "अहिले त्यही सिमेन्टमा पोल निर्माणको काम धमाधम भइरहेको छ।"

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र आह्वान सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८२।१२।२६

यस नगरपालिकाबाट संचालन हुने तपशिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सो को विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेबसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिने छ।

तपसिल

S. N.	Contract Identification No.	Name of Project	Estimate Amount (Including VAT) NRs.	Bid security Amount NRs.	Bid document fee (Non-refundable) NRs.
1.	Hariyali-HeightRoad-Ward5/W/NCB/27/2082-83	Construction of Hariyali Height Road at Kageshwori Manohara Municipality Ward no 5.	47,98,246.45	1,20,000.00	3,000.00

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार वैद्यखाना विकास समिति
अनामनगर, काठमाडौं।

बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२६

यस सिंहदरबार वैद्यखाना विकास समितिका लागि आ.व. ०८२।८३ मा तपसिलमा उल्लिखित बोलपत्रमा सहभागी हुन इच्छुक इजाजत प्राप्त कम्पनी, फर्म/संस्थाले सार्वजनिक खरिद अनुगमन कार्यालयको egp system www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुहुन जानकारी गराइन्छ। साथै विस्तृत जानकारी यस समितिको कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको egp system मार्फत प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

S. No.	Contract No.	Description	Estimate Amount (NRS.) (Including -VAT)	Cost of bidding document (NRS.)	Bid Security Amount (NRS.)
1	IFB NO:5/2082/83/SDVK NCB:6/2082/83/SDVK	Construction and Maintainance of Chulo Building at Singhadurbar Vaidyakhana Vikash Samiti	**58,44,493.58**	3,000.00 (Deposit on Rastriya Banijya Bank Ltd., Putalisadak Branch A/c no.1130100002376001	1,40,000.00

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बढुवा समितिको सचिवालय, सिंहदरबारको

बढुवा सम्बन्धी सूचना

प्रकाशित मिति २०८२/१२/२६

लोक सेवा आयोगको देहायका बढुवा सूचना नं. सेवा, समूह र श्रेणीको रिक्त पदमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क. बमोजिम ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०८२/१२/२५ को निर्णयानुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारहरूलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४च. को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

बढुवा सूचना नं. १३६/०८२-८३
नेपाल कृषि सेवा, कृषि प्रसार समूह, रा.प. तृतीय श्रेणी, कृषि प्रसार अधिकृत

योग्यताक्रम नं.	कर्मचारी संकेत नं.	उम्मेदवारको नाम थर
१	१५३०६२	श्री गणेश प्रसाद चौधरी

बढुवा सूचना नं. १३७/०८२-८३
नेपाल कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूह, रा.प. तृतीय श्रेणी, पशु विकास अधिकृत

योग्यताक्रम नं.	कर्मचारी संकेत नं.	उम्मेदवारको नाम थर
१	१६०६४९	श्री शेर बहादुर खड्का

बढुवा सूचना नं. १३८/०८२-८३
नेपाल कृषि सेवा, बाली संरक्षण समूह, रा.प. तृतीय श्रेणी, बाली संरक्षण अधिकृत

योग्यताक्रम नं.	कर्मचारी संकेत नं.	उम्मेदवारको नाम थर
१	१५३०८९	श्री चन्देश्वर ठाकुर

संशोधित बढुवा सिफारिस योग्यताक्रम

ब.सू.नं. १२५/०७९-८० र १२७/०७९-८० नेपाल कृषि सेवा, ला.पो. एण्ड डे.डे. र भेटेरिनरी समूह, रा.प. तृतीय श्रेणीको पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा परेको (रिट नं. ०७९-WO-०६५५ परमादेश समेत) मुद्दामा अदालतबाट मिति २०८२/१०/२६ मा भएको फैसला कार्यान्वयन हुँदा देहायको संशोधित योग्यताक्रम कायम हुन आएकोले बढुवा समितिको मिति २०८२/१२/२५ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

विज्ञापन नं. ५६७/०७९-८० बढुवा सूचना नं. १२५/०७९-८०
नेपाल कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूह, रा.प. तृतीय श्रेणी, पशु विकास अधिकृत

योग्यताक्रम नं.	कर्मचारी संकेत नं.	उम्मेदवारको नाम थर
१	१६८७६८	श्री पिताम्बर घिमिरे

विज्ञापन नं. ५६७/०७९-८० बढुवा सूचना नं. १२७/०७९-८०
नेपाल कृषि सेवा, भेटेरिनरी समूह, रा.प. तृतीय श्रेणी, पशु चिकित्सक

योग्यताक्रम नं.	कर्मचारी संकेत नं.	उम्मेदवारको नाम थर
१	१५०६८५	श्री शंकर सिंह
२	१५९३४७	श्री पुष्प राज भारती
३	१५२७२१	श्री रत्न बहादुर डांगी

Nepal Electricity Authority
Invitation for Electronic Bids
(Date of publication 9th April, 2026 (26/12/2082)

Name of Office	Tender No./ Types of Bidding	Description of Works/Jobs
Lumbini Provincial Office, Butwal (Tel No : 071-438584)	NEA-LPO-2082/83-14(SQ)	Calibration of Test and Measuring Instruments for Transformer Workshop
	NEA-LPO-2082/83-15	Supply and Delivery of Supper Enamelled Copper Coil and TPC Insulated LT Strips
Sudurpaschim Provincial Office, Attariya, Kailali (Tel. No. : 099-551173)	NEA/ SPO-2082/083/ Civil - SQ-02 (RE)	Various Civil Maintenance Work SPO Attariya,Kailali.
Lumbini Province Division Office, Nepalgunj. (Tel No. 081-531783)	NEA-LPDON-2082/083-CIVIL-16	Procurement for Construction of storeroom and other miscellaneous civil works
Upper Trishuli 3A Hydropower Station, Salletar, Rasuwa (Contact No : 9851115178)	UT3AHPS-2082/083-CSQ-02	Gabion Works for the protection of Tailrace at UT3AHPS.
	UT3AHPS-2082/083-CSQ-03	Protection Work on Canal of Head works at UT3AHPS.
Marsyangdi Hydropower Station, AnbooKhaireni, Tanahu (Tel No : 065-540077)	NEA-MHPS-2082/83-CSQ-02	Chainlink wire mesh fencing, painting and general maintenance works at MHPS
Sunkoshi Hydropower Station, Lamosanghu, Sindhupalchowk (Tel No :011-482155)	NEA-SHPS-2082/83-ET-02	Supply, Delivery, Installation, Testing and Commissioning of ACSR Conductor, Insulators, Disconnecting Switch with necessary Clamps,related accessories and all related works at Switchyard at SHPS
	NEA-SHPS-2082/83-EMQ-02	Supply and Delivery of Tools and Spare parts for 3 MVA Transformer at SHPS
Lekhnath Damauli 220kV Transmission Line Project (Tel No- 061-564725)	NEA/ LD220/ 2082/ 83-SQ- 01-RE	Construction of Truss type Vehicle Parking Shed at Lekhnath
Ilam Distribution Centre, Ilam (Tel No..-027-520054	NEA-ILAMDC-2082/ 083-04SQ (RE)	Construction of 11 KV Sandakpur Feeder
Tulsipur Distribution Centre, (Contact No : 9857848550)	TULDC/ CONSTRUCTION/ 082/83 -02(SQ)	Distribution line Extension Works in different places of Tulsipur Distribution Centre.
	TULDC/ SUPPLY/ 082/ 83-03(SQ)	Supply & Delivery of Stationery and Printing Materials for Tulsipur Distribution Centre.
Bardaghat Distribution Centre (Tel No: 078-580204)	NEA- BRDC -2082/ 083-SQ 02	LT Line Extension works at different Place of Bardaghat DCS (Rural Electrification)
	NEA-BRDC-2082/ 083-SQ 03	Replacement of ACSR Conductor to ABC Cable & Re-Location of HT/LT PSC Pole at different places of Bardaghat Muncipality ward no.03

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details

---

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Pokhara

Road Division Damauli

Damauli, Tanahun
Notice for Intention to Accept the Bids
2082/12/26 (9th April, 2026)

Notice is hereby given to all concerned that Road Division Damauli intends to accept the following, substantially responsive lowest evaluated bids for the contracts as mentioned below and hence publishes this notice as per sub-section (2) of section (27) of the Public Procurement Act, 2063.

S. N.	Contract No.	Description of Works	Substantially Responsive Lowest Evaluated Bid	Quoted Amount (Nrs. Including VAT and PS)
1	RDDML/ 33701694/ 082/83-29	Upgrading Works of Chandrawati School to Thaniko Than Temple Road, Bhanu 7 Tanahun	M/S Himganga Builders & Suppliers P Ltd., Bhaktapur	2,630,670.01
2	RDDML/ 33701694/ 082/83-30	Upgrading works of 11 KM to Kunwar Gaun Road, Gorkha Municipality, Gorkha	M/S Naaz Construction, Gorkha	3,257,972.56
3	RDDML/ 33701694/ 082/83-31	Road Upgrading Works of Deutipanibeshi-Padhini-Chandreshwor, Lamjung (Sahid Muktinath Adhikari Marga	M/S Brothers Builders, Lamjung	3,414,928.43

Division Chief

सडक विभाग
सडक डिभिजन, नेपालगञ्ज

ठेक्का अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२/१२/२६

यस डिभिजन अन्तर्गत बाँके र बर्दिया जिल्लामा सञ्चालित तपसिल बमोजिमका ठेक्काहरू तोकिएको समयावधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेको र ठेक्का सम्झौताका शर्तहरू बमोजिम आफ्नो दायित्व पूरा नगरेको हुँदा, ठेक्का सम्झौताको GCC मा भएको प्रावधान तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) बमोजिम यस कार्यालयको मिति २०८२/१२/१५ को निर्णयानुसार ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा जानकारी गराइन्छ। सूचना प्रकाशित मितिदेखि १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिमका निर्माण व्यवसायीले यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्नुहुन अनुरोध गरिन्छ।

तपसिल

सि.नं.	ठेक्का नं.	ठेक्काको विवरण	निर्माण व्यवसायीको नाम, ठेगाना
1.	DRONGJ/ 3371653/ 072/73-54	Recurrent Maintenance Work (Patching and Pot holes Repair) Deurali-Harre Section of RRM	M/s Gagan Nirman Sewa, Narthapu-03, Mugu
2.	DRONGJ/ 3371653/ 073/74-09	Recurrent Maintenance Work (Side drain Construction, Road Side Protection & Traffic Safety works) MEM (Kohalpur-Karnali Section)	M/s S.S. Nirman Sewa Pvt. Ltd., Samsergunj-09, Banke
3.	DRONGJ/ 3371653/ 073/74-14	Specific Maintenance Work (Construction of Rigid Pavement, Protection works & Drain) Ratna Rajmarga (Hattisar-Harre Section)	M/s Thapa Construction Sewa, Sima-04, Jajarkot

डिभिजन प्रमुख

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
सूचना प्रकाशित मिति २०८२/१२/२६

e-GP मार्फत बोलपत्र आह्वानको सूचना

यस विभागको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायअनुसारका कम्प्युटर तथा ल्यापटपहरू खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र E-Bidding मार्फत बोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजेसम्ममा पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। बोलपत्र पाइने स्थान, दस्तुर, बिडबण्ड, पेश गर्ने, खोल्ने स्थानलगायतका विस्तृत विवरणसहितको सूचना यस विभागको website: www.ird.gov.np र सूचना पाटीमा समेत राखिएको साथै बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तपसिल

क्र. सं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र फाराम दस्तुर	जमानत वापतको रकम
१.	IRD/NCB/2082-83/06	The Procurement of Supply and Delivery of Desktops	रु.३०००।-	रु.१,८५,०००।-
२.	IRD/NCB/2082-83/07	The Procurement of Supply and Delivery of Laptops	रु.३०००।-	रु.२,०१,०००।-

---

Infrastructure Development Office
Khalanga, Jajarkot

Letter Of Intent

Date of Publication: 2082/12/26 (9 April, 2026)

This is to notify in accordance with Public Procurement Act 2063 (Section. 27) to all concerned bidders, who have submitted Technical and Price bid for the following contract/ project published in National Daily Newspaper on 2082/11/05 (17 Feb.,2026) . From all received bids, the Technical bid of the following bidders' successes Qualification Criteria and found to be substantially responsive. So, following responsive bidders are invited in Price Bid opening dated on 16 April, 2026 (2083/01/03) at 11:00 AM at office of Infrastructure Development Office, Jajarkot.

SN	Contract ID NO.	Nane of Project	Substantially Responsive Bidders
1	IDO/JKT/W/NCB/ BRG/64/082-083	Sanakhola Motorable Bridge, Junichade-3 & 11, Jajarkot	(1) Rajbir Nirman Sewa Pvt.Ltd, Rolpa (2) Easy-Sushant-Chandra JV,Dang
2	IDO/JKT/W/NCB/ BRG/65/082-083	Sadhibisauna Motorable Bridge, Kuse-6, Jajarkot	(1) Rajbir Nirman Sewa Pvt.Ltd, Rolpa (2) Bikendra-RCCPL JV, Jajarkot (3) YC-KG-JNS JV, Dang (4) Easy Construction Pvt.Ltd., Dang

Office Chief

Maharajganj Municipality
Office of Municipal Executive
Maharajganj, Kapilvastu
Lumbini Province, Nepal

Notice for the Letter of Intend (LoI)

First date of publication: 26th of Chaitra, 2082 (9thof April, 2026)

This is to notify to all concerned bidders that, it is our intention to award the below mentioned contract to the following substantially responsive lowest evaluated bidders. Corresponding Lowest Evaluated Substantially Responsive Bids is selected in accordance with ITB 33.1 of bidding document and this notice is published as per PPA 2063 clause 27.2 & 27.3

S. N.	Name Of Contract	Contract Identification No.	Substantially Responsive Loweast Evaluated Bidders	Bid Amount including VAT & PS (Nrs.)
1	Latthaiya Sichai Yojana	19-MM/KPIL/IRR/ Works/2082/083	M/S Barytech Infrastructure Pvt.Ltd. Kathmandu-32, Koteshwor, Nepal	3,20,86,136.63

Chief Administrative officer

मोबाइलको लत छुटाउन सुधार केन्द्रमा

बोमलाल गिरी
नवलपुर, चैत २५ गते

के तपाईंको छोराछोरीले घरमा कसैको कुरा नसुन्ने, नगर भनेको काम गरिहाल्ने, एक्लै बस्न रुचाउने, विद्यालय जान नमान्ने, मोबाइल धेरै चलाउने र धेरैबेर नचलाउन भन्दा झर्किने गरेको देख्नुभएको छ ? छ भने आजैदेखि ख्याल गर्नुहोस्, यो मोबाइलको लत हुन सक्छ र त्यो लत छुटाउन सुधार केन्द्रमा पठाउनुपर्ने पनि हुन सक्छ।

नवलपुरको जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, प्रदेश जनस्वास्थ्य कार्यालय, मध्यविन्दु प्रादेशिक अस्पताललगायतले जिल्लाका सुधारगृह (रिह्याब सेन्टर) मा गरेको अनुगमनमा अभिभावकले मोबाइलको लत छुटाउन आफ्ना सन्तानलाई सुधारगृहमा लगेर राखेको पाइएको हो।

जिल्लामा रहेका नौ सुधारगृहमध्ये अधिकांशमा यस्तै समस्या भएका बालकलाई राखेको पाइएको प्रदेश जनस्वास्थ्य कार्यालय प्रमुख केशव चापागाईंले जानकारी दिनुभयो। "१२ देखि १८ वर्ष उमेर समूहका थुप्रै बालकलाई सुधारगृहमा लगेर राखेको पाइयो," चापागाईंले भन्नुभयो, "सानो उमेरका धेरै बच्चामा मोबाइलको लत रहेको देखिन्छ भने केही लागुऔषध र मादक पदार्थ सेवनकर्ता पनि भेटिए।"

हाल जिल्लाभर कति जना बालक सुधारगृहमा छन् भन्ने यकिन तथ्याङ्क नभए पनि यसले समुदायमा यस्तो समस्या भएका बालबालिका धेरै भएको हुन सक्ने सङ्केत गरेको उहाँको भनाइ छ। गैँडाकोटका एक बालक एसइईमा लेख्दालेख्दै मोबाइल हेर्ने रहरले परीक्षा नै छोडेर घर आएपछि सुधारगृहमा राखेको पनि पाइएको चापागाईंले सुनाउनुभयो।

कावासोती-१०, चिलाहामा रहेको सफलता पुनर्स्थापना केन्द्रका सञ्चालक मदन दराईले २०७८ सालमा स्थापना भएको यो केन्द्रले अहिलेसम्म मोबाइलको लत लागेका दुई सयभन्दा बढी बालकलाई उपचार गरेर घर पठाएको बताउनुभयो। "हाम्रो छ महिनाको कोर्स हुन्छ, कतिपय तीन महिनामै ठिक भएर पनि गएका छन् भने कसैलाई पूरै अवधि पनि राख्नु परेको छ, कतिपय त फेरि फर्केर पनि आउने गरेका छन्," उहाँले भन्नुभयो।

कावासोती-९ मा रहेको निर्णय फर चेन्ज नामक सुधार केन्द्रमा रहेका एक १२ वर्षीय बालक घर बस्दा मोबाइल हेरिरहने बानीले विद्यालय जाने नसक्ने भएपछि तीन महिनादेखि यहीँ बसी विद्यालय आउजाउ गर्ने गरेको सुधार केन्द्रका सञ्चालक दीपेन्द्र प्रजापतिले बताउनुभयो। यस्तै समस्याले कक्षा ११ मा पढ्ने दुई जना १७ वर्षका र एक १३ वर्षीय बालक कावासोतीकै प्रार्थना नेपाल पुर्नस्थापना केन्द्रमा तीन महिनादेखि बसिरहेका सञ्चालक प्रकाश पुलामीले बताउनुभयो।

बालबालिकामा अत्यधिक मोबाइल हेर्ने बानीले लत लागेर सुधारगृहमा जानुपर्ने समस्या बढिरहेको सञ्चालकले बताएका छन्। बालबालिकालाई भुलाउन मोबाइल चलाउन दिँदा उनीहरू बिस्तारै गेम खेल्ने र गेममा हार्दा आक्रामक हुने, झनक्क रिसाउने, मोबाइल, ट्याब भित्तामा ठोक्ने र कहिलेकाहीँ हिंसात्मक हुने गरेकाले सुधार केन्द्रमा हाल्नु परेको अनुगमनका क्रममा पाइएको सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले बताउनुभयो। मोबाइल 'प्रयोग गर्न जाने फलिफाप, दुरुपयोग गरे अभिशाप' हुने भएकाले अभिभावकको निगरानी आवश्यक रहेको बताउनुहुन्छ प्रार्थना नेपाल पुनर्स्थापना केन्द्रका मनोपरामर्शदाता एवं समाजशास्त्री करुण लम्साल।

सुधार केन्द्रमा बसेर सुधारिएर आउनेलाई समाजले हेर्ने दृष्टिकोण नै गलत भएकाले त्यो सोच बदल्नुपर्ने उहाँको भनाइ छ। बालबालिका गलत सङ्गतले, मानसिक, सामाजिक कारणले दुर्व्यसनमा फस्न सक्ने भएकाले उपचार पाउने उसको नैसर्गिक अधिकार भएको लम्सालको भनाइ छ। बाल्यकालमा दुर्व्यसनमा पर्नु देखासिकी मुख्य कारण रहेकाले अभिभावक सबैभन्दा बढी सचेत र जिम्मेवार हुनुपर्ने लम्सालको सुझाव छ।

डम्पिङ साइट अभावमा फलेवास दुर्गन्धित

फलेवास समाचारदाता
पर्वत, चैत २५ गते

जिल्लाको दोस्रो व्यापारिक केन्द्रका रूपमा चिनिने फलेवास क्षेत्रमा फोहोर व्यवस्थापन जटिल बन्दै गएको छ। अव्यवस्थित सहरीकरण, बढ्दो जनघनत्व र बजार विस्तारसँगै फोहोर उत्पादन बढ्दै जाँदा वातावरण प्रदूषण तीव्र बनेको हो।

सदरमुकाम कुस्मा बजारसँगै जोडिएको फलेवास नगरपालिकाका विभिन्न स्थानमा यत्रतत्र फोहोर थुप्रिन थालेपछि स्थानीय बासिन्दा मारमा परेका छन्। सडक किनार, खोल्सा तथा खाली जग्गामा जथाभावी फोहोर फालिँदा दुर्गन्ध फैलिनुका साथै पानी र हावासमेत प्रदूषित हुन थालेको स्थानीयको गुनासो छ। स्थानीय व्यवसायीका अनुसार बजार क्षेत्रमा दैनिक रूपमा उत्पादन हुने फोहोर समयमै सङ्कलन तथा व्यवस्थापन नहुँदा व्यापार व्यवसाय प्रभावित हुन थालेको छ।

नगरपालिकाको बजार क्षेत्र मानिने कार्कीनेटा, थापाठाना, मुडीकुवा, देवीस्थान र खानीगाउँ वडाबाट दैनिक रूपमा निस्कने फोहोरले वातावरण प्रदूषण बढ्दै गएको छ। फलेवास नगरपालिकामा कुल जनसङ्ख्या २० हजार ४६८ रहेको छ। दैनिक चार टन फोहोरमैला उत्पादन हुने औसत अनुमान गरिएको छ। पछिल्लो समय तीव्र गतिमा बढ्दै गएको प्लास्टिकजन्य फोहोरले वातावरण, इकोसिस्टम र जनजीवनमा दीर्घकालीन असर पार्न थालेको पाइन्छ।

विशेषज्ञका अनुसार प्लास्टिकजन्य फोहोर सयौँ वर्षसम्म नमासिने भएकाले यसको प्रभाव दीर्घकालसम्म रहने खतरा बढ्दो छ। प्लास्टिकजन्य फोहोरको अव्यवस्थित व्यवस्थापनका कारण नाली र ढल थुनिने समस्या बढ्दै गएको छ। यस्तै खुला रूपमा फालिएका प्लास्टिकजन्य फोहोर गाईवस्तुले खाने गरेका कारण खाद्य शृङ्खला (फुड चेन) मार्फत त्यसको असर मानव स्वास्थ्यसम्म पुग्ने खतरा बढेको पाइन्छ। स्थानीयले फोहोरमैला व्यवस्थापनमा चुनौती बढ्दै गएपछि डम्पिङ साइट निर्माणका लागि पटक पटक आग्रह गरे पनि सुनुवाइ नभएको बताउँदै आएका छन्। स्थानीयको दबाबपश्चात् नगरपालिकाको केन्द्र रहेको फलेवास-५, खानीगाउँमा वडा कार्यालयले प्रशासनिक खर्चमार्फत प्रत्येक महिनाको अन्त्यतिर ट्याक्टरमार्फत फोहोर सङ्कलन गर्दै आएको छ।

फलेवास नगरपालिकाका योजना अधिकृत प्रकाश लम्सालका अनुसार नगरपालिकामा फोहोर व्यवस्थापनका लागि हालसम्म प्रस्ट र प्रभावकारी योजना बन्न सकेको छैन। फोहोरमैला व्यवस्थापनसम्बन्धी तथ्याङ्क र अध्ययन, दीर्घकालीन योजना, उपयुक्त प्रविधि, वैज्ञानिक व्यवस्थापन, व्यवस्थापन कार्यको नियमित अनुगमन र मूल्याङ्कनको अभावले पनि यसको व्यवस्थापनमा समस्या निम्त्याएको उहाँको भनाइ छ।

फोहोरलाई मोहरमा परिणत गर्ने जस्ता कार्यक्रम सरकारले ल्याएको भए पनि प्रभावकारी बनेको छैन। फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले फोहोरको व्यवस्थापन गर्ने अधिकारी स्थानीय तहलाई दिएको छ। यो विषयमा स्थानीय तह गम्भीर बन्न सकेका छैनन्।

विश्वसम्पदा सूचीको पर्खाइमा ल्होमन्थाङ दरबार

मुक्तिनाथ समाचारदाता
मुक्तिनाथ (मुस्ताङ), चैत २५ गते

गण्डकी प्रदेश सरकारले ल्होमन्थाङ दरबारलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्ने भएको छ। सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा मुस्ताङको ल्होमन्थाङ गाउँपालिका-५ मा अवस्थित ऐतिहासिक र पुरातात्त्विक महत्त्वको त्यो सम्पदालाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्ने घोषणा गरेको थियो।

गण्डकी प्रदेश सरकारले छ वर्षअगाडि पनि पहल गरेको थियो। स्थानीय, प्रदेश र सङ्घीय सरकारका जनप्रतिनिधिले विभिन्न माध्यमबाट पहल गरे पनि हालसम्म विश्वसम्पदामा सूचीकृत हुन सकेको छैन। सन् २००८ मा संयुक्त राष्ट्रसङ्घ शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक सङ्गठन (युनेस्को) द्वारा सूचीकृत गर्न प्रस्ताव गरेमा स्थानीयले इच्छा देखाएको थिएन तर सूचीकृतले संरक्षणसहित पर्यटकलाई आकर्षित गर्न सजिलो हुने जानकारी पाएपछि पछिल्लो समय चासो देखाउन थालेको छ।

माटोको सहर भनेर चिनिने ल्होमन्थाङको प्राचीन सभ्यतालाई जोगाउन तथा संरक्षणका विभिन्न क्षेत्रमा समेत काम भइरहेको ल्होमन्थाङ गाउँपालिकाका अध्यक्ष टासी न्हर्बु गुरुङले बताउनुभयो। अध्यक्ष गुरुङले भन्नुभयो, "अहिलेसम्म प्रक्रियामा रहेको छ, ल्होमन्थाङको प्राचीन पहिचान जोगाएर पर्यटकलाई आकर्षित गर्ने प्रयासमा हामीले निरन्तर पहल गरिरहेका छौँ।"

१४ औँ शताब्दीमा राजा आङ्देन साङ्वो विष्टको कार्यकालमा ढुङ्गामाटो र काठको प्रयोग गरी पाँचतले ल्होमन्थाङ दरबार बनाउनुभएको थियो। २५ औँ पुस्ताका राजा जिग्मे परवल विष्टको विसं २०७३ मङ्सिरमा मृत्यु भएपछि अहिले राजपरिवारका सदस्य दरबारमा चाडपर्वलगायत विभिन्न कामको सिलसिलामा बस्ने गरे पनि पर्यटकलाई भित्र अवलोकन गर्न रोक लगाइएको छ।

२०७२ को भूकम्पका कारण चर्किएपछि मर्मत गरिएको थियो। ल्होमन्थाङको भ्रमणमा जाने स्वदेशी तथा विदेशी पर्यटकको प्रमुख आकर्षण भएकाले संरक्षण तथा प्रवर्धनमा सघाइरहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय ल्होमन्थाङका प्रमुख उमेश पौडेलले बताउनुभयो।

मौसमसम्बन्धी सूचना लिएर यात्रा गर्न आग्रह

हरिकृष्ण शर्मा
मुक्तिनाथ (मुस्ताङ), चैत २५ गते

जिल्ला प्रशासन कार्यालय मुस्ताङले बुधबार बिहानैदेखि भइरहेको वर्षा र हिमपातका कारण उपल्लो मुस्ताङ र पदयात्रामा निस्किने पर्यटकलाई मौसमसम्बन्धी पूर्वसूचना लिएर यात्रा गर्न अनुरोध गरेको छ।

जिल्ला प्रशासन कार्यालयले कागबेनी-कोरला सडक, कागबेनी-मुक्तिनाथ सडकखण्डमा हिमपातका कारण असहज हुने जोखिमलाई ध्यानमा राखी यात्रा अगाडि बढाउन जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी अजिता शर्माले लगातारको वर्षा र हिमपातले उपल्लो मुस्ताङ जाने सडकमा सवारीसाधन फस्न थालेपछि प्रहरीलाई खटाइएको बताउनुभयो।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुरको

पुराना उत्तरपुस्तिका, पत्र पत्रिकाहरू तथा अन्य पुराना कागजातहरू बिक्री सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।२६ गते)

यस परीक्षा नियन्त्रण कार्यालयमा रहेका परीक्षा सम्बन्धी विनियमावली, २०७१ को विनियम ३३ बमोजिम धुल्याउनु पर्ने पुराना उत्तरपुस्तिका, पत्रपत्रिकाहरू तथा अन्य पुराना कागजातहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बिक्री गर्नु परेकोले ७ (सात) दिन भित्रमा गोपनीय र विश्वासिलो तरीकाले धुल्याउने काम गरेका अनुभवी तथा इच्छुक रजिष्टर्ड फर्म, कम्पनीहरूले कार्यालयबाट रु. ३००। तिरी प्राप्त हुने रितपुर्वकको फाराम कार्यालय समय भित्र शिलवन्दी सहित दररेट भरी बुझाउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। गोप्य शिलबन्दी दररेट विवरण सातौं दिनको भोलिपल्ट दिनको १२:०० बजे परीक्षा नियन्त्रण कार्यालयमा खोलिनेछ। विस्तृत जानकारीका लागि ६६३०३४२ मा सम्पर्क राख्नु हुन वा सानोठिमी, भक्तपुरस्थित कार्यालयमा बुझ्न सकिने व्यहोरासमेत अनुरोध छ।

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

E–Bidding मार्फत शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

(दोस्रो पटक प्रकाशित मितिः २०८२/१२/२६)

यस तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट तपसिल बमोजिमको विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। सूचना प्रकाशन भएको मितिले १६ औँ दिन, दिनको १२:०० बजे भित्र www.bolpatra.gov.np मा EGP-प्रणाली सञ्चालन निर्देशिका २०७४ बमोजिम अपलोड गरी पेश गर्नु हुन इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारी PPMO website: www.bolpatra. gov.np/epg तथा तुलसीपुर उपमहानगरपालिकाको websitr: www.tulsipurmun.gov.np बाट लिन सक्नु हुनेछ। **तपसिल :**

क्र.सं.	ठेक्काको नाम	ठेक्का नं.	कैफियत
१	तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ कृष्णनगर टोल भित्र नाला तथा सडक स्तरोन्नती	TSMC/SQ/W/19/2082/2083-Re	
२	तारजाली (Gabion Boxes) खरिद	TSMC/IMP/RE/SQ/G/2082/083-05	

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रोल्पा अस्पताल
रेउघा, रोल्पा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः ०८२/१२/२६

यस कार्यालयको ठेक्का नं. RH/ROLPA/NCB/GOODS-Ration-०२/-२०८२/८३ को अस्पतालममा भर्ना भई उपचारार्थ बिरामीहरूलाई राशन खुवाउनको लागि मिति २०८२/११/०४ गते पि.एस. एडभरटाइजिङ (नेपालगन्ज-१९, बाँके) दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार, रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्याँकित सारभूत रूपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

सि. नं.	ठेक्का नं.	छनोट भएका बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.कर सहित)
१.	RH/ROLPA/ NCB/GOODS-Ration-02/-2082/83	जिनियस निर्माण सेवा, रोल्पा न.पा.-१०, रोल्पा	१७,१९,१७४.०९

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना !

सूचना प्रकाशन मिति : २०८२/१२/२६

यस कार्यालयको आ.व. २०८२/०८३ को लागि मिति २०८२/१२/१० गतेको युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित ई बिडमार्फत आह्वानको सूचना बमोजिम पेश हुन आएका दरभाउपत्रहरूमध्ये अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको तपशिल बमोजिमको दरभाउपत्र स्वीकृतिका लागि छनौट भई आशय पत्र दिने निर्णय भएकोले सम्बन्धित सबै दरभाउपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपशिल :**

सि.नं.	ठेक्का विवरण	ठेक्का नं.	दरभाउपत्रदाताको नाम	कबोल गरेको अंक रु. (भ्याट बाहेक)	कै.
१.	राप्ती नदी कोलही ढिकपुर सिमानाघाटबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन	रा/२३/लमही/ २०८२/०८३	श्री फोरसाइट कन्सल्ट एन्ड कन्स्ट्रक्सन प्रा. लि.	१५,००,६७५।-	

प्रमुख प्रशासकीय अधिकृत

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस
त्रिभुवन विश्वविद्यालय, काठमाडौं

सिलबन्दी दरभाउपत्र स्वीकृतिका लागि आशयको सूचना

प्रकाशन मिति : २०८२/१२/२६

यस क्याम्पसद्वारा मिति २०८२/१२/१३ मा प्रथम पटक गोरखापत्र दैनिक मार्फत सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सार्वजनिक सूचना अनुसार, म्याद भित्र पेश हुन् आएका दरभाउपत्रहरू मध्ये तपशिल बमोजिमको सिलबन्दी दरभाउपत्र, मुल्यांकन समितिबाट, न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको सिफारिस भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २७ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो ३ (तिन) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

सि नं	दरभाउपत्र नं	दरभाउपत्रको नाम	छनोट भएको दरभाउदाताको नाम र ठेगाना	कबोल रकम रु (मु अ क सहित)
1	AC/SRL-81-82-01/ SQ/Equipment/ 2082-83/01	Supply, Delivery, Installation and Commissioning of Angiosperm Molecular Biology (PCR and DNA Analysis) Laboratory Equipment	Madhav International Pvt. Ltd., Krishnanagar -2 Kapilvastu Main Road	1797102.28

क्याम्पस प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

ठेक्का आह्वानको सूचना

पहिलो पटक प्रकाशित मितिः२०८२/१२/२६

१. पुतलीबजार नगरपालिका, प्रगतिनगर, स्याङ्जाले तपसिल वमोजिमको खरिद कार्य अगाडी बढाउन योग्य बोलपत्रदाताहरुबाट इलेक्ट्रोनिक माध्यमबाट ठेक्का आह्वान गरेको छ ।

२. इलेक्ट्रोनिक माध्यमबाट आफ्नो ठेक्का पेश गर्न चाहाने योग्य बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गई आवश्यक कागजात हेर्न, डाउनलोड गर्न र पेश गर्न सक्नुहुनेछ। ठेक्का कागजात खरिदका लागि नेपाल बैंकको राजस्व खाता नं : ०७२०३०००००१००१०००००१, राजस्व शिर्षक नः १४२२९ मा तोकिएको रकम दाखिला गर्न सक्नुहुनेछ। ठेक्काको लागि बोलपत्र जमानत बैंक मार्फत दाखिला गर्न चाहने बोलपत्रदाताले नेपाल बैंकको धरौटी खाता नः Ga -३-००७२०३०००००३०००००००० मा जम्मा गर्न सक्नुहुनेछ।

३. सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ।

क्र. स.	ठेक्का नं	ठेक्काको विवरण	लागत अनुमान (भ्याट सहित)	खरिद प्रक्रिया	जमानत र कम	ठेक्का फारम दस्तुर	ठेक्का बुझाउने अन्तिम मिति	ठेक्का जमानत म्याद
१	42/PM/NCB/ GOODS/ 082/83	Supply & Installation of CCTV Cameras, Laptop & Accessories	२४,७९,३२४.३९	बोलपत्र	६५,०००	३०००	२०८३/०१/२५ १२:००	सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम

प्रमुख प्रशासकीय अधिकृत

चम्पादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिका, ओखलढुंगा
स्था : २०७३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८२/१२/२६)

चम्पादेवी गाउँपालिकाको कार्यालय कालिका ओखलढुंगामा मिति २०८२/१२/०५ गते पहिलो पटक तपसिल बमोजिमका कार्य सम्बन्धी (e–Bid) बोलपत्रमार्फत आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरू मध्ये तपशिलको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :

क्र. सं.	ठेक्का न.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मू.अ.कर बाहेक)
१	CDRM/OKH/ GOODS/SQ/15/ 2081/082	MASALANDA TATHA KARYALAYA SAMAGRI KHARCHA BISAYAGAT SAKHA SAMET	Kuntadevi Suppliers Siddhicharan- 12, Okhaldhunga	8,82,640.00/-
२	CDRM/OKH/ GOODS/SQ/16/ 2082/083	Aadharbhut tatha Aakasmik swastha sewa ko lagi aausadi Kharid	Shankara Concern Pvt Ltd Barahakshetra -03, Sunsari	7,40,457.36/-

प्रमुख प्रशासकीय अधिकृत

चम्पादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिका, ओखलढुंगा
स्था : २०७३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/१२/२६)

चम्पादेवी गाउँपालिकाको कार्यालय कालिका ओखलढुंगामा मिति २०८२/१०/२८ गते पहिलो पटक तपसिल बमोजिमका कार्य सम्बन्धी (e–Bid) बोलपत्र मार्फत आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरूमध्ये तपशिलको बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनोट गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :

क्र. सं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मू.अ.कर बाहेक)
१	CDRM/OKH/ NCB/WORKS/ 12/2082/083	NAGARIK AAROGYA KENDRA NIRMAN WADA NO 8	Champadevi Pradika Construction , Champadevi 06, Okhaldhunga	11,01,359.11/-
२	CDRM/OKH/ NCB/WORKS/13/ 2082/083	TASI CHOILING GUMBA WADA 6	Gaiya Devi Construction and Suppliers Pra. Ltd, Likhu-03, Okhaldhunga	7,90,088.50/-

प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य प्रयोगशाला
तामनगर, बुटवल

बोलपत्र स्वीकृत हुने आशयको सूचना।

प्रकाशित मितिः २०८२।१२।२६

यस प्रदेश जनस्वास्थ्य प्रयोगशालाको मिति २०८२।१०।२३ गतेको राष्ट्रिय दैनिक मेचीकाली संदेशमा प्रकाशित विद्युतीय बोलपत्र (दुई खाम विधि) को सूचना तथा मिति २०८२।१२।२५ गतेको मूल्याङ्कन समितिको बैठकबाट निर्णय भए अनुसार निम्न बोलपत्रको न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

निम्न

क्र. सं	बोलपत्र नं	स्लाइस/प्याकेज	बोलपत्र दाताको नाम	कबोल अंक (मू.अ.क. बाहेक)
1.	L/PPHL/NCB/ GOODS-07/ 2082-083, The Procurement of Automated DNA PCR Extraction Kit, PCR Reagents, Consumables & Accessory Items	Automated DNA PCR Extraction Kit /Reagent for Human papilloma Virus(Slice /Package A)	Life Sciences Solutions Pvt. Ltd., Kathmandu	20,64,000.00
		Reagent/Consumables/ Accessory items used in HPV DNA PCR testing (Slice/Package B)	Life Sciences Solutions Pvt. Ltd., Kathmandu	53,43,950.00

कार्यालय प्रमुख

सामाजिक विकृति हटाउने योजना

सङ्क्षिप्त चिनारी

नाम : निनुकुमारी कर्ण
जन्मस्थान : जिल्ला महोत्तरी
जलेश्वर नगरपालिका–४, सुगा
पद : समानुपातिक सांसद
शिक्षा : स्नातकोत्तर
उमेर : ५२ वर्ष
राजनीतिक दल : नेपाली कांग्रेस



हाम्रा विधायक

महेशकुमार दास
जलेश्वर, चैत २५ गते

प्रतिनिधि सभा सदस्य निनुकुमारी कर्णले समाजमा देखिने विकृतिलाई हटाउन प्रयास गर्ने बताउनुभएको छ। मधेशमा अहिले युवामा लागुऔषधको प्रयोग विकृतिको रूप लिइसकेकाले यस समस्यालाई रोक्न हरसम्भव प्रयास गर्ने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "मधेशमा अहिले सानै उमेरका स्कुले बालबालिका लागुऔषध दुर्व्यसनमा लागेको देखेर मन दुख्ने गरेको छ। साना साना बालबालिका लागुऔषध सेवन गरेको देख्दा मन दुख्ने गरेकाले दुर्व्यसनविरुद्ध संसद्मा बुलन्द आवाज उठाउने छु र यसको अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम र युवालाई राम्रो कामका लागि प्रोत्साहन गर्ने सोच रहेको छ।"

सामाजिक सञ्जालको दुरुपयोगबाट हुने बालविवाह र त्यसले निम्त्याउने समस्या न्यूनीकरण गर्न सधैं तत्परताका साथ लाग्ने उहाँले सुनाउनुभयो। स्कुल पढ्दै गरेका बालबालिकाले सामाजिक सञ्जालको दुरुपयोग गरेर सानैमा विवाह गर्ने जस्ता समस्या तराई मधेशमा देखिएको भन्दै प्रतिनिधि सभा सदस्य कर्णले भन्नुभयो, "यसबारेमा मैले बोल्नुपर्ने हुन्छ। काम गरेर समस्या न्यूनीकरणतर्फ लाग्न आवाज उठाउने छु।"

प्रतिनिधि सभा सदस्य कर्णले धेरै काम गर्ने योजना र एजेन्डा रहेको सुनाउँदै अबका दिनमा महिला शारीरिक र मानसिक रूपमा बलियो हुनुपर्नेमा जोड दिनुभयो। प्राप्त अवसरको सही सदुपयोग गर्नुपर्ने वातावरण निर्माण गर्न पनि आफ्नो भूमिका रहने उहाँले बताउनुभयो।

सुशासनको प्रत्याभूति, भ्रष्टाचार नियन्त्रण र सङ्घीयताको रक्षाका लागि आफू सधैं सडक र सदन दुवैमा लड्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। राज्यका हरेक संरचनामा मधेशका दलित, जनजाति र महिलाको जनसङ्ख्याका आधारमा अर्थपूर्ण सहभागिता हुनुपर्ने र अबका दिनमा त्यस्ता विषयलाई सदनमा उठाउने आफ्नो योजना रहेको उहाँले थप्नुभयो।

हामीले सबै समुदायका महिलालाई राजनीतिमा प्राथमिकता दिनु पर्छ। मधेशी महिलाको सहभागिता न्यून देख्दा पनि निकै नरमाइलो लागेकाले अबका दिनमा समान सहभागिता हुनुपर्ने विषयमा आवाज उठाउने उहाँको मनाइ छ भयो।

कर्णको राजनीतिक पृष्ठभूमि धेरै पुरानो रहेको छ। उहाँ महेन्द्रनारायण निधिको नातिनी र विमलेन्द्र निधिको भान्जी भएकाले सानै उमेरदेखि राजनीतिक वातावरणमा हुर्किनुभएको हो। उहाँले राजनीतिप्रति विद्यार्थीकालदेखि नै चासो राख्ने गर्नुहुन्थ्यो।

कार्यालय प्रमुख

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Irrigation and Water Resources Management Project
Harkapur, Okhaldhunga

Invitation for Sealed Quotation (only for e-bids)

First Date of Publication: 2082/12/26 (9th April, 2026)

1. Irrigation and Water Resources Management Project, Harkapur, Okhaldhunga invites electronic sealed quotation under e-procurement system from eligible bidders for river training works of different river mentioned below. For more information, please visit PPMO's website www.bolpatra.gov.np/egp or Project office.

S.N.	Contract Identification No	Estimated Amount (Inclusive VAT and PS) (NRs.)	Bid Security (NRs.)
1	IWRMP-Okhaldhunga/Works/Dudhkoshi/SQ/01/2082/83	16,55,411.63	43,000.00
2	IWRMP-Okhaldhunga/Works/Dudhkoshi/SQ/02/2082/83	16,56,179.86	43,000.00
3	IWRMP-Okhaldhunga/Works/Dudhkoshi/SQ/03/2082/83	19,47,764.42	50,000.00
4	IWRMP-Okhaldhunga/Works/Dudhkoshi/SQ/04/2082/83	19,47,839.32	50,000.00
5	IWRMP-Okhaldhunga/Works/Dudhkoshi/SQ/05/2082/83	16,54,148.72	43,000.00
6	IWRMP-Okhaldhunga/Works/Sunkoshi/SQ/06/2082/83	17,53,149.21	43,000.00
7	IWRMP-Okhaldhunga/Works/Sunkoshi/SQ/07/2082/83	16,54,349.77	43,000.00
8	IWRMP-Okhaldhunga/Works/Sunkoshi/SQ/08/2082/83	17,52,378.83	43,000.00
9	IWRMP-Okhaldhunga/Works/Likhu/SQ/09/2082/83	19,48,517.12	50,000.00
10	IWRMP-Okhaldhunga/Works/Likhu/SQ/10/2082/83	19,40,727.13	50,000.00
11	IWRMP-Okhaldhunga/Works/Likhu/SQ/11/2082/83	19,40,594.81	50,000.00
12	IWRMP-Okhaldhunga/Works/Likhu/SQ/12/2082/83	19,36,230.12	50,000.00
13	IWRMP-Okhaldhunga/Works/Likhu/SQ/13/2082/83	19,45,127.78	50,000.00
14	IWRMP-Okhaldhunga/Works/Likhu/SQ/14/2082/83	16,56,021.82	43,000.00

2. Bid Validity period/Bid Security validity period: 45 Days/75 days from last date of bid submission.
3. Last Date & Time of Bid Submission : 2083/01/11 B.S. (24th April, 2026) till 12:00 Hrs.
4. Bid documents fee: NRs.1000/-

Project Chief

Tilottama Municipality
Office of Municipal Executive
Kunjalapur, Manigram, Rupandehi

Invitation for Only Electronic Bids

Date of Publication: 2082/12/26

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for following Projects.

S. N.	Name of Project	Contract ID.	Estimated Amount (with P.S. & VAT)	Price Of Bid Document NRs.	Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ	Last Date, Time of bid Submission and Opening	Bank A/C Details (For cost of bid Document & Bid Security Amount)
1	Dhakrebas Paryatakiya kshetra Bikas Yojana, Tilottama-11, Rupandehi	SQ/TM/W/ 61/082/83	1,462,922	1,000	35,000	31st day for NCB, 16th day for SQ & 16th day for Re-Bidding from Publication, before 12:00 hrs and 13:00 hrs Respectively	**Name Of Account:-** Tilottama Municipality, Office of Municipal Executive, Manigram,Rupandehi **Account Details.** NIC Asia Bank, Manigram, Rupandehi Rajaswa (Revenue) Khata no:- 1052055499599012, Dharauti Khata no:- A5CA 549959952403 Office Code : 801054802
2	Chautari path Kalopatre, Tilottama-08, Rupandehi	SQ/TM/W/ 62/082/83	1,169,998	1,000	30,000		
3	Nikashi Marga, Semara dada Tharu Gaau Shiv Mandir Road Maintenance Project, Tilottama-06 & 07, Rupandehi	NCB/ TM/W/ 63/082/83	5,872,485	3,000	150,000		
4	Kotihawa Chok Pashchim Jane Sadak Marmat Yojana, Tilottama-15, Rupandehi	NCB/ TM/W/ 64/082/83	2,924,918	3,000	75,000		
5	Media path Sadak Nirman Yojana, Tilottama-02, Rupandehi	NCB/ TM/W/ 65/082/83	2,434,610	3,000	60,000		

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

Chief Administrative Officer

बागमती टेबलटेनिसमा शाक्य

काठमाडौँ (गोरखापत्र), चैत २५ गते। ललितपुरका नदिमरत्न शाक्यको संयोजकत्वमा मङ्गलबार बागमती प्रदेश टेबलटेनिस सङ्घ, तदर्थ समिति गठन गरिएको छ। ललितपुरको एकान्तकुनामा भएको भेलाले शाक्यको संयोजकत्वमा नौ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरिएको अखिल नेपाल टेबलटेनिस सङ्घका अध्यक्ष वृजेन्द्रबहादुर हमालले जनाउनुभयो।

समितिको सहसंयोजकमा काठमाडौँका रक्त मानन्धर र ललितपुरकी रजना जोशी, सचिवमा भक्तपुरका प्रेम खर्बुजा तथा कोषाध्यक्षमा ललितपुरका सुरज वज्राचार्य चयन हुनुभयो । सदस्यमा काभ्रेपलाञ्चोकका विशालविक्रम कायस्थ र दीपकप्रसाद थपलिया, ललितपुरका धनबहादुर महर्जन तथा चितवनका प्राचीन श्रेष्ठ चुनिनुभयो।

नेपालले विश्व जुनियर तेक्वान्दोमा खेल्ने



काठमाडौँ (गोरखापत्र), चैत २५ गते । नेपालले विश्व तेक्वान्दो जुनियर प्रतियोगितामा सहभागिता जनाउने भएको छ। उज्बेकिस्तानमा अप्रिल १२ देखि १७ तारिखसम्म हुने प्रतियोगितामा नेपालबाट दुई खेलाडी र एक प्रशिक्षकसहित तीन जनाको टोली सहभागी हुने छ।

४६ केजीमुनिको तौल समूहमा कृतिका कटवाल र ५९ केजीमुनि तौल समूहमा दिल्लीका भोलनले नेपालको प्रतिनिधित्व गर्नुहुने छ । सो टिममा सन्दीपा अम्गाईं प्रशिक्षकको भूमिकामा रहनुभएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव रामचरित्र मेहताले बुधबार आयोजित बिदाइ कार्यक्रममा जितका लाग शुभकामना दिनुभयो । सो अवसरमा राखेपको कार्यकारी समिति सदस्य भानबहादुर चन्दले पनि खेलाडीको सफलताको कामना गर्नुभएको थियो।

प्रहरीको आधा दर्जन गोल

बागलुङ (गोरखापत्र), चैत २५ गते। गण्डकी प्रदेश प्रहरीले बुधबार नेपाल आर्मीको कालीजङ्ग गणलाई ६–० ले हराएर चौथो गण्डकी प्रदेशस्तरीय 'जेसिज कप' फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ।

प्रहरीले फाइनल प्रवेशका लागि अब मर्दी युनाइटेड र बागलुङ सुधार केन्द्रबिच हुने खेलको विजयी टोलीसँग खेल्ने छ । प्रहरीका लागि नवराज गुरुङले दुई तथा खेमबहादुर थापा, लक्षु थापा, सुशील लामा र केश बरामले एक–एक गोल गर्नुभयो । प्रतियोगिताको विजेता टोलीले दुई लाख रुपियाँसहित ट्रफी, मेडल र प्रमाण पत्र तथा उपविजेताले नगद एक लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्।

सन्दीपको बलिङले बागमतीको सहज जित



गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

कप्तान सन्दीप लामिछानेको घातक बलिङको सहयोगमा बुधबार प्रधानमन्त्री कप राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले कोशी प्रदेशलाई सात विकेटले सजिलै हराएको छ।

जनकपुरस्थित रामजानकी मल्टिपरपोज रङ्गशालामा भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको कोशी प्रदेश २८.२ ओभरमा ९९ रनमा अलआउट भएको थियो। सन्दीपले ७.२ ओभरमा ३३ रन खर्चेर पाँच विकेट लिएपछि कोशीको पालि धराशायी भएको हो । रिजन ढकालले दुई तथा प्रतिश जिसी र ईशान पाण्डेले एक–एक विकेट लिएर सन्दीपलाई बलिङमा उचित साथ दिनुभयो। सन्दीप सात खेलमा २१ विकेट लिएर सर्वाधिक विकेटकर्ताको सूचीमा दोस्रो स्थानमा उक्लनुभएको छ। सो सूचीमा शीर्ष स्थानमा रहेको सुदूरपश्चिमका तेज बलर हेमन्त धामीले सन्दीपले भन्दा एक विकेट बढी लिनुभएको थियो।

कोशीका लागि सर्वाधिक रन बनाउने कप्तान सुजन थपलियाको पालि पनि मात्र २१ रनको थियो। यसै गरी अङ्कित सुवेदीले १९, रोहन शाहले १८ र सिवास बजगाईंले १० रन बनाउनुभयो।

बागमतीले ११.१ ओभरमै तीन विकेटको क्षतिमा १०० रन बनाएर लक्ष्य हासिल गऱ्यो। कोशीले न्यून स्कोर रक्षा गर्ने क्रममा १७ रन बन्दै बागमतीको दुई विकेट निकालेर खेललाई केही क्षण रोमाञ्चक बनाएको थियो। विपिन महतोले शुभ कंसाकारलाई १ र ईशान पाण्डेलाई ० मै आउट गराएर कोशीलाई चाँडै सफलता पनि दिलाउनुभयो तर त्यसपछि विवेक मगरले २८ बलमै १० चौका र दुई छक्कासहितको अविजित ६१ रनको विस्फोटक पालि खेलेर बागमतीलाई चाँडै जित दिलाउनुभयो । बागमतीको पालिमा आउट रिङजिन लामा १७ रनमा आउट हुनुभयो। विवेकसँगै प्रतिश १७ रन बनाएर अविजित रहनुभयो। प्रतिशको पाँच बलको पालिमा एक चौका र दुई छक्का सामेल थियो।

बागमती सात खेलमा तीन जित र चार हारसहित छ अङ्क बनाएर अङ्क तालिकाको सातौँ स्थानमा छ। कोशी अहिलेसम्म सात खेलमा जितविहीन छ। प्रतियोगिताको उद्घाटन दिन मधेश प्रदेशसँगको खेल वर्षाले रद्द भएर एक अङ्क प्राप्त गरेपछि कोशीले लगातार छ खेल हारेको छ।

बुधबारै भएको अर्को खेलमा मधेश प्रदेशले गण्डकी प्रदेशलाई डकवर्थ लुइसको नियम अनुसार १८ रनले हरायो। वर्षाले खेलमा व्यवधान पारेपछि प्रतिपालि ३५ ओभरमा खेल कटौती गरिएको थियो । पहिले ब्याटिङ गरेको मधेशले ३४.५ ओभरमा अलआउट भएर १७२ रन बनायो । गण्डकीले जवाफमा २२ ओभरमा पाँच विकेटको क्षतिमा ८० रन बनाउँदा पुनः पानीले खेल रोकियो । सो समय डकवर्थ लुइसको नियम अनुसार मधेश १८ रनले अगाडि थियो।

गण्डकीका लाग अर्जुन कुमालले अविजित ४९ रन बनाउनुभयो । यस प्रतियोगिताका सर्वाधिक रनकर्ता अर्जुनले सात खेलमा ३९५ रन बनाइसक्नुभएको छ । यसअघि मधेशका लागि मयन यादवले ४३ र विशाल सुस्लिङले ४० रनको महत्त्वपूर्ण पालि खेल्नुभएको थियो। गण्डकीका लागि अपराजित पौडेल र सुभाष भण्डारीले तीन–तीन विकेट लिनुभयो । मधेश नौ अङ्कका साथ तेस्रो स्थानमा छ। यसै गरी गण्डकी पाँच अङ्क बनाएर आठौँ स्थानमा रहेको छ।

च्याम्पियन्स लिग

बायर्न र आर्सनललाई सफलता



तस्बिर : एपी

बायर्न म्युनिखका हेरी केन रियल म्याड्रिडविरुद्ध गोल गरेपछि ।

म्याड्रिड, चैत २५ गते। हेरी केनले एक गोल र एक एसिस्ट गरेपछि बायर्न म्युनिखले मङ्गलबार राति च्याम्पियन्स लिग क्वाटरफाइनलको पहिलो लेगमा रियल म्याड्रिडलाई उसकै मैदानमा २–१ ले स्तब्ध पारेको छ। केन गोलीगाँठाको चोटका कारण एक हप्ता विश्राममा रहेपछि मैदानमा फर्कनुभएको हो। यस सत्रमा केनले च्याम्पियन्स लिगमा ११ गोल गरिसक्नुभएको छ । बायर्नका लागि दोस्रो गोल कोलम्बियाका स्ट्राइकर लुइस डियाजले गर्नुभयो।

जर्मनीको च्याम्पियन क्लबले दुई गोलको अग्रता बनाएपछि रियल म्याड्रिडका लागि किलियन एम्बापेले एक गोल फर्काउनुभयो। बायर्न म्युनिखको जितमा केनसँगै भेटरान गोलरक्षक म्यानुअल नुअर पनि नायक बन्नुभयो । खेलको ६१ औँ मिनेटमा नुअरले भिनिसियस जुनियरलाई वन भर्सेज वनमा निराश पार्नुभएको थियो । नुअरले रियल म्याड्रिका कुल नौ प्रहार जोगाउनुभयो। उहाँ नै प्लेयर अफ दी म्याच चुनिनुभयो।

यस नतिजासँगै अर्को हप्ता जर्मनीमा हुने खेलमा बायर्न म्युनिखले ठुलो फाइदा प्राप्त गरेको छ । बायर्न म्युनिख सन् २०२३–२४ पछि पहिलो पटक च्याम्पियन्स लिगको सेमिफाइनलमा पुग्ने दाउमा छ। सो समय रियल म्याड्रिडले नै बायर्नलाई पराजित गरेको थियो । त्यसपछि रियल म्याड्रिडले उपाधि पनि हात पाऱ्यो रियल म्याड्रिड सर्वाधिक १५ पटक च्याम्पियन्स लिग जित्ने क्लब हो।

रियल म्याड्रिड र बार्यन म्युनिख १४ सत्रमा छैटौँ पटक नकआउटमा आमनासामना भएको हो। जसमध्ये रियल म्याड्रिडले चार पटक बायर्नको यात्रा समाप्त पारेको थियो। यस सत्रमा बायर्नको अपराजित यात्रा १४ खेल पुगेको छ । जसमध्ये बायर्नले १२ खेलमा जित प्राप्त गरेको छ । रियल म्याड्रिड भने स्पेनी लिग अन्तर्गत भएको पछिल्लो खेलमा पनि मायोर्कासँग २–१ ले पराजित भएको थियो।

च्याम्पियन्स लिग अन्तर्गत मङ्गलबार राति नै भएको क्वाटरफाइनलको पहिलो लेगमा आर्सनलले पोर्चुगलको क्लब स्पोर्टिङ लिस्बनमा १–० ले जित प्राप्त गऱ्यो। यस नतिजासँगै आर्सनल लगातार दोस्रो पटक च्याम्पियन्स लिग सेमिफाइनलको नजिक पुगेको छ। इन्जुरी समयमा स्थानापन्न खेलाडी काइ हाभर्टजको गोलले घरेलु टिम हिस्स बनेको थियो । स्पोर्टिङ लिस्बनले घरेलु मैदानमा गत अगस्टपछि पहिलो पटक हार बेहोरेको हो। स्पोर्टिङ लिस्बनले अहिलेसम्म च्याम्पियन्स लिगमा क्वाटरफाइनलमाथिको यात्रा पनि तय गर्न सकेको छैन।

यसै गरी आर्सनलले लगातार दुई हारपछि जितको स्वाद चाखेको हो। यसअघि लिग कपको फाइनलमा म्यान्चेस्टर सिटी र एफए कपको क्वाटरफाइनलमा साउथह्याम्पटनसँग आर्सनल पराजित भएको थियो। एपी

कला/साहित्य

तृप्तिको स्वरमा 'वनको काफल'

काठमाडौँ (गोरखापत्र), चैत २५ गते । गायिका तृप्ति खड्का गुरुङको स्वरमा 'वनको काफल' बोलको गीत सार्वजनिक भएको छ। डा. हरि उप्रेतीले लेख्नुभएको प्रेमिल लोकशैलीको गीतमा भावनात्मक गहिराइ, ग्रामीण परिवेशको सुगन्ध र प्रेमको आत्मीय अनुभूति झल्कन्छ। गायिका खड्कालाई स्वरमा गणेश प्रधानले साथ दिनुभएको छ । गायिका खड्काकै सङ्गीतमा तयार भएको गीत गणेश प्रधानको अफिसियल युट्युब च्यानलबाट सार्वजनिक भएको हो। गीतले साँचो प्रेम भनेको केवल अनुभूति होइन, त्यो जीवन जिउने आधार, सहयात्रा र आत्मिक एकताको रूप हो भन्ने सन्देश दिने गायिका खड्काले बताउनुभयो।

सारेगम स्टुडियो र आर एन्ड बी स्टुडियोमा रेकर्ड भएको गीतको मिक्सिङ, मास्टरिङ नरेश पाण्डेले गर्नुभएको छ भने भिडियोमा विजय गुरुङ र निरुता विष्टको अभिनय रहेको छ। खगेन्द्र गिरीको कोरियोग्राफी रहेको भिडियोमा शृङ्गार कविन खड्काले गर्नुभएको छ। प्रकाश खड्का र समूहको छायाङ्कन एवं मिलन विश्वकर्मा कलर र सम्पादन रहेको गीतको निर्देशन कलाकार गुरुङले गर्नुभएको हो।

दुई पुस्तक बजारमा



कास्की (गोरखापत्र), चैत २५ गते। अधिवक्ता मनोज घर्तीमगरद्वारा लिखित अनुसन्धानमूलक इतिहासका दुई पुस्तक सार्वजनिक भएका छन् । घर्तीका 'मगर जातिको इतिहास' र 'भर्तीको फन्दा' पुस्तकको दोस्रो संस्करण हालै बजारमा आएका छन्।

इतिहास तथा संस्कार र संस्कृति गरी दुई भागमा विभाजित 'मगर जातिको इतिहास' १७६ पृष्ठ लामो छ । पुस्तकमा मगर जातिको परिचय, मगर जातिको प्राचीनता, मगरको उत्पत्ति, कसरी भयो मगर नामकरण, मगरात, मगरको मूल थलो, मगर राज्य र राजाहरू, मगरका थर र उपथर, मगर भाषा, धर्म संस्कार, पूजा संस्कार, कर्म संस्कार, विवाह संस्कार, मगर समुदायका लोकवाजालगायतका विषय समेटिएका छन्।

यसै गरी २०७१ सालमा प्रकाशित 'भर्तीको फन्दा' को परिमार्जित दोस्रो संस्करण पिपलतुङ रिसर्च एन्ड डेभलपमेन्ट हब ललितपुरले प्रकाशन गरेको छ। २६० पृष्ठको 'भर्तीको फन्दा' गोर्खा सैनिकको इतिहाससम्बन्धी पुस्तक हो। "भर्तीको फन्दा केवल गोर्खा भर्तीको इतिहासमा सीमित छैन, यसले नेपाली समाज, खासगरी : मगर, गुरुङ, राई, लिम्बूलगायतका समुदायको जीवन, संस्कार, सङ्घर्ष र मनोविज्ञानलाई गहिरो रूपमा विश्लेषण गरेको छ," प्रकाशन संस्था पिपलतुङ रिसर्च एन्ड डेभलपमेन्ट हबका अध्यक्ष माया रोकामगरले भन्नुभयो।

नयाँ वर्षमा 'पहाड' र 'राम नाम सत्य'





गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

नयाँ वर्ष २०८३ साललाई लक्षित गर्दै दुई चलचित्र 'पहाड' र 'राम नाम सत्य' प्रदर्शन हुने भएका छन्। आगामी चैत २७ गतेदेखि प्रदर्शन हुने चलचित्र 'राम नाम सत्य' मा द्वन्द्वसँगै सामाजिक कथावस्तु रहेको छ।

चलचित्र 'राम नाम सत्य' मार्फत नयाँ अनुहार आयुषसिंह ठकुरी र खुसी कार्कीले अभिनय यात्रा सुरु गर्दै हुनुहुन्छ । चलचित्रमा सुशील श्रेष्ठ, दिव्या रायमाझी, प्रशान्त ताम्राकार, सुपुष्पा भट्ट, सुनील थापा, सुधीर श्रेष्ठलगायतका कलाकारको अभिनय रहेको छ। चलचित्रलाई नृत्य निर्देशक माइकल चन्दले निर्देशन गर्नुभएको छ । सामाजिक सन्देशसँगै पूर्ण मनोरञ्जक बनाउने कोसिसका साथ चलचित्रमा आफूले काम गरेको निर्देशक चन्दले जानकारी दिनुभयो। सामाजिक सन्देशसँगै मनोरञ्जन दिने सम्पूर्ण तत्त्वलाई चलचित्रमा समावेश गरेको निर्देशक चन्दले बताउनुभयो। चलचित्रमा मानकृष्ण महर्जनको छायाङ्कन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, बन्दे प्रसादको सम्पादन र सियोन श्रेष्ठको नृत्य निर्देशन रहेको छ।

यसै गरी निर्देशक तुलसी घिमिरे निर्देशित चलचित्र 'पहाड' आगामी वैशाख १ गते प्रदर्शन हुने भएको छ। युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चलचित्रको कथामा चित्रण गरिएको छ। चलचित्रको कथाले पहाड मात्र नभई समग्र देशकै अवस्थालाई दर्साउँछ।

निर्देशक घिमिरेका अनुसार, "पहाड एकदमै सुन्दर ठाउँ हो तर पछिल्लो समय युवा पलायन भएका छन्, पहाडमा बसोबास गर्ने रोजगारीका लागि बसाइँ सरेका छन्। हेर्दहिँदै पहाड उजाड भैँ देखिन थालेको छ, यही विषयलाई लिएर चलचित्र तयार गरेको छु।" भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको चलचित्रमा विपिन कार्की, सुनील थापा, मदनकृष्ण श्रेष्ठ, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, उमा गिरीलगायतका कलाकारको अभिनय रहेको छ।

निर्देशक घिमिरेको कान्छी छोरी पञ्चमी घिमिरे यसै चलचित्रमार्फत अभिनेतृका रूपमा डेब्यु गर्दै हुनुहुन्छ । चलचित्रमा प्रमोद प्रधानले छायाङ्कन, रञ्जितसिंह गजमेरले सङ्गीत निर्देशन, कुमार महर्जनले द्वन्द्व निर्देशन, शङ्कर कोइराला र भारती घिमिरेले दृश्य सम्पादन गर्नुभएको छ।

अन्तर्राष्ट्रिय वितरण अधिकार घोषणा

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

चलचित्र 'लालीबजार' को सम्पूर्ण प्राविधिक काम सम्पन्न भएको छ। चलचित्र तयार भएसँगै निर्माण कम्पनी षट्कोण आर्ट्सले यसको अन्तर्राष्ट्रिय वितरण अधिकार बिक्री गर्ने घोषणा गरेको छ । चलचित्रमा समावेश गीत 'मायालाई के दिऊँ म बैना' लोकप्रिय भएसँगै विदेश अधिकार खरिदका लागि प्रस्ताव आइरहे पनि निर्माण पक्षले प्राविधिक रूपमा तयार भएपछि चलचित्रको प्रदर्शन अधिकार बिक्री गर्न लागेको हो।

फिल्मका निर्माता म्याक्स दिपेश खत्रीले अब चलचित्रको विदेश प्रदर्शनलाई लक्षित गर्दै वितरण सम्झौतामा अगाडि बढ्ने तयारी भइरहेको जनाएका छन्। उहाँका अनुसार डायस्पोरा अधिकार खरिदका लागि आएका प्रस्तावमा निर्माण समूहमा छलफल गरेर प्रदर्शन अधिकार बिक्री गरिने छ।

चलचित्रमा स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, आशा पौडेललगायतको अभिनय रहेको छ । यसै चलचित्रमार्फत विशाल देवकोटा र प्रशंसा सुवेदीले डेब्यु गर्दै हुनुहुन्छ । निर्देशक यम थापाको कथा तथा निर्देशनमा तयार भएको फिल्म 'लालीबजार' को पटकथा र संवाद निर्देशक थापा र निर्देशक प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गरेका हुन् । फिल्ममा कार्यकारी निर्माता प्रदीप भट्टराई रहेका छन् भने म्याक्स दिपेश खत्री र रवीन्द्रसिंह बानियाँ निर्माता रहेका छन्। चलचित्र आगामी वैशाख १८ गते प्रदर्शन हुने निर्माण पक्षले जनाएको छ।



आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम्।

मेष आफन्तजनबाट लाभ रहने छ । व्यवसायमा सफलता मिल्नुका साथै पारिवारिक सुखका योग देखिन्छन्।

वृष धनको पक्ष केही कमजोर रहन सक्ने छ। मित्रजनबाट भय रहनुका साथै आर्थिक पक्ष कमजोर रहन सक्ने छ।

मिथुन प्रिय लाभ हुने छ । नयाँ कार्य प्राप्तिका साथै सुखद परिभ्रमणका अवसर मिल्ने छन्।

कर्कट वित्तीय लाभका योग देखिन्छन्। काम बन्नुका साथै वैदेशिक क्षेत्र पनि सुखद रहने छ।

सिंह पारिवारिक सुख मिल्ने छ। व्यापारमा वृद्धिका साथै नयाँ कार्यप्रतिको उत्साह बढ्ने छ।

कन्या आर्थिक पक्ष मध्यम फलदायी रहने छ। स्वास्थ्य पनि प्रतिकूल रहन सक्ने भएकाले खानपानमा सजग रहनु लाभप्रद हुने छ।

तुला बौद्धिक कार्यमा रुचि रहने छ। कलात्मक पक्ष उर्वर रहनुका साथै शैक्षिक क्षेत्रबाट पनि लाभ रहने देखिन्छ।

वृश्चिक मित्र सुख मिल्ने छ । कान्ति वृद्धिका साथै जलीय वस्तुबाट लाभ रहने छ।

धनु प्रिय लाभ हुने छ । आर्थिक उन्नतिका साथै सुखद यात्राका योग देखिन्छन्।

मकर प्रेमपक्ष मध्यम फलदायी रहने छ। खर्च वृद्धिका साथै कार्य प्रभावकारितामा कमी रहन सक्ने देखिन्छ।

कुम्भ वित्तीय पक्ष उन्नत रहन सक्ने छ। मित्र सुखका साथै साङ्गीतिक क्षेत्रबाट लाभ रहने छ।

मीन आर्थिक पक्ष मजबुत रहने छ । जलीय वस्तुबाट लाभ रहनुका साथै पारिवारिक सुखका योग देखिन्छन्।

नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८२ साल चैत २६ गते (अप्रिल ९, २०२६) बिहीबारको विनिमय दर

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ	१०० को	रु १६०।००	रु १६०।९५

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
अमेरिकी डलर	१ को रु.	१४७।८४	१४८।४४
युरो	१ को रु.	१७३।०८	१७३।७८
पाउन्ड स्टर्लिङ	१ को रु.	१९९।०९	१९९।९०
स्विस फ्रैङ्क	१ को रु.	१८७।७०	१८८।४६
अस्ट्रेलियन डलर	१ को रु.	१०४।२९	१०४।७२
क्यानेडियन डलर	१ को रु.	१०६।६७	१०७।११
सिङ्गापुर डलर	१ को रु.	११६।१०	११६।५७
जापानी येन	१० को रु.	९।३४	९।३८
चिनियाँ युआन	१ को रु.	२१।६५	२१।७३
साउदी अरब रियाल	१ को रु.	३९।४०	३९।५६
कतारी रियाल	१ को रु.	४०।५५	४०।७१
थाई भाट	१ को रु.	४।६३	४।६५
संयुक्त अरब इमिरेट दिराम	१ को रु.	४०।२५	४०।४२
मलेसियन रिङ्गिट	१ को रु.	३७।१८	३७।३३
दक्षिण कोरियन वन	१०० को रु.	१०।०२	१०।०६
स्विडिस क्रोनर	१ को रु.	१६।०३	१६।१०
डेनिस क्रोनर	१ को रु.	२३।१६	२३।२६
हङ्कङ डलर	१ को रु.	१८।८८	१८।९५
कुवेती दिनार	१ को रु.	४८२।३५	४८४।३१
बहराइन दिनार	१ को रु.	३९१।७३	३९३।३२
ओमानी रियाल	१ को रु.	३८४।००	३८५।५६

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेवसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि अध्यक्ष **गोविन्दप्रसाद (अखण्ड) भण्डारी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। नि. प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

१२५ वर्षमा

राष्ट्रको गौरव

गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com



विराटनगर संस्करण | विवेचना | अर्थतन्त्रमा सङ्कटभित्र अवसर | घट्यो कच्चा तेलको मूल्य २६

वर्ष १२५ | अङ्क ३२९ | २०८२ साल चैत २६ गते बिहीबार | वैशाख कृष्ण सप्तमी | नेपाल संवत् ११४६ चौलागा ७ | 2026 April 9 Thursday | पृष्ठ : १२+४+४+४+४ | मूल्य : दस रुपियाँ

सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिमा विश्वास



तस्विर : प्रम सचिवालय

प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालस्थित विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोग प्रमुखको शिष्टाचार भेटवार्ता ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालको सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिमा विश्वास राख्ने औँल्याउँदै अन्तर्राष्ट्रिय सहयोग र सद्भावको आशा सरकारले राखेको विश्वका कूटनीतिज्ञमाझ प्रस्ट पार्नुभएको छ। सो क्रममा उहाँले विश्वशान्तिको पक्षधर नेपाल रहेकाले सबैको साझा प्रयास शान्ति स्थापनामा हुनुपर्ने बताउनुभयो।

विभिन्न मुलुकका राजदूतसँग हुने एकल शिष्टाचार भेटलाई सद्भाव र सामूहिकतामा बदल्दै प्रधानमन्त्री शाहले बुधबार नेपालस्थित विभिन्न मुलुकका राजदूतसँग सामूहिक संवाद आयोजना गरी नेपालको आवश्यकता र आशाका बारेमा प्रस्ट पार्नुभएको हो। छिमेकी, मित्रराष्ट्र र विकास साझेदारसँग विश्वास, पारस्परिक सम्मान र साझा समृद्धिमा आधारित सम्बन्धलाई अझ प्रगाढ बनाउनु आजको आवश्यकता रहेको उहाँले उल्लेख गर्नुभएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

विश्वका विभिन्न स्थानमा युद्ध र द्वन्द्वको माहोलले विश्वशान्ति खलबलिएको स्मरण गर्दै प्रधानमन्त्री शाहले छलफलका क्रममा शान्ति र सद्भाव सबैको साझा प्राथमिकता हुनुपर्नेमा जोड दिनुभयो। नेपाली श्रमिक तथा विदेशमा रहेका नेपाली समुदायको सुरक्षा र हित सरकारको उच्च प्राथमिकतामा रहेको छलफलका क्रममा अवगत गराउनुभयो। प्रधानमन्त्री शाहको नेतृत्वमा सरकार गठन भएपछि यसरी पहिलो पटक विदेशी कूटनीतिज्ञसँग पहिलो पटक सामूहिक संवादसहित छलफल गर्नुभएको हो। प्रधानमन्त्री शाहले सरकारले सुशासन, आर्थिक विकास र वैदेशिक सम्बन्धलाई सन्तुलित रूपमा अगाडि बढाउने प्रतिबद्धता कूटनीतिज्ञसमक्ष व्यक्त गर्नुभयो। उहाँले नेपालको विकास प्रयासमा अन्तर्राष्ट्रिय समुदायको सहयोग र सद्भाव निरन्तर रहने विश्वास प्रकट गर्नुभएको थियो।

परराष्ट्रमन्त्री शिशिर खनालसमेत उपस्थित रहनुभएको छलफलमा प्रधानमन्त्री शाहले मुलुकको पछिल्लो राजनीतिक अवस्था र सरकारका प्राथमिकताका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई अवगत गराउनुभएको थियो। परराष्ट्र मन्त्रालयका अनुसार सरकारको आगामी कार्यदिशा र प्राथमिकताका विषयमा जानकारी दिने उद्देश्यले यो बैठक आयोजना गरिएको थियो। छलफलका क्रममा सहभागी विभिन्न मुलुकका राजदूतले नयाँ सरकारको कार्ययोजना र प्राथमिकताका विषयमा चासो व्यक्त गर्नुभएको थियो। राजदूत एवं नियोग प्रमुखहरूले प्रधानमन्त्री शाहलाई बधाई दिँदै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। साथै राजदूतहरूले

» बाँकी पृष्ठ २ मा

कूटनीतिक आचारसंहितासम्बन्धी प्रशिक्षण

प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वको सरकारका सबै मन्त्रीलाई परराष्ट्र मन्त्रालयले कूटनीतिक आचारसंहितासम्बन्धी प्रस्तुति प्रदान गरेको छ। विगतमा कूटनीतिक व्यक्तित्वसँग जथाभाबी हुने भेट तथा भ्रमणका कारण कूटनीतिक मर्यादा तथा शिष्टाचार उल्लङ्घनका घटना दोहोरिन नदिने उद्देश्यसहित यस प्रकारको ज्ञान अनुशिक्षण प्रदान गरिएको हो।

परराष्ट्र मन्त्रालयले परराष्ट्र मामिला तथा कूटनीतिक आचारसंहिताका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बुधबार आयोजित प्रस्तुतीकरण कूटनीतिक मर्यादामा रहेर सम्बन्ध प्रगाढ बनाउने ज्ञान प्रदान गरेको हो। सबै मन्त्रीलाई परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले अन्तर्राष्ट्रिय परिवेश, नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय हितको प्रवर्धन, नेपालको समग्र परराष्ट्र नीतिबारे विस्तृत प्रस्तुति दिनुभएको थियो।

सचिव राईले परराष्ट्र नीति सञ्चालन गर्दा अपनाउनुपर्ने विधि, सीमाहरू र कूटनीतिक मर्यादाका सम्बन्धमा सूक्ष्म ढङ्गले जानकारी गराउनुभएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ। नेपालको परराष्ट्र नीतिका प्राथमिकता, सम्बन्धको सन्तुलन र कूटनीतिक आचारसंहिताका प्राविधिक पक्षलाई उहाँले विशेष जोड दिनुभएको थियो। साथै विदेशी पदाधिकारीसँग हुने भेटवार्ताका क्रममा पालना गर्नुपर्ने सामान्य शिष्टाचारदेखि कूटनीतिक आचारसंहिताका अनिवार्य पालनाका विषयमा समेत मन्त्रीहरूलाई अवगत गराइएको थियो।

अन्तर्राष्ट्रिय

अमेरिका र इरानबिच भोलि पाकिस्तानमा वार्ता हुने



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प



पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफ

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

अमेरिका र इरानबिच शुक्रबार पाकिस्तानको राजधानी इस्लामाबादमा वार्ता हुने भएको छ। पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले पश्चिम एसियामा युद्धविरामको घोषणापछि पाकिस्तानले अमेरिका र इरानका प्रतिनिधिमण्डललाई इस्लामाबादमा स्वागत गर्ने बताउनुभएको छ।

उहाँले दुवै देशको नेतृत्वप्रति कृतज्ञता व्यक्त गर्दै विवाद समाधानार्थ निर्णायक वार्ता गर्न आमन्त्रित गर्नुभएको छ। पछिल्लो समयमा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँग घनिष्ठ सम्बन्ध बनाउँदै छिमेकी इरानप्रति संवेदनशील रहेको पाकिस्तान अहिले तेहरान र वासिङ्टनबिच मध्यस्थकर्ताका रूपमा देखा परेको छ। प्रधानमन्त्री सरिफले 'इस्लामाबाद वार्ता' दिगो शान्ति प्राप्त गर्न सफल हुने विश्वास व्यक्त गर्नुभएको छ। तेहरान र वासिङ्टन दुवै राष्ट्रपति ट्रम्पको इरानलाई नष्ट गर्ने समयसीमा समाप्त हुनुभन्दा एक घण्टाअघि मात्र बुधबार बिहान दुई साताको युद्धविरामका लागि सहमति भएका हुन्। पाकिस्तानको मध्यस्थतामा अमेरिका/इजरायल र इरानबिचको ४० दिने युद्ध रोकएको हो।

इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि युद्ध सुरु भएको थियो। इजरायल र अमेरिकाले फेब्रुअरी २८ मा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीसहित ५० भन्दा बढी उच्च नेता र अधिकारीको हत्या गरेका थिए। त्यसलगत्तै तेहरानबाट प्रतिक्रियास्वरूप खाडी राष्ट्रहरू, अमेरिकी सैन्य अखडा र इजरायलमाथि जवाफी आक्रमण सुरु गरेको हो। इरान समर्थित समूह हेजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि द्वन्द्वमा तानिएको थियो।

सरिफले लेबनानसहितका क्षेत्रमा युद्धविराम लागु भएको बताउनुभएको छ। यद्यपि इजरायलले त्यस क्षेत्रमा हेजबुल्लाहविरुद्ध कारबाही गरिरहेको जनाउँदै यस क्षेत्रमा युद्धविराम लागु नभएको जिकिर गरेको छ। टर्की र इजिप्टले पनि हालैका दिनमा मध्यस्थता गर्न मद्दत गरिरहेका थिए भने चीनले इरानलाई वार्ताको टेबलमा ल्याउन मद्दत गरेको ट्रम्पलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ।

दुवैले विजयी भएको दाबी

युद्धविराममा सहमति जनाएपछि अमेरिका र इजरायल दुवैले आफूलाई विजयकर्ता घोषणा गरेका छन्। यस घटनापछि विश्वभरबाट आएका प्रतिक्रियाले पश्चिम एसियामा शान्ति र स्थिरता कायम राख्ने चुनौतीको गम्भीरतालाई उजागर गरेका छन्।

युद्धविरामको स्वागत

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले युद्धविरामको स्वागत गर्दै सबै पक्षलाई दीर्घकालीन शान्तिका लागि काम गर्न आह्वान गर्नुभएको छ। दक्षिण कोरियाले युद्धविरामको स्वागत गर्दै यसले हर्मुज जलमार्ग हुँदै आफ्ना सबै जहाज सुरक्षित मार्गमा ल्याउने विश्वास व्यक्त गरेको छ। अस्ट्रेलियाले युद्धको दीर्घकालीन असरको चेतावनी दिँदै युद्धविराम कायम राख्न र द्वन्द्व समाधानमा ध्यान दिनुपर्ने बताएको छ। न्युजिल्यान्डले युद्धविरामको स्वागत गरे पनि स्थायी शान्ति कायम गर्न अझै महत्त्वपूर्ण काम बाँकी रहेको बताएको छ। जापानले हर्मुज जलमार्गमाफर्त सुरक्षित नेभिगेसन सुनिश्चित गर्न ठोस कदम आवश्यक रहेको बताएको छ।

» बाँकी पृष्ठ २ मा

शासकीय स्वरूप र निर्वाचन प्रणाली संशोधन प्रस्ताव

गोरखापत्र समाचारदाता
ललितपुर, चैत २५ गते

सरकारले संविधान संशोधनका सन्दर्भमा राजनीतिक दलसँगको विमर्श आरम्भ गरेको छ। सरकारले गठन गरेको 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२' ले संविधान कार्यान्वयनको समीक्षा र संशोधनका अन्तरवस्तुका बारेमा छलफल प्रारम्भ गरेको हो।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार असीम शाहको संयोजकत्वमा गठित कार्यदलको पहिलो बैठक प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको छ। बैठकमा २०७२ मा जारी नेपालको संविधान कार्यान्वयनको एक दशकको समीक्षा र संशोधन गर्न आवश्यक देखिएका विषयबारे छलफल भयो। सरकारले चैत १६ गते गठन गरेको कार्यदलको बैठकमा शासकीय स्वरूप कस्तो हुने र निर्वाचन प्रणालीमा गर्नैपर्ने सुधारबारे छलफल सुरु भएको छ। बैठकमा यी दुवै विषयमा संशोधन गर्नुपर्ने प्रस्ताव

» बाँकी पृष्ठ २ मा

अग्रलेख

शान्ति र स्थायित्वका दुई सूचक



संघर्ष र तनाउको परिस्थितिले सिङ्गो विश्वलाई भयग्रस्त अवस्थामा पारेको छ। यसबाट उम्किन अझै केही समय लाग्ने छाँट देखिन्छ। स्पष्टै छ, अमेरिका र इजरायल दुवै इरानलाई ध्वस्त पार्ने नियोगबाट पछि हटेका छैनन्।

● ध्रुवहरि अधिकारी

» विचार पृष्ठ ४

ठेक्का तोडिएका आयोजना पुनः प्रक्रियामा

भउचप्रसाद यादव
काठमाडौँ, चैत २५ गते

ठेक्का तोडिएका आयोजनाको पुनः ठेक्का व्यवस्थापन गर्न आवश्यक प्रक्रिया सुरु गरिएको छ। पुनः ठेक्का व्यवस्थापन गर्न ठेक्का तोडिएका आयोजनामा अहिलेसम्म भएको काम, भएको खर्चको मूल्याङ्कन तथा नयाँ ठेक्का लगाउन स्रोत सुनिश्चितताको आवश्यक प्रक्रिया सुरु गरिएको हो।

त्यसै गरी ठेक्का तोडिएका निर्माण कम्पनीलाई सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइएको हो।

यसअघि तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री र जलस्रोत तथा ऊर्जामन्त्री एवं सहरी विकासमन्त्री कुलमान घिसिङको कार्यकालमा ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि मन्दै तीन वटै मन्त्रालय अन्तर्गतका दर्जनौँ ठेक्का तोडिएको थियो। त्यस बेला भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सडक विभाग अन्तर्गत ९० वटा, जलस्रोत तथा ऊर्जा मन्त्रालय अन्तर्गत २२ वटा र सहरी विकास मन्त्रालयको स्थानीय पूर्वाधार विकास विभाग (डोली) अन्तर्गत चार वटा ठेक्का तोडिएको थियो।

सडक विभागका सूचना अधिकारी शुभञ्जन दाहालले ठेक्का तोडिएका आयोजनाको पुनः ठेक्का व्यवस्थापन गर्न अर्थ मन्त्रालयबाट स्रोत सहमति लिनुपर्ने र स्रोत सहमति भइसकेपछि मात्र ठेक्का लगाउन बोलपत्र आह्वान गर्न सकिने बताउनुभयो। ठेक्का तोडिएका आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाउन पुनः सुरुदेखि नै ठेक्का व्यवस्थापनको काम सुरु गर्नुपर्ने र त्यसका लागि आवश्यक प्रक्रिया सुरु भइसकेको उहाँले जानकारी दिनुभयो। दाहालका अनुसार भौतिक तथा यातायात मन्त्रालय अन्तर्गत तीन अर्ब ५० करोड रुपियाँ बराबरको ठेक्का तोडिएको थियो। ठेक्का तोडिएका आयोजनाको तुरुन्तै ठेक्का लगाउन र तत्कालै निर्माण सुरु हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो। १० लाख रुपियाँभन्दा माथिको ठेक्का भएको अवस्थामा अनिवार्य रूपले बोलपत्र नै आह्वान गर्नुपर्ने भएकाले ठेक्का तोडिएका आयोजनाको तत्काल काम सुरु हुन नसक्ने उहाँको भनाइ थियो।



स्केच : एआई

दाहालले भन्नुभयो, "पुनः ठेक्का लगाउन ठेक्का तोडिएका निर्माण कम्पनीलाई कालो सूचीमा पार्ने प्रक्रिया, ठेक्का तोडिएका आयोजनाको अहिलेसम्म के कति काम भयो ? कति बाँकी छ ? त्यसको मूल्याङ्कनलगायतको काम गरी पुनः ठेक्का प्रक्रिया अगाडि बढिरहेको छ।" उहाँका अनुसार भौतिक तथा यातायात मन्त्रालय अन्तर्गत तीन अर्ब ५० करोड रुपियाँ बराबरको ठेक्का तोडिएको थियो। त्यसै गरी ऐनबमोजिम कार्यसम्पादन जमानतबापतको रकम जफत गरिने, बाँकी काम पूरा गर्न आवश्यक पर्ने रकम सरकारी

» बाँकी पृष्ठ २ मा

आयोजना अलपत्र छाड्दैनौँ : सिँचाइमन्त्री श्रेष्ठ

यसैबिच ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले अब मुलुकभित्रका सिँचाइका आयोजनालाई अलपत्र नछाडिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले सिक्टा, मेरी-बबई, रानी-जमरा-कुलरिया र सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजना जस्ता सिँचाइ आयोजना अब अलपत्र अवस्थामा नछाडिने स्पष्ट पार्नुभयो।

मन्त्री श्रेष्ठले सिँचाइका आयोजनामा देखिएका वास्तविक अवरोधबारे जानकारी दिन सम्बन्धित कर्मचारीलाई आग्रह गर्नुभयो। अवरोध भएका आयोजनाबारे जानकारी प्राप्त भएमा त्यसको समाधान गर्ने उहाँले स्पष्ट पार्नुभयो। उहाँले सिँचाइसम्बन्धी आयोजनामा देखिएका अवरोध अन्त्यका लागि अन्तरमन्त्रालय र निकायबिच समन्वय गर्न आवश्यकतासमेत औँल्याउनुभयो। ७३ औँ सिँचाइ दिवसका अवसरमा बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा उहाँले त्यस्तो बताउनुभएको हो। मन्त्री श्रेष्ठले अबको ९० दिनभित्र सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजना निर्माणका लागि पुनः बोलपत्र प्रक्रिया पूरा गरी ठेक्का व्यवस्थापन गरिने जानकारी दिनुभयो।

यसै गरी अबको दुई वर्षभित्र मेरी-बबई सिँचाइ आयोजनाको काम सम्पन्न गर्ने मन्त्रालयको लक्ष्य रहेको बताउँदै मन्त्री श्रेष्ठले गण्डक, नारायणी, बागमती, सुनसरी-मोरङ जस्ता ठुला सिँचाइ प्रणालीको

» बाँकी पृष्ठ २ मा

सञ्चारमन्त्रीसँग विश्व बैङ्कका प्रतिनिधिद्वारा भेट

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले विश्व बैङ्कका दक्षिण एसिया क्षेत्र अन्तर्गत (माल्दिभ्स, नेपाल र श्रीलङ्का) का निर्देशक डेभिड सिस्लेनसहितको उच्चस्तरीय प्रतिनिधिसँग भेटघाट गर्नुभएको छ। सञ्चारमन्त्रीसँग निर्देशक डेभिडको बुधबार सिंहदरबारमा शिष्टाचार भेटवार्ता सम्पन्न भएको हो।

भेटमा मन्त्री तिमिल्सिनाले विश्व बैङ्कको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै 'नेपाल : डिजिटल ट्रान्सफरमेसन प्रोजेक्ट' कार्यान्वयनमा तीव्रता दिइने बताउनुभयो। साथै नयाँ सरकार

» बाँकी पृष्ठ २ मा

उपसभामुख निर्वाचन भोलि

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

प्रतिनिधि सभाको उपसभामुख चयन चैत २७ गते शुक्रबार हुने भएको छ। उपसभामुख चयन प्रक्रियाको कार्यतालिका सङ्घीय संसद् सचिवालयले बुधबार नै प्रकाशन गरेको छ। प्रतिनिधि सभाका सचिव हर्कराज राईले प्रकाशित गर्नुभएको कार्यतालिका अनुसार उपसभामुख पदको मनोनयन चैत २६ गते हुने छ। एक मात्र मनोनयन दर्ता भएमा उपसभामुख चयन प्रक्रिया निर्विरोध हुने छ। एकभन्दा बढी उम्मेदवारी परेमा निर्वाचन प्रक्रियाबाट उपसभामुख चयनको प्रक्रिया पूरा हुने छ।

सभामुखमा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का डोलप्रसाद अर्याल निर्वाचित भइसक्नुभएको छ। संवैधानिक व्यवस्था अनुसार

» बाँकी पृष्ठ २ मा

१२५ वर्षमा

राष्ट्रको गौरव

गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com



कोहलपुर संस्करण | विवेचना | अर्थतन्त्रमा सङ्कटभित्र अवसर | घट्यो कच्चा तेलको मूल्य २६

वर्ष १२५ | अङ्क ३२९ | २०८२ साल चैत २६ गते बिहीबार | वैशाख कृष्ण सप्तमी | नेपाल संवत् ११४६ चौलागा ७ | 2026 April 9 Thursday | पृष्ठ : १२+४+४+४+४ | मूल्य : दस रुपियाँ

सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिमा विश्वास



तस्विर : प्रम सचिवालय

प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालस्थित विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोग प्रमुखको शिष्टाचार भेटवार्ता ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालको सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिमा विश्वास राख्ने औँल्याउँदै अन्तर्राष्ट्रिय सहयोग र सद्भावको आशा सरकारले राखेको विश्वका कूटनीतिज्ञमाझ प्रस्ट पार्नुभएको छ। सो क्रममा उहाँले विश्वशान्तिको पक्षधर नेपाल रहेकाले सबैको साझा प्रयास शान्ति स्थापनामा हुनुपर्ने बताउनुभयो।

विभिन्न मुलुकका राजदूतसँग हुने एकल शिष्टाचार भेटलाई सद्भाव र सामूहिकतामा बदल्दै प्रधानमन्त्री शाहले बुधबार नेपालस्थित विभिन्न मुलुकका राजदूतसँग सामूहिक संवाद आयोजना गरी नेपालको आवश्यकता र आशाका बारेमा प्रस्ट पार्नुभएको हो। छिमेकी, मित्रराष्ट्र र विकास साझेदारसँग विश्वास, पारस्परिक सम्मान र साझा समृद्धिमा आधारित सम्बन्धलाई अझ प्रगाढ बनाउनु आजको आवश्यकता रहेको उहाँले उल्लेख गर्नुभएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

विश्वका विभिन्न स्थानमा युद्ध र द्वन्द्वको माहोलले विश्वशान्ति खलबलिएको स्मरण गर्दै प्रधानमन्त्री शाहले छलफलका क्रममा शान्ति र सद्भाव सबैको साझा प्राथमिकता हुनुपर्नेमा जोड दिनुभयो। नेपाली श्रमिक तथा विदेशमा रहेका नेपाली समुदायको सुरक्षा र हित सरकारको उच्च प्राथमिकतामा रहेको छलफलका क्रममा अवगत गराउनुभयो। प्रधानमन्त्री शाहको नेतृत्वमा सरकार गठन भएपछि यसरी पहिलो पटक विदेशी कूटनीतिज्ञसँग पहिलो पटक सामूहिक संवादसहित छलफल गर्नुभएको हो। प्रधानमन्त्री शाहले सरकारले सुशासन, आर्थिक विकास र वैदेशिक सम्बन्धलाई सन्तुलित रूपमा अगाडि बढाउने प्रतिबद्धता कूटनीतिज्ञसमक्ष व्यक्त गर्नुभयो। उहाँले नेपालको विकास प्रयासमा अन्तर्राष्ट्रिय समुदायको सहयोग र सद्भाव निरन्तर रहने विश्वास प्रकट गर्नुभएको थियो।

परराष्ट्रमन्त्री शिशिर खनालसमेत उपस्थित रहनुभएको छलफलमा प्रधानमन्त्री शाहले मुलुकको पछिल्लो राजनीतिक अवस्था र सरकारका प्राथमिकताका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई अवगत गराउनुभएको थियो। परराष्ट्र मन्त्रालयका अनुसार सरकारको आगामी कार्यदिशा र प्राथमिकताका विषयमा जानकारी दिने उद्देश्यले यो बैठक आयोजना गरिएको थियो। छलफलका क्रममा सहभागी विभिन्न मुलुकका राजदूतले नयाँ सरकारको कार्ययोजना र प्राथमिकताका विषयमा चासो व्यक्त गर्नुभएको थियो। राजदूत एवं नियोग प्रमुखहरूले प्रधानमन्त्री शाहलाई बधाई दिँदै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। साथै राजदूतहरूले

» बाँकी पृष्ठ २ मा

कूटनीतिक आचारसंहितासम्बन्धी प्रशिक्षण

प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वको सरकारका सबै मन्त्रीलाई परराष्ट्र मन्त्रालयले कूटनीतिक आचारसंहितासम्बन्धी प्रस्तुति प्रदान गरेको छ। विगतमा कूटनीतिक व्यक्तित्वसँग जथाभाबी हुने भेट तथा भ्रमणका कारण कूटनीतिक मर्यादा तथा शिष्टाचार उल्लङ्घनका घटना दोहोरिन नदिने उद्देश्यसहित यस प्रकारको ज्ञान अनुशिक्षण प्रदान गरिएको हो।

परराष्ट्र मन्त्रालयले परराष्ट्र मामिला तथा कूटनीतिक आचारसंहिताका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बुधबार आयोजित प्रस्तुतीकरण कूटनीतिक मर्यादामा रहेर सम्बन्ध प्रगाढ बनाउने ज्ञान प्रदान गरेको हो। सबै मन्त्रीलाई परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले अन्तर्राष्ट्रिय परिवेश, नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय हितको प्रवर्धन, नेपालको समग्र परराष्ट्र नीतिबारे विस्तृत प्रस्तुति दिनुभएको थियो।

सचिव राईले परराष्ट्र नीति सञ्चालन गर्दा अपनाउनुपर्ने विधि, सीमाहरू र कूटनीतिक मर्यादाका सम्बन्धमा सूक्ष्म ढङ्गले जानकारी गराउनुभएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ। नेपालको परराष्ट्र नीतिका प्राथमिकता, सम्बन्धको सन्तुलन र कूटनीतिक आचारसंहिताका प्राविधिक पक्षलाई उहाँले विशेष जोड दिनुभएको थियो। साथै विदेशी पदाधिकारीसँग हुने भेटवार्ताका क्रममा पालना गर्नुपर्ने सामान्य शिष्टाचारदेखि कूटनीतिक आचारसंहिताका अनिवार्य पालनाका विषयमा समेत मन्त्रीहरूलाई अवगत गराइएको थियो।

अन्तर्राष्ट्रिय

अमेरिका र इरानबिच भोलि पाकिस्तानमा वार्ता हुने



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प



पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफ

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

अमेरिका र इरानबिच शुक्रबार पाकिस्तानको राजधानी इस्लामाबादमा वार्ता हुने भएको छ। पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले पश्चिम एसियामा युद्धविरामको घोषणापछि पाकिस्तानले अमेरिका र इरानका प्रतिनिधिमण्डललाई इस्लामाबादमा स्वागत गर्ने बताउनुभएको छ।

उहाँले दुवै देशको नेतृत्वप्रति कृतज्ञता व्यक्त गर्दै विवाद समाधानार्थ निर्णायक वार्ता गर्न आमन्त्रित गर्नुभएको छ। पछिल्लो समयमा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँग घनिष्ठ सम्बन्ध बनाउँदै छिमेकी इरानप्रति संवेदनशील रहेको पाकिस्तान अहिले तेहरान र वासिङ्टनबिच मध्यस्थकर्ताका रूपमा देखा परेको छ। प्रधानमन्त्री सरिफले 'इस्लामाबाद वार्ता' दिगो शान्ति प्राप्त गर्न सफल हुने विश्वास व्यक्त गर्नुभएको छ। तेहरान र वासिङ्टन दुवै राष्ट्रपति ट्रम्पको इरानलाई नष्ट गर्ने समयसीमा समाप्त हुनुभन्दा एक घण्टाअघि मात्र बुधबार बिहान दुई साताको युद्धविरामका लागि सहमति भएका हुन्। पाकिस्तानको मध्यस्थतामा अमेरिका/इजरायल र इरानबिचको ४० दिने युद्ध रोकएको हो।

इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि युद्ध सुरु भएको थियो। इजरायल र अमेरिकाले फेब्रुअरी २८ मा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीसहित ५० भन्दा बढी उच्च नेता र अधिकारीको हत्या गरेका थिए। त्यसलगत्तै तेहरानबाट प्रतिक्रियास्वरूप खाडी राष्ट्रहरू, अमेरिकी सैन्य अखडा र इजरायलमाथि जवाफी आक्रमण सुरु गरेको हो। इरान समर्थित समूह हेजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि द्वन्द्वमा तानिएको थियो।

सरिफले लेबनानसहितका क्षेत्रमा युद्धविराम लागु भएको बताउनुभएको छ। यद्यपि इजरायलले त्यस क्षेत्रमा हेजबुल्लाहविरुद्ध कारबाही गरिरहेको जनाउँदै यस क्षेत्रमा युद्धविराम लागु नभएको जिकिर गरेको छ। टर्की र इजिप्टले पनि हालैका दिनमा मध्यस्थता गर्न मद्दत गरिरहेका थिए भने चीनले इरानलाई वार्ताको टेबलमा ल्याउन मद्दत गरेको ट्रम्पलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ।

दुवैले विजयी भएको दाबी

युद्धविराममा सहमति जनाएपछि अमेरिका र इजरायल दुवैले आफूलाई विजयकर्ता घोषणा गरेका छन्। यस घटनापछि विश्वभरबाट आएका प्रतिक्रियाले पश्चिम एसियामा शान्ति र स्थिरता कायम राख्ने चुनौतीको गम्भीरतालाई उजागर गरेका छन्।

युद्धविरामको स्वागत

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले युद्धविरामको स्वागत गर्दै सबै पक्षलाई दीर्घकालीन शान्तिका लागि काम गर्न आह्वान गर्नुभएको छ। दक्षिण कोरियाले युद्धविरामको स्वागत गर्दै यसले हर्मुज जलमार्ग हुँदै आफ्ना सबै जहाज सुरक्षित मार्गमा ल्याउने विश्वास व्यक्त गरेको छ। अस्ट्रेलियाले युद्धको दीर्घकालीन असरको चेतावनी दिँदै युद्धविराम कायम राख्न र द्वन्द्व समाधानमा ध्यान दिनुपर्ने बताएको छ। न्युजिल्यान्डले युद्धविरामको स्वागत गरे पनि स्थायी शान्ति कायम गर्न अझै महत्त्वपूर्ण काम बाँकी रहेको बताएको छ। जापानले हर्मुज जलमार्गमाफर्त सुरक्षित नेभिगेसन सुनिश्चित गर्न ठोस कदम आवश्यक रहेको बताएको छ।

» बाँकी पृष्ठ २ मा

शासकीय स्वरूप र निर्वाचन प्रणाली संशोधन प्रस्ताव

गोरखापत्र समाचारदाता
ललितपुर, चैत २५ गते

सरकारले संविधान संशोधनका सन्दर्भमा राजनीतिक दलसँगको विमर्श आरम्भ गरेको छ। सरकारले गठन गरेको 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२' ले संविधान कार्यान्वयनको समीक्षा र संशोधनका अन्तरवस्तुका बारेमा छलफल प्रारम्भ गरेको हो।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार असीम शाहको संयोजकत्वमा गठित कार्यदलको पहिलो बैठक प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको छ। बैठकमा २०७२ मा जारी नेपालको संविधान कार्यान्वयनको एक दशकको समीक्षा र संशोधन गर्न आवश्यक देखिएका विषयबारे छलफल भयो। सरकारले चैत १६ गते गठन गरेको कार्यदलको बैठकमा शासकीय स्वरूप कस्तो हुने र निर्वाचन प्रणालीमा गर्नैपर्ने सुधारबारे छलफल सुरु भएको छ। बैठकमा यी दुवै विषयमा संशोधन गर्नुपर्ने प्रस्ताव

» बाँकी पृष्ठ २ मा

अग्रलेख

शान्ति र स्थायित्वका दुई सूचक



संघर्ष र तनाउको परिस्थितिले सिङ्गो विश्वलाई भयग्रस्त अवस्थामा पारेको छ। यसबाट उम्किन अझै केही समय लाग्ने छाँट देखिन्छ। स्पष्टै छ, अमेरिका र इजरायल दुवै इरानलाई ध्वस्त पार्ने नियोगबाट पछि हटेका छैनन्।

● **ध्रुवहरि अधिकारी**

» विचार पृष्ठ ४

ठेक्का तोडिएका आयोजना पुनः प्रक्रियामा

भउचप्रसाद यादव
काठमाडौँ, चैत २५ गते

ठेक्का तोडिएका आयोजनाको पुनः ठेक्का व्यवस्थापन गर्न आवश्यक प्रक्रिया सुरु गरिएको छ। पुनः ठेक्का व्यवस्थापन गर्न ठेक्का तोडिएका आयोजनामा अहिलेसम्म भएको काम, भएको खर्चको मूल्याङ्कन तथा नयाँ ठेक्का लगाउन स्रोत सुनिश्चितताको आवश्यक प्रक्रिया सुरु गरिएको हो।

त्यसै गरी ठेक्का तोडिएका निर्माण कम्पनीलाई सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइएको हो।

यसअघि तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री र जलस्रोत तथा ऊर्जामन्त्री एवं सहरी विकासमन्त्री कुलमान घिसिङको कार्यकालमा ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि मन्दै तीन वटै मन्त्रालय अन्तर्गतका दर्जनौँ ठेक्का तोडिएको थियो। त्यस बेला भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सडक विभाग अन्तर्गत ९० वटा, जलस्रोत तथा ऊर्जा मन्त्रालय अन्तर्गत २२ वटा र सहरी विकास मन्त्रालयको स्थानीय पूर्वाधार विकास विभाग (डोली) अन्तर्गत चार वटा ठेक्का तोडिएको थियो।

सडक विभागका सूचना अधिकारी शुभञ्जन दाहालले ठेक्का तोडिएका आयोजनाको पुनः ठेक्का व्यवस्थापन गर्न अर्थ मन्त्रालयबाट स्रोत सहमति लिनुपर्ने र स्रोत सहमति भइसकेपछि मात्र ठेक्का लगाउन बोलपत्र आह्वान गर्न सकिने बताउनुभयो। ठेक्का तोडिएका आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाउन पुनः सुरुदेखि नै ठेक्का व्यवस्थापनको काम सुरु गर्नुपर्ने र त्यसका लागि आवश्यक प्रक्रिया सुरु भइसकेको उहाँले जानकारी दिनुभयो। दाहालका अनुसार भौतिक तथा यातायात मन्त्रालय अन्तर्गत तीन अर्ब ५० करोड रुपियाँ बराबरको ठेक्का तोडिएको थियो। ठेक्का तोडिएका आयोजनाको तुरुन्तै ठेक्का लगाउन र तत्कालै निर्माण सुरु हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो। १० लाख रुपियाँभन्दा माथिको ठेक्का भएको अवस्थामा अनिवार्य रूपले बोलपत्र नै आह्वान गर्नुपर्ने भएकाले ठेक्का तोडिएका आयोजनाको तत्काल काम सुरु हुन नसक्ने उहाँको भनाइ थियो।



स्केच : एआई

दाहालले भन्नुभयो, "पुनः ठेक्का लगाउन ठेक्का तोडिएका निर्माण कम्पनीलाई कालो सूचीमा पार्ने प्रक्रिया, ठेक्का तोडिएका आयोजनाको अहिलेसम्म के कति काम भयो ? कति बाँकी छ ? त्यसको मूल्याङ्कनलगायतको काम गरी पुनः ठेक्का प्रक्रिया अगाडि बढिरहेको छ।" उहाँका अनुसार भौतिक तथा यातायात मन्त्रालय अन्तर्गत तीन अर्ब ५० करोड रुपियाँ बराबरको ठेक्का तोडिएको थियो। त्यसै गरी ऐनबमोजिम कार्यसम्पादन जमानतबापतको रकम जफत गरिने, बाँकी काम पूरा गर्न आवश्यक पर्ने रकम सरकारी

» बाँकी पृष्ठ २ मा

आयोजना अलपत्र छाड्दैनौँ : सिँचाइमन्त्री श्रेष्ठ

यसैबिच ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले अब मुलुकभित्रका सिँचाइका आयोजनालाई अलपत्र नछाडिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले सिक्टा, मेरी-बबई, रानी-जमरा-कुलरिया र सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजना जस्ता सिँचाइ आयोजना अब अलपत्र अवस्थामा नछाडिने स्पष्ट पार्नुभयो।

मन्त्री श्रेष्ठले सिँचाइका आयोजनामा देखिएका वास्तविक अवरोधबारे जानकारी दिन सम्बन्धित कर्मचारीलाई आग्रह गर्नुभयो। अवरोध भएका आयोजनाबारे जानकारी प्राप्त भएमा त्यसको समाधान गर्ने उहाँले स्पष्ट पार्नुभयो। उहाँले सिँचाइसम्बन्धी आयोजनामा देखिएका अवरोध अन्त्यका लागि अन्तरमन्त्रालय र निकायबिच समन्वय गर्न आवश्यकतासमेत औँल्याउनुभयो। ७३ औँ सिँचाइ दिवसका अवसरमा बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा उहाँले त्यस्तो बताउनुभएको हो। मन्त्री श्रेष्ठले अबको ९० दिनभित्र सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजना निर्माणका लागि पुनः बोलपत्र प्रक्रिया पूरा गरी ठेक्का व्यवस्थापन गरिने जानकारी दिनुभयो।

यसै गरी अबको दुई वर्षभित्र मेरी-बबई सिँचाइ आयोजनाको काम सम्पन्न गर्ने मन्त्रालयको लक्ष्य रहेको बताउँदै मन्त्री श्रेष्ठले गण्डक, नारायणी, बागमती, सुनसरी-मोरङ जस्ता ठुला सिँचाइ प्रणालीको

» बाँकी पृष्ठ २ मा

सञ्चारमन्त्रीसँग विश्व बैङ्कका प्रतिनिधिद्वारा भेट

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले विश्व बैङ्कका दक्षिण एसिया क्षेत्र अन्तर्गत (माल्दिभ्स, नेपाल र श्रीलङ्का) का निर्देशक डेभिड सिस्लेनसहितको उच्चस्तरीय प्रतिनिधिसँग भेटघाट गर्नुभएको छ। सञ्चारमन्त्रीसँग निर्देशक डेभिडको बुधबार सिंहदरबारमा शिष्टाचार भेटवार्ता सम्पन्न भएको हो।

भेटमा मन्त्री तिमिल्सिनाले विश्व बैङ्कको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै 'नेपाल : डिजिटल ट्रान्सफरमेसन प्रोजेक्ट' कार्यान्वयनमा तीव्रता दिइने बताउनुभयो। साथै नयाँ सरकार

» बाँकी पृष्ठ २ मा

उपसभामुख निर्वाचन भोलि

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत २५ गते

प्रतिनिधि सभाको उपसभामुख चयन चैत २७ गते शुक्रबार हुने भएको छ। उपसभामुख चयन प्रक्रियाको कार्यतालिका सङ्घीय संसद् सचिवालयले बुधबार नै प्रकाशन गरेको छ। प्रतिनिधि सभाका सचिव हर्कराज राईले प्रकाशित गर्नुभएको कार्यतालिका अनुसार उपसभामुख पदको मनोनयन चैत २६ गते हुने छ। एक मात्र मनोनयन दर्ता भएमा उपसभामुख चयन प्रक्रिया निर्विरोध हुने छ। एकभन्दा बढी उम्मेदवारी परेमा निर्वाचन प्रक्रियाबाट उपसभामुख चयनको प्रक्रिया पूरा हुने छ।

सभामुखमा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का डोलप्रसाद अर्याल निर्वाचित भइसक्नुभएको छ। संवैधानिक व्यवस्था अनुसार

» बाँकी पृष्ठ २ मा